# गण्डकी प्रदेश

## दिगो विकास लक्ष्यसम्बन्धी
## प्रदेशगत सार्वजनिक खर्चको खोजीनीति सर्वेक्षण, २०७९



प्रदेश नीति तथा योजना आयोग
गण्डकी प्रदेश, पोखरा, नेपाल

# गण्डकी प्रदेश
# दिगो विकास लक्ष्यसम्बन्धी
# प्रदेशगत सार्वजनिक खर्च खोजीनीति सर्वेक्षण, २०७९




प्रदेश नीति तथा योजना आयोग
गण्डकी प्रदेश, पोखरा, नेपाल

# गण्डकी प्रदेश, दिगो विकास लक्ष्यसम्बन्धी
# प्रदेशगत सार्वजनिक खर्च खोजीनीति सर्वेक्षण, २०७९

प्रतिलिपि अधिकार @ प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश, पोखरा नेपाल

फोन (+९७७)-६१-४५२६७२
इमेल: ppcgandaki@gmail.com
वेब: ppc.gabdaki.gov.np

**प्राविधिक सहयोग:** Reorienting Public Finance for SDGs Acceleration and Leveraging Additional Resources in Nepal Project, UN Joint Fund – UNDP/UNCDF/UN Women

मुख्यमन्त्री

गण्डकी प्रदेश सरकार
पोखरा, नेपाल

प.सं.:
च.नं.:



## मन्तब्य

राष्ट्रिय लक्ष्यहरूलाई दिगो विकासका लक्ष्यसँग तादात्म्यता कायम गरी ती लक्ष्यहरु हासिल गर्न सङ्घ, प्रदेश र स्थानीय सरकारको उत्तिकै दायित्व हुन्छ। गण्डकी प्रदेश सरकार आफ्नो अधिकार क्षेत्र र जिम्मेवारीभित्र पर्ने दिगो विकास लक्ष्य (दिविल) हरू पूरा गर्न कटिवद्ध रहेको छ।

गण्डकी प्रदेश सरकारले प्रदेशको आर्थिक तथा सामाजिक रूपान्तरणका आयामहरूलाई समेटी दिगो विकास लक्ष्यका सूचकहरू राखी "दिगो विकास लक्ष्य आधार तथ्याङ्क प्रतिबेदन २०७६" प्रकाशन गरेको छ। प्रदेश सरकारले आंफ्नो पहिलो पञ्चवर्षीय आवधिक विकास योजना तथा मध्यमकालीन खर्च संरचनामा पनि ती लक्ष्यहरूलाई आन्तरिकीकरण गरी प्रभावकारी कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएको छ।

बजेट तर्जुमा गर्दाको समयमा प्रदेशका प्राथमिकतासँग सन्तुलन कायम गरी दिगो विकास लक्ष्यअनुसार साङ्केतीकरण गर्नुपर्ने हुन्छ। यसले दिगो विकास लक्ष्य प्राप्तिमा भएको विनियोजन र खर्चको लेखाङ्कन गराउन सहयोग गर्दछ। प्रदेशमा बजेट साङ्केतीकरणको अभ्यास केही वर्ष अघिदेखि नै हुँदै आएको र दिगो विकास लक्ष्य अनुसार बजेट विनियोजन र खर्चको अवस्थाबारे थप दस्तावेजीकरण गर्ने परिप्रेक्ष्यमा यो अध्ययन महत्त्वपूर्ण हुने देखिन्छ।

यस प्रदेशमा विनियोजित बजेट र खर्चअन्तर्गतका विद्यमान समस्या तथा सोको निवारणका लागि प्राप्त सुझावहरूले यस प्रदेशको बजेट विनियोजनमा सन्तुलन कायम गर्न, बित्तिय हस्तान्तरणमा सहजता प्रदान गर्न तथा खर्चमा मितव्ययिता अपनाउन सहज हुनेछ। यस अध्ययनले आगामी दिनमा दिगो विकास लक्ष्य अनुसार बजेट र खर्चको पूर्ण साङ्केतीकरण गर्ने कार्यलाई समेत थप सहयोग पुग्ने अपेक्षा गरेको छु।

............................ ०७८।११।१५

मुख्यमन्त्री गण्डकी प्रदेश
तथा
अध्यक्ष प्रदेश नीति तथा योजना आयोग

प.सं. ०७९/८०
च.नं.



## प्राक्कथन

गण्डकी प्रदेशले स्थापनाकाल देखि नै समृद्ध प्रदेश र सुखी नागरिक बनाउने महान अभियानमा काम गरिरहेको छ। समृद्ध नेपाल र सुखी नागरिक बनाउने राष्ट्रिय लक्ष्यलाई दिगो विकास लक्ष्यसँग एकिकृत गरी यी लक्ष्यहरु हासिल गर्न सङ्घ, प्रदेश र स्थानीय सरकार बिच समन्वय र सहकार्य आबस्यक हुन्छ। राष्ट्रिय लक्ष्य प्राप्त गर्न प्रदेश तथा स्थानीय सरकारहरुले परिपुरक र समपुरकको भूमिका निर्बाह गर्नु आबश्यक देखिन्छ। गण्डकी प्रदेश सरकार आंफ्नो अधिकार क्षेत्र र जिम्मेवारी भित्र पर्ने दिगो विकास लक्ष्य हरू हांसिल गर्न प्रदेशको आर्थिक तथा सामाजिक रूपान्तरणका आयामहरूलाई समेटी दिगो विकास लक्ष्यका सूचकहरू राखी "दिगो विकास लक्ष्य आधार तथ्याङ्क प्रतिबेदन २०७६" प्रकाशन गरेको छ। प्रदेश सरकारले आंफ्नो पहिलो पञ्चबर्षिय आवधिक विकास योजना तथा मध्यमकालीन खर्च संरचनामा पनि ती लक्ष्यहरूलाई आन्तरिकीकरण गरी प्रभावकारी कार्यान्वियन गर्ने प्रतिबद्धता जनाएको छ।

बजेट तर्जुमा गर्दाको समयमा प्रदेशका प्राथमिकतासँग सन्तुलन कायम हुने गरी दिगो विकास लक्ष्यअनुसार बजेट साङ्केतीकरण गर्दा प्रदेशको बिनियोजन प्राथमिकता प्रष्ट हुन आउछ। यसले दिगो विकास लक्ष्य प्राप्तिमा भएको विनियोजन र खर्चको लेखाङ्कन गराउन पनि सहयोग गर्दछ। प्रदेशमा बजेट साङ्केतीकरणको अभ्यास केही वर्ष अघिदेखि हुँदै आएकोले दिगो विकास लक्ष्य अनुसार बजेट विनियोजन र खर्चको अवस्थाबारे दस्तावेजीकरण गरी पष्ट गर्न यो अध्ययन गरिएको हो। यस प्रतिबेदनमा समेटिएका सुझावहरूले यस प्रदेशको बजेट विनियोजनमा सन्तुलन कायम गर्न, बित्तिय हस्तान्तरणमा सहजता प्रदान गर्न तथा खर्चमा मितव्ययिता अपनाउन र दिगो विकास लक्ष्य कार्यन्वयनको अबस्था बारे जानाकारी हांसिल गर्न सहज हुने अपेक्षा गरेको छु।

यस अध्ययन सम्पन्न गर्न प्रेरणा दिने माननीय मुख्यमन्त्री खगराज अधिकारी, प्रदेश नीति तथा योजना योजना आयोगका माननीय सदस्य द्वय डा. शान्ता कुमारी खत्री र डा. सुबास अधिकारी, मस्यौदा दस्तावेजमा पृष्ठपोषण गर्ने प्रदेश सरकारका सचिबहरु, आयोगका कर्मचारीहरु र यस अध्ययन सम्पन्न गर्न प्राबिधिक सहयोग गर्ने संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम तथा अध्ययन कार्यमा संलग्न नीतिमूलक अनुसन्धान तथा विकास संस्थाप्रति हार्दिक आभार व्यक्त गर्दछु।

..............१५/११/२०७९

डा. गिरिधारी शर्मा पौडेल
उपाध्यक्ष प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश, पोखरा

# विषय-सूची


**अध्याय-१ ............................................................................ १**

**अध्ययनको परिचय ............................................................................ १**

१.१ पृष्ठभूमि.......................................................................................... १

१.२ दिगो विकास लक्ष्यहरूको कार्यान्वयन कार्ययोजना ........................................... २

१.३ सार्वजनिक खर्च खोजीनीति सर्वेक्षणको आवश्यकता र औचित्य................................. ४

१.४ सार्वजनिक खर्च खोजीनीति सर्वेक्षणको उद्देश्य .................................................. ५

१.५ सार्वजनिक खर्च खोजीनीति सर्वेक्षण प्रक्रिया एवम् कार्यविधि ..................................... ६

१.६ वित्तीय एवम सूचना प्रवाहको विद्यमान व्यवस्था.................................................. ९

**अध्याय- २ ............................................................................ १३**

**प्रदेशको समग्र विकासको अवस्था ............................................................ १३**

२.१ पृष्ठभूमि.......................................................................................... १३

२.२ प्रदेशको भौगोलिक अवस्था......................................................................... १४

२.३ प्रदेश अर्थतन्त्रको अवस्था र तुलना................................................................ १४

२.५ पूर्वाधार विकासको अवस्था.......................................................................... २६

२.६ वातावरणीय विकासको अवस्था..................................................................... २७

**अध्याय- ३ ............................................................................ २९**

**दिगो विकास लक्ष्यअनुसार बजेट विनियोजन र खर्चको प्रवृत्ति .................................. २९**

३.१ बजेट विनियोजन तथा खर्चको प्रवृत्ति............................................................. २९

३.२ गण्डकी प्रदेशको बजेट स्रोतको प्रवृत्ति ............................................................ ३०

३.३ दिबिलअनुसार बजेट विनियोजन र खर्चको विद्यमान साङ्केतीकरणको अवस्था ................ ३१

३.४ दिविलअनुसार पूर्ण साङ्केतीकरण गर्दाको बजेट र खर्चको स्थिति ............................ ३३

३.५ दिविलअनुसार खर्च गर्न सक्ने क्षमताको स्थिति.................................................. ३८

**अध्याय-४ ........................................................................ ४१**
**दिगो विकासका लक्ष्यअनुसार खर्चको खोजीनीतिः मामिला अध्ययन (Case Study) ......... ४१**
४ .१ पृष्ठभूमि ........................................................................................४१
४.२ सप्रसङ्ग विश्लेषण ........................................................................................४२
४.३ अध्ययनका उपलब्धि एवम् व्याख्या ........................................................................................४४
४.४ दिविल ८ र ९ माथि बजेट विनियोजन तथा खर्चमा समस्या ...................................४८
४.५ निष्कर्ष ........................................................................................५०

**अध्याय- ५ ........................................................................ ५१**
**बजेट विनियोजन, हस्तान्तरण र खर्चसम्बन्धी समस्या र समाधान .............................. ५१**
५.१ अध्याय- ५ बजेट विनियोजन, हस्तान्तरण र खर्चसम्बन्धी समस्या र समाधान ............५१

**अध्याय-६ ........................................................................ ५५**
**दिगो विकास लक्ष्यका सूचकहरूको प्रगति ................................................. ५५**
६.१ सरकारी खर्चले दिविलमा ल्याएको परिवर्तन ........................................................५५

**अध्याय- ७ ........................................................................ ६१**
**निष्कर्ष तथा सुझाव ........................................................................ ६१**
७.१ निष्कर्ष ........................................................................................६१

# तालिका सूची

तालिका १: दिगो विकास सूचक सङ्ख्या ........ ३
तालिका २: सर्वेक्षणका लागि छनोट गरिएका मन्त्रालय/कार्यालय/पालिकाहरू र क्रियाकलाप........ ८
तालिका ३: गण्डकी प्रदेशका अन्य आर्थिक तथा वित्तीय परिसूचकहरूको तुलनात्मक स्थिति........ १९
तालिका ४: गण्डकी प्रदेश सरकारको कुलखर्च र पुँजीगत खर्चको अन्य प्रदेश सँगको तुलना........ २०
तालिका ५: गण्डकी प्रदेशको सञ्चित कोषको तुलनात्मक अवस्था
(आर्थिक वर्ष २०७७/७८, रू. करोडमा)........ २१
तालिका ६: उद्योगमा लगानी र रोजगारीको तुलनात्मक स्थिति........ २२
तालिका ७: गण्डकी प्रदेशको तहगत विद्यालय विद्यार्थी, विद्यार्थी र
शिक्षक अनुपातको तुलनात्मक स्थिति........ २४
तालिका ८: गण्डकी प्रदेशको प्रमुख स्वास्थ्य सूचकको तुलनात्मक स्थिति (प्रतिशतमा)........ २५
तालिका ९: गण्डकी प्रदेशमा लैङ्गिक तथा मानव विकासको तुलनात्मक अवस्था........ २६
तालिका १०: गण्डकी प्रदेशको सडक सञ्जालका परिसूचकको अवस्था
र अन्य प्रदेशसँगको तुलना........ २७
तालिका ११: गण्डकी प्रदेशको ऊर्जासम्बन्धी परिसूचकको अवस्था र अन्य प्रदेशसँगको तुलना........ २७
तालिका १२: गण्डकी प्रदेशको वनक्षेत्रका परिसूचकको अवस्था र अन्य प्रदेशसँगको तुलना........ २८
तालिका १३: कुल विनियोजित बजेट र खर्चको अवस्था........ ३०
तालिका १४: गण्डकी प्रदेश बजेटको स्रोत विवरण (रू लाखमा)........ ३०
तालिकाः१५ दिबिलअनुसार बजेट विनियोजन र खर्चको विद्यमान अवस्था........ ३२
तालिका १६: बजेटको पूर्ण साङ्केतीकरण गर्दाको अवस्था........ ३६
तालिका १७: कूल बजेटर कुल खर्चमा विनियोजित बजेट र खर्चको प्रतिशत........ ३७
तालिका १८: विनियोजित बजेटको तुलनामा खर्चको स्थिति........ ३९
तालिका १९: गण्डकी प्रदेशमा सरकारी खर्चले दिविलमा ल्याएको परिवर्तनको सारांश........ ५५

# चित्र सूची

चित्रः १ स्रोत प्रवाहको खोजीनीति का अवयवहरू........ १०
चित्र : २ अवधारणात्मक रूपरेखा........ ११
चित्रः ३ कुल गार्हस्थ्य उत्पादनमा गण्डकी प्रदेशको योगदान र अन्य प्रदेशसँगको तुलना (प्रतिशतमा). १५
चित्रः ४ गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर र अन्य प्रदेशसँगको तुलना (प्रतिशत).... १६
चित्रः ५ गण्डकी प्रदेशको कुलगार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान, २०७८-७९ (प्रतिशत)........ १७
चित्रः ६ कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान, २०७८-७९(प्रतिशत)........ १८
चित्रः ७ प्रदेश सरकारको पुँजीगत खर्चको प्रवृत्ति (२०७५-७६ देखि २०७७-७८)........ २०

**अध्याय-१**

# अध्ययनको परिचय

## १.१ पृष्ठभूमि

सन् २०१५ को सेप्टेम्बरमा अमेरिकाको न्यूयोर्क शहरमा विश्वका १९३ देशका सरकार प्रमुख तथा राष्ट्रप्रमुखहरूले भाग लिएको संयुक्त राष्ट्रसङ्घको महासभाले सन् २०१६ देखि २०३० सम्म विश्वव्यापी रूपमा रहेका आर्थिक, सामाजिक तथा वातावरणीय क्षेत्रका समस्याहरूको दिगो समाधान गरी विश्वलाई रूपान्तरण गर्दै विकासका हरेक क्षेत्रमा कसैलाई पनि पछाडि नछोड्ने प्रतिबद्धताका साथ दिगो विकास लक्ष्य घोषणा गरेको थियो। यसै सन्दर्भमा विश्वव्यापीरूपमा दिगो विकास लक्ष्य सम्बन्धमा विभिन्न रणनीति तथा प्रतिवेदनहरू तयार भएका छन् ।

दिगो विकास लक्ष्यहरुलाई आन्तरिकरण गर्ने क्रममा नेपालले सन् २०१६मा दिगो विकास लक्ष्यको प्रारम्भिक राष्ट्रिय प्रतिवेदन तयार गरेको र उक्त प्रतिवेदनलाई अद्यावधिक गरी सन् २०१८ मा "नेपालमा दिगो विकास लक्ष्यको वर्तमान अवस्था र भावी कार्ययोजनाः २०१६-३०" प्रकाशन गरेको थियो । नेपालका सन्दर्भमा दिगो विकास लक्ष्य (दिविल) ले मुलुकमा समृद्धिको सिर्जना, न्यायमुखी वितरण र दिगोपनालाई मूल प्रवाहीकरण गरी समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय लक्ष्य हासिल गराउने मुख्य उद्देश्य लिएको छ। दिगो विकास लक्ष्यका पाँच स्तम्भहरू मानव, समृद्धि, शान्ति, पृथ्वी र साझेदारी जस्ता विषयमा सहकार्य र समन्वयात्मक विकास गर्ने कुरालाई अगाडि सारेको छ। नेपालले योजनाबद्ध विकासमार्फत आयवृद्धि, गुणस्तरीय मानव पुँजी निर्माण र आर्थिक तथा सामाजिक जोखिमहरूको न्यूनीकरण गरी वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्ने सोंचसहित उच्च मध्यम आयस्तर भएको मुलुकमा पुग्ने र वि.सं. २१०० सम्म समुन्नत मुलुकको स्तरमा पुग्ने लक्ष्य तय गरेको छ। यसका लागि सङ्घीय संरचना अनुरूप तहगत रूपमा स्रोत साधन तथा रकम विनियोजित गरी दिगो विकासको कार्यान्वयन गर्ने नीति अवलम्बन गरेको छ। गण्डकी प्रदेश सरकारका विभिन्न तह र निकायहरूले कार्यान्वनमा ल्याएका आवधिक, मध्यमकालीन तथा वार्षिक विकास कार्यक्रमा विनियोजन गरेको बजेट तथा ती कार्यक्रमहरुमा भएको खर्च र यसबाट दिगो विकासका सूचकहरूमा आएको परिवर्तनको लेखाजोखा गर्न खोजीनीति सर्वेक्षण (Tracking Survey) गरी यस सर्वेक्षणबाट प्राप्त नतिजालाई विश्लेषण गरीयो अध्ययन प्रतिवेदन तयार गरिएको हो।

## १.२ दिगो विकास लक्ष्यहरूको कार्यान्वयन कार्ययोजना

नेपालले दिगो विकास लक्ष्य कार्यान्वयनको मार्गचित्र २०१६-२०३० निर्धारण गरी कार्यान्वयन गरिरहेको छ। साथै दिविलका सूचकहरूको आधाररेखा निर्धारण गरी आवधिक लक्ष्यसमेत निर्धारण गरेको छ। दिगो विकास लक्ष्यहरूमा भएको परिवर्तनको प्रगति अनुगमन समेत गर्दै आएको छ। यसका लागि विश्वव्यापी सूचकहरूका अतिरिक्त नेपालको सन्दर्भलाई समेट्न सक्ने गरी केही सूचकहरू समेत थप गरिएको छ। सङ्घीयताअनुरूप दिगो विकास लक्ष्यहरूलाई सङ्घ, प्रदेश र स्थानीय तहको योजना र बजेट प्रक्रियामा समावेश गरी आन्तरिकीकरण गरिएको छ। वित्तीय स्रोतको अनुमान तथा आवश्यकताको आकलन, लागत अनुमान र वित्तीय रणनीति तयार गरी तथा स्रोतको परिचालन गरी कार्यान्वयनमा ल्याएको छ। सङ्घ र प्रदेशका अनुगमन र मूल्याङ्कन दिग्दर्शनमा दिविलका लक्ष्यहरूलाई समेत समावेश गरी दिविलको प्रगति मापनको संस्थागत व्यवस्था गरिएको छ। यसका अतिरिक्त गण्डकी प्रदेशले मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयनमा ल्याउनुका साथै आगामी ३ वर्षको बजेट प्रक्षेपणसमेत गरेको छ। साथै दिविललाई आन्तरिकीकरण गर्न सहज बनाउने ध्येयले दिविल साङ्केतीकरणको कामसमेत प्रारम्भ गरेको छ ।

सङ्घीय र प्रदेश योजनाहरूले दिगो विकास लक्ष्यलाई आत्मसात् गरेका छन् ।त्यसै गरी गण्डकी प्रदेशका गौरवका आयोजना, वार्षिक बजेट तथा कार्यक्रम तथा विकास प्रयासहरूले दिविलका लक्ष्यलाई आत्मसात् गरेको पाइन्छ।संयुक्त राष्ट्रसङ्घले दिविलको कार्यसूचीअन्तर्गत १७ वटा लक्ष्यहरू, १६९ परिमाणात्मक लक्ष्यहरू र २३७ (दोहोरिएका समेत) वटा विश्वब्यापी सूचकहरू निर्धारण गरेकोमा नेपालले देशको वस्तुगत यथार्थतालाई समेट्ने गरी लक्ष्य १४ का सूचकबाहेक अन्य अन्तर्राष्ट्रिय सूचकका अतिरिक्त २५७ वटा सूचकहरू थप गरी ४९४ सूचकहरू निर्धारण गरेको छ। गण्डकी प्रदेशले पनि उपलब्ध तथ्याङ्कको आधारमा दिगो विकास सम्बन्धी आधाररेखा प्रतिवेदन तयार गरी केही लक्ष्यहरूमा आवधिक सूचक निर्धारण गरी दिविललाई आत्मसात् गरेको देखिन्छ। यस अध्ययनमा गण्डकी प्रदेशको विगत तीन आ.व.मा दिविलको अवस्थामा सकारात्मक परिवर्तनका लागि गरिएको बजेट तथा खर्चको खोजीनीति सर्वेक्षण गरिएको छ।

### तालिका १: दिगो विकास सूचक सङ्ख्या

| लक्ष्य | दिगो विकास लक्ष्य | सूचक सङ्ख्या | | | |
|---|---|---|---|---|---|
| | | परिमाणात्मक लक्ष्य | विश्वव्यापी | नेपालका थप | कुल |
| १ | हरेक क्षेत्रमा रहेका सबै स्वरूपका गरिबीको अन्त्य गर्ने | ७ | १३ | १७ | ३० |
| २ | भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने | ८ | १४ | १८ | ३२ |
| ३ | सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने | १३ | २८ | ३२ | ६० |
| ४ | समावेशी तथा गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने | १० | १२ | ३२ | ४४ |
| ५ | लैङ्गिक समानता कायम गर्ने र सबै महिला र किशोरीलाई सशक्त बनाउने | ९ | १४ | २२ | ३६ |
| ६ | सबैको निम्ति खानेपानी र सरसफाइको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने | ८ | ११ | १४ | २५ |
| ७ | भरपर्दो, दिगो र आधुनिक ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने | ५ | ६ | ९ | १५ |
| ८ | स्थिर, समावेशी र दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने | १२ | १६ | १४ | ३० |
| ९ | उत्थानशील पूर्वाधार निर्माण गर्ने/समावेशी तथा दिगो औद्योगीकीकरणको प्रवर्द्धन गर्ने र नवप्रवर्तन तर्फप्ररित गर्ने | ८ | १२ | ८ | २० |
| १० | देशभित्र तथा देशहरूबीचका असमानता हटाउने | १० | १४ | १३ | २७ |
| ११ | शहरहरू र मानव बस्तीहरूलाई समावेशी, सुरक्षित, समानुकूलित, उत्थानशील र दिगो वनाउने | १० | १४ | १६ | ३० |

| लक्ष्य | दिगो विकास लक्ष्य | सूचक सङ्ख्या | | | |
|---|---|---|---|---|---|
| | | परिमाणात्मक लक्ष्य | विश्वव्यापी | नेपालका थप | कुल |
| १२ | दिगो उपभोग र उत्पादन ढाँचा सुनिश्चित गर्ने | ११ | १३ | १४ | २७ |
| १३ | जलवायु परिवर्तन र यसका असरहरूसँग जुध्न कार्य अघि बढाउने | ५ | ८ | १६ | २४ |
| १४ | दिगो विकासका निम्ति महासागर, समुद्र र सामुद्रिक स्रोत संरक्षण गर्ने र दिगो रूपमा प्रयोग गर्ने | १० | ० | ० | ० |
| १५ | पृथ्वीको भूपरिधिस्तरीय पारिस्थितिक प्रणालीहरूको दिगो उपयोग, रक्षा र पुनर्स्थापन गर्ने, वनजङ्गलको दिगो रूपमा व्यवस्थापन गर्ने, वनजङ्गलको विनाशलाई रोक्ने, जमिनको क्षयीकरण रोक्नुका साथै यसलाई उल्ट्याउने र जैविक विविधताको ह्रासलाई रोक्ने | १२ | १४ | १७ | ३१ |
| १६ | दिगो विकासका निम्ति शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, न्यायमा सबैको पहुँच स्थापित गर्ने र सबै तहहरूमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाहरू निर्माण गर्ने | १२ | २४ | ७ | ३१ |
| १७ | दिगो विकासका लागि कार्यान्वयनका उपायहरूलाई सुदृढ गर्ने र अन्तरराष्ट्रिय साझेदारीलाई पुनः जीवन्त तुल्याउने | १९ | २४ | ८ | ३२ |
| जम्मा | | १६९ | २३७ | २५७ | ४९४ |

*Source: National Planning Commission, 2020*

## १.३ सार्वजनिक खर्च खोजीनीति सर्वेक्षणको आवश्यकता र औचित्य

सार्वजनिक खर्च खोजीनीति सर्वेक्षणले लक्षित वर्गका लागि छुट्याएको सरकारी बजेट, त्यसमा भएको खर्च प्रक्रिया र त्यसबाट लक्षित समुदायको जीवनस्तरमा परेको प्रभावको विश्लेषण गर्ने औजारको कार्य गर्दछ। यसलाई लक्षित वर्गका लागि प्रवाहित बजेट र खर्चबीचको अनुपात मापन गर्ने वित्तीय प्रवाहको लेखापरीक्षण भनेर पनि बुझिन्छ। यसले सार्वजनिक खर्चको खोजीनीति गरी तहगत निकायहरूले गरेको खर्चको प्रवृत्तिसँग प्रत्यक्ष सम्बन्ध राख्दछ। यसले दिगो विकास लक्ष्यका सन्दर्भमा सार्वजनिक वित्तीय व्यवस्थापन तथा सरकारी बजेटको उद्देश्यअनुरूप कुन स्तरसम्म खर्च

गरी विकासका काम सम्पन्न भए र लाभग्राहीका आवश्यकता परिपूर्ति हुन सके भन्ने यथार्थपरक जानकारीसमेत प्रदान गर्दछ।

यो सार्वजनिक खर्च खोजीनीति सर्वेक्षणले वर्तमान सरकारी वित्तीय र प्रशासनिक प्रक्रियाअनुरूप रकम प्रवाहको अवस्था पहिचान गर्ने, लक्षित सेवाग्राहीले विनियोजित रकमबाट प्राप्त फाइदाको अनुमान गर्ने, वर्तमान सङ्घीय स्वरूपअनुसार प्राप्त रकमको खर्चमा राजनीतिक तथा संस्थागत समस्याहरू पहिचान गर्ने र सरकारी खर्च मापदण्डअनुसार खर्च भए-नभएको बारे विश्लेषण गर्ने प्रयास गरेको छ। यसका अतिरिक्त यसले सङ्घीय सरकारी संरचनामा प्रदेशदेखि स्थानीय तहसम्मको सार्वजनिक खर्चको तहगत रूपमा खोजीनीति गर्दै लक्षित उपलब्धि समेतको अवस्थालाई समेट्ने हुँदा यसलाई सामाजिक लेखापरीक्षण पनि भन्ने गरिन्छ। यसकारण नेपालको सङ्घीय संरचनामा दिगो विकासको लक्ष्य प्राप्तिका लागि भएको यथार्थ खर्च र यसबाट भएको उपलब्धि दस्तावेजीकरण गरी सोका आधारमा आगामी वर्षहरूमा दिविल हासिल गर्नका लागि चाहिने उपयुक्त सुझावसहितको प्रदेशस्तरको यो सार्वजनिक खर्च खोजीनीति सर्वेक्षण निकै महत्त्वपूर्ण रहेको छ।

नेपालको सङ्घीय बजेटमा आर्थिक वर्ष २०७३/७४ देखि नै दिगो विकास लक्ष्यको विनियोजन र विनियोजित रकमको खण्डीकृत तथ्याङ्क समेत प्रतिविम्बित हुने गरी साङ्केतीकरण गरिएको छ । प्रदेशहरूले प्रथम आवधिक योजनादेखि नै विकास लक्ष्यका सूचकहरू निर्माण गरी प्रादेशिक योजना तर्जुमालाई दिगो विकास लक्ष्यसँग एकीकृत गरी त्यसको प्रगति मापनको संस्थागत व्यवस्था समेत गरेका छन्। यसकारण प्रदेश सरकारको संरचनामा दिगो विकासको लक्ष्य प्राप्तिका लागि भएको यथार्थ खर्च र यसबाट भएको उपलब्धि दस्तावेजीकरण गरी सोका आधारमा आगामी वर्षहरूमा सबै लक्ष्य हासिल गर्नको लागि चाहिने उपयुक्त सुझाव सहितको प्रदेशस्तरको यस सार्वजनिक खर्च खोजीनीति सर्वेक्षण प्रतिवेदन निकै महत्त्वपूर्ण रहेको छ।

## १.४ सार्वजनिक खर्च खोजीनीति सर्वेक्षणको उद्देश्य

यस सार्वजनिक खर्च खोजीनीति सर्वेक्षण सम्बन्धी अध्ययनको मुख्य उद्देश्य आर्थिक वर्ष २०७६/७७ देखि २०७८/७९ सम्मको दिगो विकास लक्ष्य प्राप्तिका लागि गण्डकी प्रदेश सरकारले गरेको स्रोत विनियोजन तथा खर्चको ढाँचा पत्ता लगाउनु रहेको छ।

सोबमोजिम यसका विशेष उद्देश्यहरू निम्नानुसार रहेका छन् :

१. गण्डकी प्रदेशमा दिविलका निम्ति भएको स्रोत विनियोजन तथा खर्चको ढाँचाको मूल्याङ्कन गर्ने,
२. दिविल कार्यान्वयनका लागि भएको स्रोत विनियोजन, हस्तान्तरण तथा खर्चसँग सम्बन्धित समस्याहरूको पहिचान गर्ने,
३. सार्वजनिक खर्चको प्रभावस्वरूप दिविलका आधार सूचकहरूमा आएको परिवर्तनको मूल्याङ्कन गर्ने।

## १.५ सार्वजनिक खर्च खोजीनीति सर्वेक्षण प्रक्रिया एवम् कार्यविधि

यस सर्वेक्षणमा प्रदेशस्तरको र प्रदेश सरकारले स्थानीय तहलाई हस्तान्तरण गरेको बजेट विनियोजन र खर्चलाई खोजीनीति गर्दै प्राथमिक र द्वितियक दुवै थरीका तथ्याङ्क सङ्कलन गरी गुणात्मक र परिमाणात्मक दुवै किसिमले विश्लेषण गरिएको छ। गण्डकी प्रदेश र यसअन्तर्गतका स्थानीय तहका प्रकाशित र अप्रकाशित सूचना तथा जानकारीमूलक सामग्रीहरू तथा प्रदेशको वेबसाइटमा उपलब्ध सान्दर्भिक दस्ताबेजरूको अध्ययन तथा विश्लेषण गरी आवश्यकताअनुसार दिविल साङ्केतीकरण नगरिएका कार्यक्रम तथा क्रियाकलापहरूको साङ्केतीकरण समेत गरी विश्लेषण गरिएको छ। तथ्याङ्क सङ्कलन गर्नका लागि डेस्क पुनरावलोकन, मुख्य जानिफकार व्यक्तिसँगको अन्तरवार्ता र समूह केन्द्रित छलफल विधिको प्रयोग गरिएको थियो। प्राप्त तथ्याङ्कलाई एक्सेलमा राखी परिमाणात्मक तथ्याङ्कबाट आएका नतिजालाई सम्बन्धित गुणात्मक सूचनासँग त्रिभुजीकरण (Triangulation) गरी निष्कर्ष निकालिएको छ। यस सर्वेक्षणका विभिन्न क्रियाकलापहरूको कार्यविधि तल उल्लेख भएबमोजिम रहेको छ। यस अध्ययनमा अपनाइएका प्रक्रियाहरू निम्नानुसार रहेका छन्:

### (क) तथ्याङ्कको स्रोत पहिचान

पहिलो चरणमा गण्डकी प्रदेशमा आर्थिक वर्ष २०७६/७७ देखि आर्थिक वर्ष २०७८/७९ सम्मको बजेट विनियोजन, हस्तान्तरण, आन्तरिक स्रोत तथा खर्चलाई सिलसिलाबद्ध रूपमा अध्ययन गरियो। यसक्रममा सङ्घीय सरकारको बजेट महालेखा कार्यालयको प्रतिवेदन, प्रदेश लेखा नियन्त्रक कार्यालयका प्रकाशित र अप्रकाशित प्रतिवेदनहरू सम्बन्धित प्रदेशका योजनासम्बन्धी दस्तावेजहरू, मध्यमकालीन खर्च संरचना, वार्षिक बजेट, वार्षिक प्रगति प्रतिवेदन र वार्षिक कार्ययोजनाहरूको अध्ययन गरिएको थियो।

### (ख) तथ्याङ्क सङ्कलन

यस सर्वेक्षणमा गुणात्मक र परिमाणात्मक तथ्य समेटिने गरी प्राथमिक र द्वितीयक दुवै थरीका तथ्याङ्क सङ्कलन गरिएको थियो । गुणात्मक विश्लेषणका लागि आवश्यक पर्ने तथ्याङ्क र सूचना सङ्कलनका लागि १२जना मुख्य जानिफकार व्यक्तिसँगको अन्तर्वार्ता र ३ वटा समूह केन्द्रित छलफल सम्पन्न गरिएको थियो। मुख्य जानिफकार व्यक्तिसँगको अन्तर्वार्ता र समूह केन्द्रित छलफलका लागि छुट्टाछुट्टै चेकलिस्ट र प्रश्नावली तयार गरी त्यसमा आधारित रही प्रदेश र स्थानीय तहका सम्बन्धित कार्यालय तथा विज्ञहरूबाट तथ्याङ्क र सूचना सङ्कलन गरिएको थियो (चेकलिस्ट र प्रश्नावली अनुसूची १ मा राखिएको छ)। यसका अतिरिक्त दिविल ८ र ९ लाई लिएर एउटा मामिला अध्ययनसमेत सम्पन्न गरिएको छ। सङ्घीय तहमा प्रयोग गरिएका SDG बजेट कोड तथा प्रदेशका लागि तय गरिएका SDG Coding स्रोत पुस्तिकालाई आधार मानी प्रदेश र स्थानीय तहको समेत बजेटमा भएको वित्तीय प्रवाहलाई छुट्याई अध्ययन तथा विश्लेषण गरिएको छ। अध्ययनलाई

सिलसिलाबद्ध तरिकाले सम्पन्न गर्नका लागि प्रथम चरणमा डेस्क पुनरावलोकन गरी आएका तथ्यका आधारमा अन्य आवश्यक तथ्याङ्क सङ्कलन गर्नका लागि निम्न प्रक्रिया अवलम्बन गरिएको थियोः

### (ग) डेस्क पुनरावलोकन

यस विधिलाई विशेषतः यस अध्ययनका पहिलो उद्देश्य परिपूर्तिका लागि प्रयोग गरिएको थियो जसअनुसार सङ्घीय निकाय तथा गण्डकी प्रदेश र यसअन्तर्गतका स्थानीय तहहरूले वेबसाइटमार्फत उपलब्ध गराएका सम्पूर्ण गुणात्मक र परिमाणात्मक सूचना तथा तथ्याङ्क समेटिने गरी द्वितियक तथ्याङ्क सङ्कलन तथा अध्ययन गरिएको थियो। यस क्रममा अध्ययनको क्षेत्र समेट्ने गरी आर्थिक वर्ष २०७६/७७ देखि २०७८/७९ सम्मको प्रदेशको बजेट विनियोजन, हस्तान्तरण, आन्तरिक स्रोत तथा खर्चलाई सिलसिलाबद्ध गरी त्यसको तथ्याङ्क एकत्रित गरियो। यस क्रममा केन्द्रबाट भएको बजेट विनियोजन, सम्बन्धित प्रदेशको मध्यमकालीन खर्च संरचना, बजेट र वार्षिक कार्ययोजना समेतको अध्ययन गरियो।

अध्ययनको दोस्रो र तेस्रो उद्देश्य तथा मामिला अध्ययन समेतका लागि आवश्यक चेकलिस्ट तयारीको आधार तय गर्न सहयोगी हुनेगरी पुनरावलोकन कार्य सम्पन्न गरियो। अध्ययनको कार्यक्षेत्र र प्रवृत्तिअनुरूप प्रदेश नीति तथा योजना आयोग, युएनडीपी तथा अध्ययन टिमका विज्ञहरूको सामूहिक छलफल तथा प्रदेशका मन्त्रालयहरूबाट प्राप्त सुझावअनुसार प्रदेशभित्रका स्थानीय स्तरबाट समेत तोकिएका स्थानीय तहको तथ्याङ्क सङ्कलनका लागि दोस्रो चरणको कार्य प्रारम्भ गरिएको थियो।

### (घ) **स्थलगत सर्वेक्षण**

यस विधिलाई विशेषतः यस अध्ययनको दोस्रो र तेस्रो उद्देश्य पूरा गर्नुका साथै मामिला अध्ययन समेतका लागि प्रयोग गरिएको छ।स्थलगत सर्वेक्षणका क्रममा प्रदेश स्तरमा प्रदेश नीति तथा योजना आयोगको परामर्श तथा सहयोगमा सम्बन्धित सरोकारवालाहरूसँग सम्पर्क स्थापित गरी प्रमुख जानिफकार व्यक्तिहरूसँग अन्तरवार्ता र लाभग्राहीहरूसँग समूह केन्द्रित छलफल सम्पन्न गरिएको थियो । स्थलगत सर्वेक्षणको काम २०७९/७/१६ बाट प्रारम्भ गरी २०७९/७ /२९ गते सम्पन्न गरिएको थियो ।

### (ङ) मामिला अध्ययन (Case Study)

गण्डकी प्रदेशमा दिविलमा आधारित सार्वजनिक खर्च खोजीनीति सर्वेक्षणअन्तर्गत मामिला अध्ययन गर्न दिविल ८ र दिविल ९ छनोट गरिएको छ। प्रदेशस्तरमा सरकारी कार्यालयहरूको वर्गीकरण दिविलअनुसार नगरिएकोले गण्डकी प्रदेश नीति तथा योजना आयोगका पदाधिकारीहरू समेतको सरसल्लाहमा यस अध्ययन प्रयोजनका लागि दिविलका विषयसँग मिल्दोजुल्दो कार्यक्षेत्र भएका

मन्त्रालय तथा सम्बन्धित महाशाखा तथा शाखाहरू, अन्तर्गतका कार्यालयहरू र कोष तथा लेखा नियन्त्रण कार्यालय, पोखरा महानगरपालिका तह, छानिएका तीनवटा गाउँपालिकाहरूमा दिविलसँग मिल्दोजुल्दो काम गर्ने विज्ञ कर्मचारीहरूसँग मुख्य जानिफकार अन्तरवार्ता लिइएको र छानिएका गाउँपालिकामा सेवाग्राहीहरूसँग समूह छलफल गरी दिविललाई सरकारी कार्यक्रममा आन्तरिकीकरण गरिएको अवस्था, दिविलका लागि गरिएको बजेट विनियोजन, खर्च र यससँग सम्बन्धित विभिन्न समस्याहरू, चुनौतीहरू र समाधानका उपायहरूका बारेमा छलफल गरी छलफलबाट निस्केका कुराहरूलाई यस अध्ययन प्रतिवेदनमा समेटिएको छ ।

मामिला अध्ययनभित्र परेका दिविल ८ र दिविल ९ अन्तर्गत प्रदेशस्तरबाट भएको बजेट विनियोजनपश्चात् प्रदेशस्तरका सम्पूर्ण खर्च इकाईहरूको खर्च खोजीनीति सम्पन्न गरियो र प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण भएको बजेट खर्चको खोजीनीति सोही स्थानीय तहमा कार्यान्वय भएका कार्यक्रमहरूको आधारमा मामिला अध्ययन गरियो। यस अध्ययनमा ३ वटा समूह छलफल र १२ जना मुख्य जानिफकार व्यक्तिहरूसँगका अन्तरवार्ता आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको थियो। गण्डकी प्रदेशमा प्रदेशस्तर लगायत स्थानीय तहमा सर्वेक्षणका लागि छनोट गरिएका मन्त्रालय/कार्यालय तथा स्थानीय इकाईहरूको विवरणतलको तालिका २ मा प्रस्तुत गरिएको छ :

### तालिका २: सर्वेक्षणका लागि छनोट गरिएका प्रदेशस्तरीय मन्त्रालय/कार्यालय/स्थानीय तहहरू र क्रियाकलाप

| मन्त्रालय/कार्यालय | क्षेत्र | दिविल | क्रियाकलाप |
|---|---|---|---|
| पर्यटन, उद्योग , वाणिज्य तथा आपूर्ति मन्त्रालय | पर्यटन तथा उद्योग | ८ | मुख्य जानिफकार व्यक्तिसँगको अन्तरवार्ता |
| शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय | श्रम तथा रोजगारी र नव प्रवर्तन | ८ र ९ | मुख्य जानिफकार व्यक्तिसँगको अन्तरवार्ता |
| भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय | भौतिक पूर्वाधार | ९ | मुख्य जानिफकार व्यक्तिसँगको अन्तरवार्ता |
| भौतिक पूर्वाधार कार्यालय कास्की | भौतिक पूर्वाधार | ९ | मुख्य जानिफकार व्यक्तिसँगको अन्तरवार्ता |
| पोखरा महानगरपालिका | पर्यटन, उद्योग र भौतिक पूर्वाधार | ८ र ९ | मुख्य जानिफकार व्यक्तिसँगको अन्तरवार्ता |
| अन्नपूर्ण गाउँपालिका, फेदीखोला गाउँपालिका र घिरिङ गाउँपालिका | पर्यटन, उद्योग र भौतिक पूर्वाधार | ८ र ९ | मुख्य जानिफकार व्यक्तिसँगको अन्तरवार्ता र समूह छलफल |
| आर्थिक मामिला मन्त्रालय | दिविल र बजेट सम्बन्धी | | मुख्य जानिफकार व्यक्तिसँगको अन्तरवार्ता |

| मन्त्रालय/कार्यालय | क्षेत्र | दिविल | क्रियाकलाप |
| --- | --- | --- | --- |
| प्रदेश नीति तथा योजना आयोग | योजना र कार्यक्रम | | मुख्य जानिफकार व्यक्तिसँगको अन्तरवार्ता |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | बजेट निकासा र खर्च | | मुख्य जानिफकार व्यक्तिसँगको अन्तरवार्ता |

मामिला अध्ययन गर्नका लागि प्रदेश तथा स्थानीय तहले विगत चार आर्थिक वर्षमा विशेष महत्त्व दिएर सञ्चालनमा ल्याएका दिगो विकास लक्ष्य ८ सँग सम्बन्धित मर्यादित काम र आर्थिक वृद्धि तथा दिगो विकास लक्ष्य ९ सँग सम्बन्धित उद्योग, नवप्रवर्तन र पूर्वाधार विकास (समानुकूलित/ उत्थानशील पूर्वाधारहरू निर्माण, समावेशी र दिगो औद्योगिकीकरणको प्रवर्द्धन र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने) समेटिने गरी बहुवर्षीय र सालबसाली कार्यक्रमलाई आधार मानी सोको विस्तृत अध्ययन तथा विश्लेषण गरिएको छ ।

### (च) तथ्याङ्क विश्लेषण

परिमाणात्मक तथ्याङ्कका लागि पहिले Excel मा प्रविष्टि गरी आवश्यक विश्लेषण विधिअनुरूप तीनै उद्देश्य पूरा हुनेगरी सिलसिलाबद्ध तरिकाले अध्ययनको परिणाम व्यवस्थित गरिएको छ भने गुणात्मक विश्लेषणका लागि सङ्कलित तथ्याङ्क तथा जानकारीलाई परिमाणात्मक तथ्याङ्कसँग मिलाउँदै अध्ययनको प्रथम, द्वितीय र तृतीय उद्देश्यअनुरूपका परिणाम स्पष्ट हुने गरी व्यवस्थित गरिएको छ। त्यस्तै मामिला अध्ययनको लागि पनि सोही तरिका लागु गरिएको छ।

### (छ) तथ्याङ्कको गुणस्तरीयता कायम


तथ्याङ्कको गुणस्तरलाई कायम गर्नका निमित्त दुई स्थानीय व्यक्तिलाई सो काममा संलग्न गरी सम्बन्धित विषयका दुई विज्ञद्वारा दोहोरो परीक्षण गरी सरोकारवालाको रोहवरमा तथ्याङ्कको प्रमाणीकरण गरिएको छ।

## १.६ वित्तीय एवम सूचना प्रवाहको विद्यमान व्यवस्था

### १.६.१ स्रोत प्रवाहको चित्रणः

प्रदेश स्तरबाट बजेट विनियोजनपश्चात् सो रकमको अन्तिम खर्च गर्ने एकाईसम्मको स्रोत प्रवाहको अध्ययन गरियो। तलको चित्रले दिविलका निम्ति सरकारी पद्धतिअनुरूप माथिबाट खर्च एकाईसम्म स्रोत परिचालन तथा प्रवाह हुने प्रक्रियालाई स्पष्ट पारेको छ ।


चित्रः १ स्रोत प्रवाहको खोजीनीतिका अवयव




## १.६.२ अवधारणात्मक रूपरेखा

सङ्घीयता कार्यान्वयनमा आएपछि नेपालमा वित्तीय स्रोत प्रवाहको संरचनामा उल्लेख्य परिवर्तन भएको छ जसअनुरूप सङ्घले प्रदेश र स्थानीय तहलाई चारवटा शीर्षकमा अनुदान दिने र प्रदेशले पनि स्थानीय तहलाई सो अनुरूप नै अनुदानहरू दिने गरी व्यवस्था गरिएको छ। सङ्घ, प्रदेश र स्थानीय सरकारका केही साझा आयका स्रोतहरू पनि रहेका छन्। खासगरी प्रदेशले सङ्घबाट वित्तीय समानीकरण अनुदान, ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान प्राप्त गरी आफ्नो आन्तरिक आयसमेत प्रदेशको सञ्चित कोषमा राख्दछ। सो रकम प्रदेश सरकारअन्तर्गतका सम्पूर्ण निकाय र प्रदेशभित्रका सबै स्थानीय तहहरूलाई सूत्रका आधारमा बजेट तय गरी क्षेत्राधिकारभित्र रही विनियोजन गर्दछ (चित्रः २)।

## चित्र : २ अवधारणात्मक रूपरेखा




### १.६.३ अध्ययनको सीमा

प्रदेशस्तरमा सरकारी कार्यालयहरूको वर्गीकरण दिविलअनुसार नगरिएकाले यस अध्ययन प्रयोजनका लागि दिविलका विषयसँग मिल्दोजुल्दो कार्यक्षेत्र भएका मन्त्रालय तथा सरकारी निकायमा विनियोजित रकम र त्यसमा भएको खर्चलाई आधार मानी यो अध्ययन गरिएको छ। मामिला अध्ययनका क्रममा मुख्य जानिफकार व्यक्तिहरूसँगको अन्तरवार्ता र समूह केन्द्रित छलफलमा आएका धारणा र अनुभूतिहरूलाई पनि प्रतिवेदनमा स्थान दिइएको हुनाले कतिपय कुराहरू वस्तुपरक नहुन पनि सक्छन्।

प्रदेशमा अझै पनि पूर्णरूपमा आवश्यक कानुनहरू बनी नसकेको, आवश्यक कर्मचारीहरू अझै पूर्ण नभएको, तथ्याङ्कहरू अझै व्यवस्थित रूपमा राख्न नसकेको र समग्रमा प्रदेशले संस्थागत स्वरूप पूर्ण

रूपमा ग्रहण गरी नसकेकाले प्रदेशबाट प्राप्त हुने तथ्याङ्क तथा सूचानहरूमा एकरूपता नभएको र गुणस्तरमा पनि फरक हुन सक्ने देखिन्छ।सीमित समयको कारण सर्वेक्षणलाई अझ सूक्ष्म रूपले अध्ययन र विश्लेषण गर्न सकिएन। अध्ययनको सिलसिलामा सूचना केन्द्रीय तत्त्व हो। प्रदेश सरकार स्थापना भएको धेरै वर्ष नभएकोले एकीकृत सूचना बैङ्कको अभाव भएको हुँदा पर्याप्त सूचना प्राप्त हुन कठिन रह्यो। चुनावको कारण प्रदेश तथा स्थानीय कर्मचारीहरूको उपलब्धता पनि सीमितता रह्यो। पर्याप्त सूचनाको अभावमा यस प्रदेशको समष्टिगत आर्थिक क्षेत्रका कतिपय महत्त्वपूर्ण सूचकहरू र तिनको वर्तमान अवस्था प्राप्त गर्न नसक्दा अध्ययनको सङ्ख्यात्मक तथा गुणात्मक पाटालाई समेटेर विश्लेषण गर्ने कार्य पूर्ण रूपमा सम्पन्न गर्न कठिनाइ रह्यो।

अध्याय -२

# प्रदेशको समग्र विकासको अवस्था

## २.१ पृष्ठभूमि

गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले पर्यटन, कृषि, ऊर्जा, उद्योग, पूर्वाधार मानव संसाधन र सुशासनलाई समृद्धिका सात संवाहक मानेको छ। त्यसका लागि कृषिलाई आधुनिकीकरण र बजारीकरण गर्नेतर्फ ध्यान दिइएको छ भने पर्यटन विकासका लागि पर्यटन गन्तव्य र पूर्वाधारहरूको विकास, विविधीकरण र प्रवर्द्धनलाई प्राथमिकता दिइएको छ। साथै गुणस्तरीय पूर्वाधारको उपलब्धता र कार्यकुशलतामा वृद्धि गरी उच्च आर्थिक वृद्धिदर हासिल गर्ने रणनीति लिइएको देखिन्छ ।प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले "समृद्ध प्रदेश र सुखी नागरिक"को सोच अघि सारेको छ। साथै, प्रदेशले दिगो विकास लक्ष्यका आफ्ना प्राथमिकता निर्धारण गरेर काम गरेको देखिन्छ। प्रदेशका सोच तथा दृष्टिकोणहरू मूलतः नेपालको संविधान, पन्ध्रौं पञ्च वर्षीय योजना, दिगो विकास लक्ष्य र प्रदेशवासीको विकासको चाहना तथा राजनीतिक दलहरूको विकासप्रतिको प्रतिबद्धता र प्रदेश सभाको चाहनाबमोजिम तय भएको देखिन्छ।

गण्डकी प्रदेश सरकारले दिविलका लक्ष्यहरूलाई आफ्ना नीति, योजना तथा वार्षिक कार्यक्रमहरूमा समेटी उद्योगलाई समृद्धिको एक महत्त्वपूर्ण संवाहकको रूपमा बढाएको छ। दिगो विकास लक्ष्य ८ ले स्थिर, समावेशी दिगो आर्थिक वृद्धि र सबैका लागि उत्पादनशील रोजगारी प्रवर्द्धन गर्ने कुरा अघि बढाएको छ भने लक्ष्य ९ ले दिगो औद्योगीकरणको प्रवर्द्धन र नव प्रवर्तनलाई प्रोत्साहन गर्ने कुरामा जोड दिएको छ। यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन र रोजगारीका क्षेत्रमा उद्योग क्षेत्रको योगदान न्यून रहेकोमा यो लक्ष्य प्राप्तिका लागि प्रदेश सरकारले विभिन्न कार्यक्रमहरू अघि बढाएको छ। उद्योग स्थापना र सञ्चालनका लागि चाहिने यातायात, सञ्चार, विद्युत्, जग्गा जस्ता आधारभूत पूर्वाधारको अपर्याप्तता यस प्रदेशमा औद्योगिक विकासको वाटोमा प्रमुख अवरोधका रूपमा देखिएका छन्। प्रदेश पञ्चबर्षीय योजनाले सबै सुविधाहरू एकै स्थानमा उपलब्ध गराउन प्रदेशमा सुविधा सम्पन्न प्रादेशिक औद्योगिक क्षेत्रको स्थापना गर्ने रणनीति अङ्गीकार गरिएको छ। यसका लागि पोखराको भोटे पोखरी, गोरखाको पालुङ्टार, तनहुँको शुक्लागण्डकी नगरपालिका र सुस्तापूर्व नवलपरासीको लोकाहा खोलामा प्रदेश औद्योगिक क्षेत्र स्थापना र सञ्चालन गर्ने कार्य नीति अघि सारेको छ । यसका साथै लघु तथा घरेलु उद्योगको विकास, लगानी प्रवर्द्धन, आयात प्रतिस्थापन गर्ने रणनीति योजनाले अघि सारेको छ। यसका लागि प्रदेश सरकारले रूपान्तरणकारी प्रदेश गौरव आयोजनाहरू कार्यान्वयनमा ल्याएको छ।

## २.२ प्रदेशको भौगोलिक अवस्था


गण्डकी  प्रदेश ११ वटा जिल्ला (कास्की, लमजुङ, पर्वत, म्याग्दी, मुस्ताङ, तनहु, बाग्लुङ, गोर्खा, स्याङ्जा, मनाङ र नवलपरासीपूर्व) लाई समेटेर बनाइएको छ ।यस प्रदेशले नेपालको कुल भूभागको १४.७ प्रतिशत क्षेत्रफल (२१९७४ वर्ग कि.मि.) ओगटेको छ। गण्डकी प्रदेशअन्तर्गत एक महानगरपालिका, २६ नगरपालिका र ५८ गाउँपालिका गरी जम्मा ८५ वटा स्थानीय तह रहेका छन् । उक्त स्थानीय तहहरूमा जम्मा ७५९ वडा रहेका छन्।वि.स.२०७८मा सम्पन्न  जनगणनाको प्रारम्भिक नतिजाअनुसार यस प्रदेशमा जम्मा २४,७९,७४५ जनसङ्ख्या रहेको छ। यो नेपालको कुल जनसङ्ख्याको ८.४९ प्रतिशत रहेको छ। तराईको समथर भू-भागदेखि माछापुच्छ्रे र धौलागिरि हिमाललगायत उच्च हिमश्रृङ्खलाहरू समेत यस प्रदेशमा रहेकाले यहाँ विविध प्रकारको हावापानी पाइन्छ।

## २.३ प्रदेश अर्थतन्त्रको अवस्था र तुलना

### २.३.१ कुल गार्हस्थ्य उत्पादनको अवस्था र आर्थिक वृद्धिदर

नेपालको समग्र कुल गार्हस्थ्य उत्पादनमा गण्डकी प्रदेशको योगदान आर्थिक वर्ष २०७५/७६ देखि २०७८/७९ सम्ममा प्रचलित मूल्यमा ८.८ प्रतिशतबाट सामान्य बढेर ८.९ प्रतिशत पुगेको छ। प्रदेशको यस अवस्थालाई अन्य प्रदेशसँग तुलना गर्दा यो योगदान न्यूनताको हिसाबमा तेस्रो स्थानमा रहेको देखिन्छ। अधिकांश भूभाग पहाडी र हिमाली क्षेत्र हुनु र उत्पादनका दृष्टिले उत्पादनशील भूभाग कम भएकाले यस प्रदेशको औसत योगदान न्यून रहेको पाइन्छ। मनाङ, मुस्ताङ, गोर्खा, म्याग्दी बाग्लुङ र पर्वत लगायतका क्षेत्रहरूमा हुने आर्थिक क्रियाकलाप निर्वाहमुखी खेती र पशुपालनमा केन्द्रित र परम्परागत भएकोले यस प्रदेशको विद्यमान आर्थिक अवस्थामा सुधार ल्याउन लगानी वृद्धि गरी उत्पादनमूलक आर्थिक क्रियाकलापहरु बढाउनुपर्ने देखिन्छ।


**चित्रः ३ कुल गार्हस्थ्य उत्पादनमा गण्डकी प्रदेशको योगदान र अन्य प्रदेशसँगको तुलना (प्रतिशतमा)**




*स्रोतःकेन्द्रीय तथ्याङ्क विभाग, २०७८/७९ * अनुमानित*

यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर २०७५/७६ मा केही उच्च (६.९३ प्रतिशत) रहेकोमा त्यस पछिका आर्थिक वर्षहरूमा कोभिड महामारी लगायतका विभिन्न कारणले २०७६/७७ मा नकारात्मक रही बाँकी दुई आर्थिक वर्षमा सुधारोन्मुख रहेको देखिन्छ। तुलनात्मक रूपमा कोभिड महामारीपछि भने यस प्रदेशको आर्थिक वृद्धिदर अन्य प्रदेशको हाराहारीमा नै रहेको देखिन्छ।

### चित्रः ४ गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर र अन्य प्रदेशसँगको तुलना (प्रतिशत)




*स्रोतःकेन्द्रीय तथ्याङ्क विभाग, २०७८/७९  * अनुमानित*

आर्थिक सर्वेक्षण २०७८/७९ अनुसार यस प्रदेशको आर्थिक वृद्धिदर ६.२ प्रतिशत रहने अनुमान छ, जुन राष्ट्रिय औसत (५.८४ प्रतिशत) भन्दा केही बढी हो । यस प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १४३७ अमेरिकी डलर रहेको छ, जुन राष्ट्रिय औसत (१३७२ अमेरिकी डलर) भन्दा केही बढी रहेको छ।

गण्डकी प्रदेशको २०७८-७९ मा कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान नियालेर हेर्दा शिक्षा १०.५ प्रतिशत, सामान्य प्रशासन र रक्षाको १०.५ प्रतिशत योगदान रहेको देखिन्छ । थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत, निर्माणको ९.४ प्रतिशत योगदान रहेको देखिन्छ।


**चित्रः ५ गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान, २०७८-७९ (प्रतिशत)**




*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०७८*

त्यसैगरी गण्डकी प्रदेशमा सेवा क्षेत्रको ५५.६० प्रतिशत र कृषि क्षेत्रको २६.८० प्रतिशत योगदान रहेको छ । कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान सवैभन्दा बढी छ (तालिका ३) । सेवा क्षेत्रअन्तर्गत होटेल तथा रेस्टुरेन्ट, व्यापार र सेवाहरू समावेश छन्। क्षेत्रगत संरचनामा व्यापार र सेवा पनि उच्च रहेको तथ्यबाट स्पष्ट हुन्छ। गण्डकी प्रदेशले आर्थिक सिँढीमाथि उक्लने लक्ष्य राखेकाले सूचना प्रविधि जस्ता उच्च मूल्य अभिवृद्धि हुने सेवा क्षेत्रमा प्रदेश सरकारको ध्यान केन्द्रित हुनुपर्छ ।

चित्रः ६ कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान, २०७८-७९(प्रतिशत)




*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग,२०७८*

यस प्रदेशले आर्थिक वर्ष २०७८/७९मा प्रचलित मूल्यका आधारमा  नेपालको कुल गार्हस्थ्य उत्पादनमा ८.९ प्रतिशत योगदान पुऱ्याएको छ । उपभोक्ता मूल्यका आधारमा यस प्रदेशको आर्थिक वृद्धिदर ६.२ प्रतिशत रहेको छ भने प्रतिव्यक्ति कुल राष्ट्रिय ग्राहस्थ उत्पादन अमेरिकी डलरमा १,४३७ रहेको छ । पछिल्लो तथ्याङ्कअनुसार सात प्रदेशमध्ये गण्डकी प्रदेश उच्च आर्थिक वृद्धिदर भएको दोस्रो प्रदेश रहेको देखिन्छ ।

## २.३.२ राजस्व तथा वित्तीय क्षेत्र

गण्डकी प्रदेशमा बैङ्क तथा वित्तीय संस्थाका शाखा सङ्ख्या १४०५ वटा रहेका छन् त्यो  कुल शाखा सङ्ख्याको १२.३८ प्रतिशत हो । प्रतिशाखा जनसङ्ख्याका हिसाबमा हेर्दा राष्ट्रिय औसत भन्दा र अन्य सबै प्रदेशको भन्दा कम रहेको छ । त्यस्तै विमाको शाखा सङ्ख्या ३२१ पुगेको छ जुन कर्णाली र सुदूरपश्चिममा भन्दा धेरै र अन्य प्रदेश भन्दा कम हो।

प्रदेशगत राजस्वको हिसाबमा यस प्रदेशले आर्थिक वर्ष २०७७/७८ मा मात्र रु ९.७३ अर्ब सङ्कलन गरेको थियो। यो देशको कुल राजस्वको ११.०६ प्रतिशत हो। प्रदेशगत रूपमा राजस्व सङ्कलनको अवस्थामा गण्डकी प्रदेशको स्थिति पाचौं स्थानमा रहेको छ । बजेटको तुलनामा राजस्व जम्मा १७

प्रतिशत रहेको छ। सोही वर्षको विनियोजित बजेटसँग तुलना गर्दा राजस्वको हिस्सा २७.९३ प्रतिशत रहेको छ। खर्चको अवस्थालाई विश्लेषण गर्दा सात प्रदेशको कुल खर्चमा गण्डकी प्रदेशको खर्च १३.५७ प्रतिशत रहेको छ। खर्च गर्ने क्षमताका हिसाबमा गण्डकी प्रदेश सात प्रदेशमा चौथो स्थानमा रहेको छ ।

### तालिका ३: गण्डकी प्रदेशका अन्य आर्थिक तथा वित्तीय परिसूचकहरूको तुलनात्मक स्थिति

| परिसूचक | नेपाल | प्रदेश नं. १ | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| वित्तीय क्षेत्र:[१] | | | | | | | | |
| बैङ्क तथा वित्तीय संस्थाको शाखा सङ्ख्या | ११३४९ | १८२८ | १७२५ | २९२६ | १४०५ | २१८६ | ४५१ | ८२८ |
| प्रतिशाखा जनसङ्ख्या | २५७२ | २७२० | ३५५१ | २०७९ | १७६५ | २३४४ | ३७५८ | ३२७४ |
| बिमकको शाखा सङ्ख्या[२] | २९०५ | ५०६ | ३८४ | ८०७ | ३२१ | ४२१ | १८७ | २७९ |
| प्रदेशगत खर्च (रू.करोडमा)[३] | १८८८३ | २७९५ | २२५५ | ३५५९ | २५६२ | ३२१० | २२०४ | २२९७ |
| प्रदेशगत राजस्व (रू.करोडमा)[१०] | ८७९४ | १२४१ | १२२६ | २५६३ | ९७३ | १२१२ | ७६७ | ८१२ |

१.नेपाल राष्ट्र बैङ्क, २०७८, २.बीमा समिति, २०७८ ३.महालेखा नियन्त्रक कार्यालय, २०७८ (खर्च र राजस्वको तथ्याङ्क आर्थिक वर्ष २०७७/७८ को वार्षिक तथ्याङ्कमा आधारित)


गण्डकी प्रदेशको कुल खर्चको परिमाण दिनानुदिन बढ्दै गएको छ। यसै क्रममा यस प्रदेशको आर्थिक वर्ष २०७५/७६ मा रु १३.९२ अर्ब कुल खर्च रहेकोमा यसमा ४६.५७ प्रतिशतले वृद्धि भई आर्थिक वर्ष २०७६/७७ मा रु २०.४१ अर्ब खर्च पुगेको देखिन्छ । त्यसैगरी आर्थिक वर्ष २०७७/७८ मा अघिल्लो वर्षमा भएको खर्चमा करिब २५.५२ प्रतिशतले वृद्धि भई कुल खर्च रू २५.६२ अर्ब रहेको छ। पुँजीगत खर्चको प्रवृत्तिलाई हेर्दा आर्थिक वर्ष २०७५/७६ मा ६२.५९ प्रतिशत भएकोमा यसमा सुधार आई २०७७/७८ मा ६८.६७ प्रतिशत पुगेको छ। विगत दुई वर्षको अवस्थालाई हेर्दा पुँजीगत खर्चको प्रवृत्ति एकै किसिमको रहेको पाइन्छ। सातै प्रदेशको कुल खर्चको परिमाणमा आर्थिक वर्ष २०७५/७६ गण्डकी प्रदेशको हिस्सा १२.४३ प्रतिशत रहेकोमा त्यसमा सामान्य सुधार आई २०७७/७८ मा प्रदेशको कुल खर्चमा गण्डकी प्रदेशको हिस्सा १३.५६ प्रतिशतमा पुगेको छ । खर्च प्रवृत्तिको विश्लेषण गर्दा दुवै खर्चको प्रवृत्तिमा सामान्य उतार चढावको स्थिति रहेको छ ।


## तालिका ४: गण्डकी प्रदेश सरकारको कुल खर्च र पुँजीगत खर्चको अन्य प्रदेशसँगको तुलना

| विवरण | २०७५/७६ | | | २०७६/७७ | | | २०७७/७८ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल खर्च | खर्च भार | पुँजीगत खर्चको अंश | कुल खर्च | खर्च भार | पुँजीगत खर्चको अंश | कुल खर्च | खर्च भार | पुँजीगत खर्चको अंश |
| प्रदेश नं. १ | २१२०.२९ | ०.१९ | ५३.९५ | २९८३.३२ | ०.१९ | ५९.८९ | २७९५.१३ | ०.१५ | ५६.७६ |
| मधेश | १५०९.२४ | ०.१३ | ५६.०९ | १८०१.७२ | ०.१२ | ४५.७१ | २२५४.५८ | ०.१२ | ६१.६७ |
| बागमती | २०६५.२७ | ०.१८ | ४६.२६ | २७९५.०९ | ०.१८ | ५६.११ | ३५५९.४८ | ०.१९ | ५६.२१ |
| गण्डकी | १३९२.८० | ०.१२ | ६२.५९ | २०४१.३६ | ०.१३ | ६८.५२ | २५६२.३४ | ०.१४ | ६८.६७ |
| लुम्बिनी | १७०३.४१ | ०.१५ | ५९.७२ | २५४०.७१ | ०.१६ | ५७.९४ | ३२१०.३० | ०.१७ | ५७.६४ |
| कर्णाली | १००१.६३ | ०.०९ | ५४.०६ | १६८८.०२ | ०.११ | ५६.४९ | २२०४.२० | ०.१२ | ६१.५७ |
| सुदूरपश्चिम | १४१६.३४ | ०.१३ | ५१.०७ | १७६१.२० | ०.११ | ५२.७४ | २२९६.८३ | ०.१२ | ५४.८७ |
| जम्मा | ११२०८.९९ | १.०० | ५४.४२ | १५६११.४० | १.०० | ५७.२१ | १८८८२.८६ | १.०० | ५९.३४ |

*स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०७८*

## चित्रः ७ प्रदेश सरकारको पुँजीगत खर्चको प्रवृत्ति (२०७५-७६ देखि २०७७-७८)






*स्रोत: अर्थ मन्त्रालय, २०७८*

### २.३.३. सार्वजनिक आय तथा खर्चको अवस्था

महालेखा नियन्त्रक कार्यालयको २०७८ को तथ्याङ्कअनुसार गण्डकी प्रदेशको आर्थिक वर्ष २०७७/७८ को प्रादेशिक आय २९.९६ अर्ब रहेकोमा प्रादेशिक खर्च रु २५.६२ अर्ब रहेको देखिन्छ। आय र खर्चको अवस्थालाई हेर्दा गण्डकी प्रदेशमा आर्थिक वर्ष २०७७/७८ मा प्रदेश सञ्चित कोष रू ४.३४ अर्बले बचतमा रहन गएको देखिन्छ। अनुदान प्राप्तिको स्थितिमा अन्य प्रदेशको तुलनामा यस प्रदेशको अवस्था कमजोर रहेको देखिन्छ। आर्थिक वर्ष २०७७/७८ मा गण्डकी प्रदेशले कुल १३.९६ अर्ब अनुदान प्राप्त गरेको देखिन्छ, यो रकम अन्य प्रदेशले प्राप्त गरेको तुलनामा सबैभन्दा कम हो।

**तालिका ५: गण्डकी प्रदेशको सञ्चित कोषको तुलनात्मक अवस्था (आर्थिक वर्ष २०७७/७८, रू. करोडमा)**

| विवरण | प्रदेश नं.१ | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| प्रादेशिक खर्च | २७९५.१३ | २२५४.५८ | ३५५९.४८ | २५६२.३४ | ३२१०.३० | २२०४.२० | २२९६.८३ | १८८८२.८६ |
| राजस्व | १२४१.११ | १२२६.०६ | २५६३.१८ | ९७३.३० | १२११.८४ | ७६६.६९ | ८१२.२२ | ८७९४.४० |
| कर | ११२२.४४ | ११३९.३६ | २०७८.१८ | ८४१.९८ | ९८४.१९ | ७५३.८४ | ७८०.८७ | ७७००.८५ |
| अन्य | ११८.६७ | ८६.७० | ४८५.०० | १३१.३३ | २२७.६४ | १२.८५ | ३१.३६ | १०९३.५५ |

| विवरण | प्रदेश नं.१ | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| बेरूजुलगायत अन्य प्राप्ति | २०३.६० | १०९३.४८ | १८६१.१० | ६२५.९१ | ९६६.३० | १०९६.२७ | ७९४.३५ | ६६४१.०१ |
| अनुदान प्राप्ति | १७६१.०३ | १४४३.२८ | १६९१.४६ | १३९६.८५ | १७३७.६६ | १४६४.१४ | १५४०.३९ | ११०३४.८१ |
| ऋणलगानी फिर्ता | २७.०६ | ०.०० | २७.०६ | ०.०० | ०.०० | ०.०० | ०.०० | ५४.१३ |
| जम्मा प्राप्ति | ३२३२.८० | ३७६२.८२ | ६१४२.८१ | २९९६.०६ | ३९१५.७९ | ३३२७.०९ | ३१४६.९६ | २६५२४.३४ |
| प्रदेश सञ्चित कोष न्यून /(+) बचत (-) | -४३७.६७ | -१५०८.२४ | -२५८३.३३ | -४३३.७२ | -७०५.४९ | -११२२.९० | -८५०.१४ | -७६४१.४८ |

*स्रोतःमहालेखा नियन्त्रक कार्यालय, २०७८*

## २.३.४. उद्योग तथा पर्यटन विकासको अवस्था

केन्द्रीय तथ्याङ्क विभागले प्रकाशित गरेको तथ्याङ्कअनुसार गण्डकी प्रदेशमा उत्पादनमूलक उद्योगको सङ्ख्या १०,९२८ रहेको छ। मुलुकमा रहेका कुल उत्पादनमूलक उद्योगको सङ्ख्यामा यो १०.५ प्रतिशत हो। यस प्रदेशमा दर्ता भएका उत्पादंनमूलक उद्योगमा भएको लगानी कुल ५४,८७५ करोड रहेको छ। यी उद्योगले ३७,९९८ जनालाई रोजगारी उपलब्ध गराएको देखिन्छ। नेपाल सरकारले घोषणा गरेका १०५ औद्योगिक ग्राममध्ये २८ वटा यसै प्रदेशमा रहेका छन् ।यस प्रदेशमा कुल १५७२४ कम्पनी दर्ता भएका छन्। यो सङ्ख्या मुलुकमा दर्ता भएका कुल कम्पनी सङ्ख्याको ५.६ प्रतिशत हो।

### तालिका ६ः उद्योगमा लगानी र रोजगारीको तुलनात्मक स्थिति

| प्रदेश | लगानी (रु करोडमा ) | उत्पादनमूलक उद्योगको सङ्ख्या | रोजगार व्यक्तिको सङ्ख्या |
|---|---|---|---|
| प्रदेश १ | ५५५५९ | १९३८० | १,०१,२७९ |
| मधेश | १४१६५ | १२६५४ | ७९,७७८ |
| बागमती | ९१२७१ | ३२७५५ | १,६१,१९५ |
| गण्डकी | ५४८७५ | १०९२८ | ३७,९९८ |
| लुम्बिनी | १७१०९ | १६१७० | ९३७०६ |
| कर्णाली | १३५२१ | ४४२८ | ९८८३ |
| सुदूरपश्चिम | ४७२१ | ७७४३ | २६,६८४ |
| नेपाल | २५१२२१ | १०४०५८ | ५,१०,५२३ |

*स्रोतः केन्द्रीय तथ्याङ् विभाग, २०२१*

आर्थिक गणना २०७५ अनुसार नेपालमा सञ्चालित ९,२३,३५६ आर्थिक प्रतिष्ठानहरूमध्ये गण्डकी प्रदेशमा १,००,६८४ आर्थिक प्रतिष्ठानहरू रहेका छन्। त्यसैगरी देशभर आर्थिक क्रियाकलपमा संलग्न जनशक्तिहरू ३२,२८,४५७ मध्ये यस प्रदेशमा ३,२२,४७२ जना व्यक्तिहरू संलग्न भएको पाइन्छ। यसरी हेर्दा यस प्रदेशमा मुलुकभर सञ्चालित आर्थिक प्रतिष्ठानहरूमध्ये १०.९० प्रतिशत प्रतिष्ठानहरू र आर्थिक क्रियाकलपमा संलग्न जनशक्तिमध्ये ९.९९ प्रतिशत जनशक्ति संलग्न भएको पाइन्छ। प्रदेश सरकारले प्रादेशिक औद्योगिक क्षेत्रको विकासका लागि पोखराको भोटे पोखरी, गोरखाको पालुङटार, तनहुँको शुक्ला गण्डकी नगरपालिका र सुस्तापूर्व नवलपरासीको लोकाहा खोलामा प्रदेश औद्योगिक क्षेत्र स्थापना र सञ्चालन गर्ने कार्यक्रम कार्यान्वयन ल्याएको छ ।

यस प्रदेशमा पर्यटन प्रवर्द्धन गर्ने गरी विमानस्थल विकास तथा विस्तार, पर्यटन करिडोर पहिचान र निर्माण, संस्कृतिक तथा धार्मिक महत्त्वका ठाउँहरूको संरक्षण जस्ता कार्यहरू सञ्चालन गरिएको पाइन्छ। अन्तर्राष्ट्रिय विमानस्थल पनि सञ्चालनमा आइसकेको छ । पर्यटकलाई आकर्षण गर्न प्याराग्लाइडिङ र केवलकारहरू सञ्चालनमा आएका छन्। धौलागिरी, अन्नपूर्ण र मनास्लु ट्रेकमा सुधार, नेपाल चीन जोड्ने कालिगण्डकी कोरिडोर हुँदै कोरलासम्मको सडक स्तरोन्नति कार्य भइरहेकोले पर्यटन प्रवर्द्धनमा योगदान पुग्न सक्ने देखिन्छ। तर यी कार्यहरू समयमा सम्पन्न गर्न पर्याप्त लगानी बढाउनुपर्ने देखिन्छ।

## २.४ सामाजिक विकासको अवस्था

### २.४.१ शिक्षा

२०७८ फाल्गुन मसान्तसम्मको स्थितिलाई हेर्दा सामाजिक क्षेत्रको पूर्वाधारका रूपमा रहेको विद्यालयको सङ्ख्या गण्डकी प्रदेशमा ३९८७ रहेका छन् जुन मुलुकको कुल विद्यालय सङ्ख्याको ११.६ प्रतिशत मात्र हो । प्रदेशमा आधारभूत तहको खुद भर्नादर ९६.९४ प्रतिशत छ, जुन राष्ट्रिय औसत भन्दा बढी हो ।यस प्रदेशको आधारभूत तह (१-५) मा विद्यालय विद्यार्थी अनुपात ६३ रहेको छ, जुन मुलुकको औसत अनुपातको साथै सबै प्रदेशको तुलनामा पनि कम हो। माध्यमिक तहको कुल भर्ना दर ७५.४ प्रतिशत रहेको छ । माध्यमिक तह (९-१०) मा पनि विद्यालय, विद्यार्थी राष्ट्रिय औसतका साथै अन्य प्रदेशको तुलनामा पनि सबैभन्दा कम रहेको छ । शिक्षक विद्यार्थी अनुपातको अवस्थामा पनि दुवै तह (आधारभूत १-५ तथा माध्यमिक ९-१०) मा यस प्रदेशको स्थिति मुलुकको औसत अनुपातभन्दा कम रहेको देखिन्छ। विद्यमान स्थितिलाई विश्लेषण गर्दा विद्यालय विद्यार्थी अनुपात र शिक्षक विद्यार्थी अनुपातको अवस्थामा पुनर्विचार गर्नुपर्ने देखिन्छ।

### तालिका ७: गण्डकी प्रदेशको तहगत विद्यालय विद्यार्थी, विद्यार्थी र शिक्षक अनुपातको तुलनात्मक स्थिति

| प्रदेश | विद्यालय विद्यार्थी अनुपात | | | | शिक्षक विद्यार्थी अनुपात | | | | आधारभूत तहको खुद भर्नादर (प्रतिशतमा) |
|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत (१-५) | आधारभूत (६-८) | माध्यमिक (९-१०) | माध्यमिक (११-१२) | आधारभूत (१-५) | आधारभूत (६-८) | माध्यमिक (९-१०) | माध्यमिक (११-१२) | |
| प्रदेश नं.१ | ८२ | ८४ | ८८ | १५८ | १९ | २७ | २१ | ६७ | ९६.९ |
| मधेश | १९५ | १७५ | १६९ | १७२ | ४९ | ६७ | ४४ | ८५ | ९६.८५ |
| बागमती | ९२ | ८८ | ७६ | १६६ | १८ | २४ | १४ | ५० | ९६.८८ |
| गण्डकी | ६३ | ७६ | ७३ | ११७ | १३ | २१ | १५ | ३९ | ९६.९४ |
| लुम्बिनी | ११८ | ११४ | १११ | १७६ | २४ | ३३ | २४ | ७३ | ९६.८८ |
| कर्णाली | ८८ | १०७ | ११८ | १६७ | २६ | ३५ | ३३ | ७५ | ९६.९८ |
| सुदूरपश्चिम | ९६ | १०२ | १११ | १६२ | २४ | ३१ | २७ | ५६ | ९६.९० |
| नेपाल | १०४ | १०३ | ९९ | १६० | २१ | ३१ | २२ | ५७ | ९६.६ |

*स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७८*

अनुदान आयोगको तथ्याङ्कअनुसार गण्डकी प्रदेशमा उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरूको सङ्ख्या १५१ रहेको छ। उक्त सङ्ख्यामा सरकारी उच्च शैक्षिक संस्था १७, सामुदायिक ८३ र निजी ५१ रहेका छन्। यो कुल उच्च शैक्षिक संस्थाको १०.५ प्रतिशत हो। तीमध्ये ११.२५ प्रतिशत सरकारी उच्च शैक्षिक संस्था रहेका छन्।

## २.४.२ स्वास्थ्य

नेपालमा सरकारी र निजी दुवै क्षेत्रबाट स्वास्थ्य सुविधा उपलब्ध हुने गरेका छन्। स्वास्थ्य क्षेत्रमा सार्बजनिक र निजी मेडिकल कलेजका साथै ठूलो सङ्ख्यामा स्वास्थ्य सेवा प्रदायक संस्थाहरू क्रियाशील रहेका छन्। गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयका अनुसार गण्डकी प्रदेशमा आ .व. २०७७/७८ सम्ममा १९ वटा सरकारी अस्पताल, २३ वटा प्राथमिक स्वास्थ्य केन्द्र, १५३ वटा सामुदायिक स्वास्थ्य इकाई, ९९ वटा सहरी स्वास्थ्य केन्द्र, १६८ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र र ६९ वटा निजी अस्पतालहरू सञ्चालनमा रहेका छन्। स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाको सङ्ख्या उल्लेख भए पनि जनशक्ति र उपकरणको अभावले गर्दा यस प्रदेशमा सहज रूपमा स्वास्थ्य सेवा उपलब्ध हुन सकेको पाइँदैन। पुड्कोपना, पूर्ण खोप लगाएको स्थिति र, दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएको स्थितिलाई हेर्दा पुड्कोपनाको प्रतिशत १९.७ रहेको र यो अन्य प्रदेशको तुलनामा सबैभन्दा कम हो। पूर्ण खोप लगाएको स्थिति र, दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएको स्थितिलाई हेर्दा अन्य प्रदेशहरूको तुलनामा गण्डकी प्रदेशको अवस्था राम्रो रहेको पाइन्छ। यस प्रदेशमा

९३.४ प्रतिशतले पूर्ण खोप लगाएको देखिन्छ भने करिब ८९.२ प्रतिशत महिलाले दक्ष स्वास्थ्य कर्मीबाट सुत्केरी गराएको स्थिति रहेको छ ।

यस प्रदेशमा पाच वर्षमुनिका प्रतिहजार जीवित जन्ममा बाल मृत्यु २७, शिशु मृत्युदर २३, नवजात शिशु मृत्युदर १५ रहेको, प्रदेशका बासिन्दाको अपेक्षित आयु ७१.५ वर्ष रहनुका साथै आधा घण्टाको दुरीमा आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्नेको परिवारको प्रतिशत ६३ रहेको पाइन्छ।

**तालिका ८: गण्डकी प्रदेशको प्रमुख स्वास्थ्य सूचकको तुलनात्मक स्थिति (प्रतिशतमा)**

| प्रदेश | पुड्कोपन | पूर्ण खोप लगाएको स्थिति | दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएको स्थिति |
|---|---|---|---|
| प्रदेश १ | २०.० | ८०.८ | ८१.८ |
| मधेश प्रदेश | २९.३ | ६७.७ | ६७.९ |
| बागमती प्रदेश | १७.६ | ८३.४ | ८६.६ |
| गण्डकी प्रदेश | १९.७ | ९३.४ | ८९.२ |
| लुम्बिनी प्रदेश | २५.१ | ८५.३ | ८६.९ |
| कर्णाली प्रदेश | ३५.८ | ८४.३ | ७२.३ |
| सुदूरपश्चिम प्रदेश | २८.० | ८८.८ | ८७.८ |

*स्रोतः स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, २०२२*

## २.४.३ अन्य सामाजिक विकासको अवस्था

गण्डकी प्रदेशमा लैङ्गिक सशक्तीकरणको/लैङ्गिक असमानता सूचकाङ्क ०.४६३३ रहेको छ, यो राष्ट्रिय औसतभन्दा कम हो। लैङ्गिक विकासतर्फ भने राष्ट्रिय औसतभन्दा निकै बढी ०.९८६ रहेको पाइन्छ।त्यसै गरी मानव विकास प्रतिवेदनअनुसार यस प्रदेशको मानव विकास सूचकाङ्क-HDI) ०.६१८ रहेको छ ।यो राष्ट्रिय औसतभन्दा राम्रो हो ।प्रदेशगत रूपमा तुलना गर्दा बागमती प्रदेश पछि अन्य प्रदेशको तुलनामा गण्डकी प्रदेशमा मानव विकास सूचकाङ्क स्थिति उच्च स्थानमा रहेको छ। गण्डकी प्रदेशमा निरपेक्ष गरिबीको रेखामुनिको जनसङ्ख्या १५.५ प्रतिशत रहेको छ जुन राष्ट्रिय औसतभन्दा कम हो।त्यस्तै गरी बहुआयामिक गरिबी सूचकाङ्कको स्थिति ९.६ प्रतिशत रहेको छ, जुन राष्ट्रिय औसतभन्दा निकै कम रहेको छ।

गण्डकी प्रदेशको श्रमशक्ति सहभागिता दर ३५.७ प्रतिशत रहेको छ ।रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा ३९.७ प्रतिशत रहेको छ भने बेरोजगारीको दर ७ प्रतिशत रहेको छ।

**तालिका ९: गण्डकी प्रदेशमा लैङ्गिक तथा मानव विकासको तुलनात्मक अवस्था**

| सूचक | नेपाल | प्रदेश १ | मधेश प्रदेश | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|---|
| लैङ्गिक सशक्तीकरण सूचकाङ्क | ०.४७९ | ०.४५९ | ०.५०३ | ०.४५७ | ०४६३ | ०.४७४ | ०.५५८ | ०.५२२ |
| मानव विकास सूचकाङ्क | ०.५८७ | ०.५८० | ०.५१ | ०.६६१ | ०.६१८ | ०.५६३ | ०.५३८ | ०.५४७ |
| बहुआयामिक गरिबी सूचकाङ्क | १७.४ | १५.९ | २४.२ | ७.० | ९.६ | १८.२ | ३९.५ | २५.३ |
| लैङ्गिक विकास सूचकाङ्क | ०.८८६ | ०.९०१ | ०.७८६ | ०.९२९ | ०.९८६ | ०.९०१ | ०.९०२ | ०.९०३ |
| निरपेक्ष गरिबीको रेखा मुनिको जनसङ्ख्या प्रतिशतमा | १८.७ | १२.४ | १९.८ | १५.३ | १४.९१ | १८.२ | २८.९ | ३३.९ |
| वेरोजगारी दर प्रतिशतमा | ११.४ | १०.२ | २०.१ | ७.० | ९.० | ११.२ | ९.७ | ११.५ |

*स्रोतः आर्थिक सर्वेक्षण, २०२२; बहुआयामिक गरिबी सूचक, २०२१; नेपाल मानव विकास प्रतिवेदन, २०२०*

## २.५ पूर्वाधार विकासको अवस्था

गण्डकी प्रदेशको स्थानीय सडक सञ्जाल आर्थिक वर्ष २०७७/७८ सम्ममा ११५७० कि.मि. पुगेको छ, जसमध्ये ६८० कि.मि. सडक कालोपत्रे गरिएको छ। १२५८ कि.मि. सडक ग्रावेलका रूपमा छ भने बाँकी ९६३२ कि.मि. सडक कच्ची धुले सडकका रूपमा रहेको छ। यसबाट के देखिन्छ भने गण्डकी प्रदेशमा अहिले पनि गुणस्तरीय सडक निर्माणको काम अधुरै रहेको पाइन्छ।गुणस्तरीय सडक सञ्जाल विस्तारका लागि थप लगानी गर्नुपर्ने देखिन्छ।यस प्रदेशको सडक घनत्व कि.मि.प्रतिवर्ग कि.मि.मा ०.५४ रहेको छ।सडक घनत्वको स्थिति राष्ट्रिय औसतभन्दा बढी भए पनि गुणस्तरीय सडक सञ्जालको परिमाणमा सुधार ल्याउन थप लगानी गर्नुपर्ने देखिन्छ। यस प्रदेशमा करिब ९३.१० प्रतिशत जनतालाई आधारभूत खानेपानी पुगेको छ भने १५ प्रतिशत जनसङ्ख्यामा मात्रै उच्च मध्यम स्तरको स्वच्छ/गुणस्तरीय खानेपानी उपलब्ध रहेको छ । त्यसैगरी पूर्ण सरसफाइको पहुँच पुगेको जनसङ्ख्या सतप्रतिशत पुगेको छ।

### तालिका १०: गण्डकी प्रदेशको सडक सञ्जालका परिसूचकको अवस्था र अन्य प्रदेशसँगको तुलना

| परिसूचक | नेपाल | प्रदेश नं. १ | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| स्थानीय सडक सञ्जाल (कि.मि.) | ६४६१७ | १३१२९ | ६००२ | १६००१ | ११५७० | ९१३९ | ३३०१ | ५४७५ |
| सडक घनत्व | ०.४४ | ०.५१ | ०.६२ | ०.७९ | ०.५४ | ०.४१ | ०.१२ | ०.२७ |

*स्रोत: अर्थ मन्त्रालय, २०७८*

विद्युत् विकासका हिसाबमा गण्डकी प्रदेशको स्थिति राम्रै रहेको छ, कुल विद्युत् उत्पादनमा यस प्रदेशको योगदान २७ प्रतिशत रहेको छ। यस प्रदेशमा आर्थिक रूपले सम्भाव्य विद्युत् उत्पादनको क्षमता १२९३० मेगाबाट रहेको छ उक्त क्षमतामध्ये ६६५ मेगाबाट विद्युत् उत्पादन भई सञ्चालनमा आइसकेको छ। विद्युत् प्राधिकरणको २०७८ फाल्गुनसम्मको तथ्याङ्कअनुसार यस प्रदेशमा ९९.५ प्रतिशत जनतामा विद्युत्को पहुँच पुगेको देखिन्छ। त्यसका अतिरिक्त कुल जनसङ्ख्या को ९०.६६ प्रतिशतमा इन्टरनेट सेवा प्रयोगकर्ता रहेका छन् ।

### तालिका ११: गण्डकी प्रदेशको ऊर्जासम्बन्धी परिसूचकको अवस्था र अन्य प्रदेशसँगको तुलना

| परिसूचक | नेपाल | प्रदेश नं. १ | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| जलविद्युत् उत्पादन (मेगाबाट)[४] | २०२३ | ३२७ | २१ | १०१६ | ६६५ | ३१ | ११ | ५२ |
| विद्युत् प्राप्त घर-परिवार (प्रतिशतमा) | ९४ | ९६.९५ | ९६.९९ | ९५.९१ | ९९.५ | ९४.९१ | ४३.८७ | ७१.०७ |

*स्रोत: अर्थ मन्त्रालय, २०७८, ४: आर्थिक मामिला मन्त्रालय, २०७८*

## २.६ वातावरणीय विकासको अवस्था

गण्डकी प्रदेशमा ३८.०१ प्रतिशत क्षेत्र वनले ढाकेको छ यो नेपालको कुल वनक्षेत्रको १२.३६ प्रतिशत हो। वनक्षेत्रले ढाकेको क्षेत्रफल मधेश प्रदेशको तुलनामा बढी भए पनि अरू प्रदेशको तुलनामा कम रहेको छ। दिविल लक्ष्यअनुसार वनक्षेत्रको क्षेत्रफ़ल विस्तारका लागि गण्डकी प्रदेशले

आवश्यक कार्यक्रम तर्जुमा र लगानी विनियोजनमा ध्यान दिनुपर्ने देखिन्छ। ताल, हिमाल, पहाडी धरातल र नदीका खोच आदि गण्डकी प्रदेशका प्राकृतिक सौन्दर्य हुन्। मनोरम हिमश्रृङ्खलादेखि फेवाताल लगायतका सुन्दर तालतलैया यस प्रदेशका पर्यटन आकर्षणका मुख्य आधार हुन्।

### तालिका १२: गण्डकी प्रदेशको वनक्षेत्रका परिसूचकको अवस्था र अन्य प्रदेशसँगको तुलना

| परिसूचक | नेपाल | प्रदेश नं. १ | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| प्रदेशम वनक्षेत्र (प्रतिशतमा) | ४४.७४ | ४३.७८ | २७.२९ | ५३.७४ | ३८.०१ | ४३.७२ | ४२.२९ | ५८.६६ |
| नेपालको कुल वनक्षेत्रको हिंस्सा (प्रतिशत) | १०० | १७.१६ | ३.९९ | १६.५० | १२.३६ | १४.७४ | १७.९० | १७.३४ |

*स्रोतः अर्थ मन्त्रालय, २०७८*

जैविक विविधता र वातावरणका दृष्टिले गण्डकी प्रदेश समृद्ध रहेको छ । प्रदेशमा ९३८ प्रजातिका वनस्पति, १०५ प्रजातिका वन्यजन्तु, १०७ प्रजातिका जडीबुटी, ५४५ प्रजातिका पन्छी, ३६ प्रजातिका माछाहरू रहेका छन्। यिनको संरक्षण, प्रवर्द्धन, बजारीकरण र दिगो उपभोगले यस प्रदेशको समृद्धिमा सहयोग पुयाउने छ। गण्डकी प्रदेशको कुल क्षेत्रफ़लमध्ये ८९४६.३ वर्ग कि.मि. (६७.८ प्रतिशत) वनले ढाकेको छ। अधिकांश भूभाग भिरालो र कमजोर भूबनोट भएकाले बाढी पहिरोको जोखिम पनि उच्च छ। प्रदेशमा ९३८ प्रजातिका वनस्पति, १०५ प्रजातिका वन्यजन्तु, १०७ प्रजातिका जडीबुटी, ५४५ प्रजातिका पन्छी, ३६ प्रजातिका माछाहरू रहेका छन्। गण्डकी प्रदेशको वनक्षेत्रमा प्रचुर मात्रामा जडीबुटी तथा गैरकाष्ठ वन पैदावारहरू रहेका छन् यस प्रदेशमा पाइने झन्डै २०० प्रजातिका वनस्पतिहरूले विशेष आर्थिक महत्त्व राख्दछन्। प्रदेश योजनाले पनि वन तथा जैविक विविधतालाई संरक्षणमात्र सीमित नराखी व्यवसायीकरण गर्ने कुरा समेटेको छ। यसका लागि विभिन्न रणनीति र कार्यनीति तर्जुमा गरिएका छन्। यी वनस्पतिहरूको उपयोग गर्न सके प्रदेशमा ठुलो मात्रामा रोजगारी र आय आर्जनमा योगदान पुग्ने देखिन्छ।

**अध्याय —३**

# दिगो विकास लक्ष्यअनुसार बजेट विनियोजन र खर्चको प्रवृत्ति

गण्डकी प्रदेशको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यहरूको समग्र विषयवस्तुलाई आन्तारिकीकरण गर्दै आर्थिक वृद्धि, जनताको जीवनस्तरमा सुधार, रोजगारी प्रवर्द्धन, गरिबी निवारण र नागरिकका मौलिक अधिकारको कार्यान्वयन जस्ता विषयवस्तुहरू समेटिएको देखिन्छ । बजेटमा पूर्वाधार विकास लगायत चार देखि आठवटा प्राथमिकताहरू रहेकामा सामाजिक सुरक्षा विस्तार; कृषि, पर्यटन, उद्योग र ऊर्जा क्षेत्रमा लगानी, सीमान्तकृत र कमजोर समुदायको संरक्षण र मानव संसाधन विकास प्रमुख रहेको पाइन्छ। गण्डकी प्रदेशको विगत ४ वर्षको कुल विनियोजित बजेट, यथार्थ खर्च र प्रगतिको प्रतिशतलाई तलको तालिकामा प्रस्तुत गरिएको छ। प्रगति प्रतिशतको अवस्थालाई हेर्दा खर्च गर्न सक्ने क्षमतामा क्रमस सुधार हुँदै गएको देखिन्छ।

नेपालको संविधानमा स्थानीय तहका २२ वटा एकल अधिकार छन् भने १५ वटा सङ्घ/प्रदेश र स्थानीय तहका साझा अधिकारका क्षेत्र रहेका छन्। यसका साथै संविधानले मुलुकमा विद्यमान सवै प्रकारका विभेद र असमानताहरूको दिगो समाधान गरी देशलाई समाजवादतर्फ लैजाने मार्गदर्शन गरेको छ । त्यसैले दिगो विकास लक्ष्य प्राप्तिका लागि सङ्घीय सरकारको प्रयास मात्र पर्याप्त नहुने हुँदा सबै तहको बजेटलाई दिविल अनुरूप विनियोजन र प्रभावकारी कार्यान्वयन गर्न सकेमा मात्र नेपालले राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसारका लक्ष्य हासिल गर्न सक्ने देखिन्छ ।यसै सन्दर्भमा केन्द्रित रही यस अध्यायमा विभिन्न आर्थिक वर्षहरूमा प्रदेश सरकारले गरेको विनियोजित बजेट र खर्चको प्रवृत्ति, दिविल साङ्केतीकरणको विद्यमान अवस्था, पूर्ण साङ्केतीकरण गर्दाको स्थिति र खर्च गर्न सक्ने क्षमतालाई तल प्रस्तुत गरिएको छ।

## ३.१ बजेट विनियोजन तथा खर्चको प्रवृत्ति

प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा आ. व. २०७५/७६ मा कुल विनियोजित बजेटको ५८.०४ प्रतिशत मात्र खर्च भएकोमा आर्थिक वर्ष २०७७/७८ मा पुग्दा करिब १६ प्रतिशत विन्दुले वृद्धि भई ७३.६२ प्रतिशत पुगेको छ । त्यसै गरी आव २०७८/७९ मा अघिल्लो वर्षभन्दा केही कम अर्थात् विनयोजित रकमको ७०.४३ प्रतिशतमात्र खर्च भएको देखिन्छ ।समग्रमा हेर्दा आव २०७५/७६

देखि आव २०७७/७८ बीच भएको पूरा सरदर वार्षिक खर्च करिव ६६ प्रतिशत भएको देखिन्छ। कुल बजेट विनियोजनतर्फको स्थितिलाई हेर्दा विनियोजित बजेट बर्सेनी बढ्दै गएकोमा आर्थिक वर्ष २०७८/७९ मा भने अघिल्लो वर्षभन्दा करिब १० प्रतिशतले घटेको देखिन्छ।

### तालिका १३ः कुल विनियोजित बजेट र खर्चको अवस्था

| आर्थिक वर्ष | कुल विनियोजित बजेट रू अर्बमा | कुल खर्च रू अर्बमा | प्रगति प्रतिशत |
|---|---|---|---|
| २०७५/७६ | २४.०० | १३.९३ | ५८.०४ |
| २०७६/७७ | ३२.१३ | २०.४१ | ६३.५२ |
| २०७७/७८ | ३४.८४ | २५.६५ | ७३.६२ |
| २०७८/७९ | ३१.३५ | २२.०८ | ७०.४३ |

*स्रोतः आर्थिक मामिला मन्त्रालय, २०७८/७९*

## ३.२ गण्डकी प्रदेशको बजेट स्रोतको प्रवृत्ति

सङ्घीय सरकारबाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम र प्रदेशको अन्तरिक राजस्व नै प्रदेश सरकारका आम्दानीका मुख्य स्रोतहरू हुन्। सङ्घबाट प्राप्त हुने समानीकरण अनुदानलाई हेर्दा आ.व २०७६/७७ रु ७११२२.०० लाख रहेकोमा सामान्यरूपमा वृद्धि भई आर्थिक वर्ष २०७८/७९ मा रू ७४२२८ लाख पुगेको छ, तर अन्य अनुदानहरू जस्तै ससर्त अनुदान विशेष अनुदान र समपूरक अनुदानको स्थितिमा भने उतार चढावको स्थिति रहेको छ। परिणामस्वरूप कुल अनुदान रकम घट्तै गएको देखिन्छ। राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम पनि आर्थिक वर्ष २०७६/७७ को तुलनामा कम हुँदै गएको छ। दिबिल प्राप्तिका आगामी दिनमा प्रदेश सरकारले बजेटको आकार बढाउनुपर्ने हुन्छ। त्यसैले समयमै अन्तरिक राजस्वको दायरा र परिमाण वृद्धितर्फ ध्यान पर्ने देखिन्छ अन्यथा बजेट कार्यान्वयन र नियमितरूपमा सञ्चालनमा रहेका कार्य सम्पन्न गर्न कठिनाइको अवस्था सिर्जना हुन सक्दछ ।

### तालिका १४ः गण्डकी प्रदेश बजेटको स्रोत विवरण (रू लाखमा)

| विवरण | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|
| प्रदेशलाई सङ्घबाट प्राप्त हुने अनुदान | | | |
| समानीकरण अनुदान | ७११२२ .०० | ७११२६.०० | ७४२२८.०० |
| ससर्त अनुदान | ५३५१६ .०० | ४२९८४.०० | ४१८४३.०० |
| विशेष अनुदान | ७५०० .०० | ५४००.०० | ५४९०.०० |
| समपूरक अनुदान | ७५०० .०० | १४९८९.०० | ८७३६.०० |

| विवरण | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|
| राजस्व बाँडफाँटबाट प्रदेशलाई प्राप्त हुने (सङ्घ/स्थानीय) | ७७०५१.०० | ७५७३७.०० | ७६२७०.०० |
| प्रदेशको आन्तरिक राजस्व | ३२७७५.०० | ४६०८५.०० | ५००००.०० |
| रोयल्टी | ४०००.०० | ३०००.०० | ३०००.०० |
| नेपाल सरकार ऋण | १००००.०० | १००००.०० | १००००.०० |
| अन्तरिक ऋण | ९८८४.०० | १०००० .०० | १०००० .०० |
| मौज्दात | ४८०००.०० | ७००००.०० | २१०००.०० |
| जम्मा | ३२१३४७.०० | ३४८४२१.०० | ३००५६७.०० |

*स्रोतः मध्यमकालीन खर्च संरचना, २०७८*

## ३.३ दिबिलअनुसार बजेट विनियोजन र खर्चको विद्यमान साङ्केतीकरणको अवस्था

सङ्घीय सरकारले आर्थिक वर्ष २०७३/७४ देखि नै वार्षिक बजेटमा दिविलअनुसार विनियोजित बजेट रकममा दिबिल कोड प्रविष्ट हुने गरी Line Ministry Budget Information System (LMBIS) मा बजेट साङ्केतीकरण गर्दै आएको छ। प्रदेश सरकारहरूले समेत आ-आफ्नो बजेटको Provincial Line Ministry Budget Information System (PLMBIS) मा दिगो विकासका लक्ष्यअनुसार बजेटलाई साङ्केतीकरण गर्दै आए तापनि प्रदेशस्तरमा त्यति प्रभावकारी रूपमा कार्यान्वयन भएको देखिँदैन।

महालेखा परीक्षक कार्यालयबाट उपलब्ध तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७७/७८ मा गण्डकी प्रदेशको कुल बजेट नगण्य मात्रामा ०.४५ प्रतिशत मात्र बजेट साङ्केतीकरण गरेको देखिन्छ भने आर्थिक वर्ष २०७८/७९ को बजेटमा केही सुधार भएको छ। आर्थिक वर्ष २०७८/७९ को बजेटमा कुल बजेटको २५.३२ प्रतिशत बजेट मात्र साङ्केतीकरण गरेको देखिन्छ। विगत वर्षको प्रवृत्तिलाई हेर्दा केही मात्रामा सुधार भए पनि विनियोजित बजेट र खर्चमा साङ्केतीकरण गर्ने कार्यले पूर्णता पाउन सकेको देखिँदैन।

विनियोजित बजेट र खर्चलाई हेर्दा दिबिल १० मा विगत तीन वर्षदेखि नै बजेट विनियोजन गरेको देखिँदैन। आ. व.२०७७/७८ को बजेट विनियोजनमा दिबिल ४,६ र १३ मा दिविल कोडअनुसार बजेट विनियोजित गरेको देखिन्छ भने अन्य कोडहरूको बजेट साङ्केतीकरण नगरी विनियोजन गरेको पाइन्छ त्यसै गरी आर्थिक वर्ष २०७८/७९ को बजेट विनियोजनमा पनि दिविल १,३,४ ,६,१२,१३ १६ र १७ बाहेक अन्य कोडमा बजेट साङ्केतीकरण गरी विनियोजिन गरेको देखिँदैन। खर्चतर्फको अवस्थालाई विश्लेषण गर्दा आर्थिक वर्ष २०७८/७९ मा दिविल १, ३, ६, १२, १३, १६ र १७ मा विनियोजित बजेटभन्दा बढी प्रतिशतले बजेट खर्च गरेको पाइन्छ। यसले विनियोजित कुनै शीर्षकको ठुलो परिमाणको रकम अर्को शीर्षकमा रकमान्तर गरी खर्च गरेको

कार्यलाई सङ्केत गर्दछ। आर्थिक वर्ष २०७७/७८ र २०७८/७९ दुवै वर्ष ठुलो परिमाणमा बजेट रकमान्तर गरेको र वार्षिक बजेट विनियोजन नगरेको शीर्षकमा पनि सीमाभन्दा बढी रकम रकमान्तर गरी खर्च गरेको कुरा महालेखाको प्रतिवेदनमा पनि औंल्याइएको पाइन्छ। समग्रतामा एकातिर दिबिलअनुसार बजेट विनियोजन हुन नसक्नु र अर्कोतिर एउटा क्षेत्रमा विनियोजन गरिएको रकम अर्कोमा रकमान्तर गरी खर्च गर्ने प्रवृत्ति गण्डकी प्रदेशमा समस्याका रूपमा रहेको देखिन्छ।

**तालिका १५: दिबिलअनुसार बजेट विनियोजन र खर्चको विद्यमान अवस्था** (प्रतिशतमा)

| दिविल कोड | दिविल | २०७७/७८ | | २०७८/७९ | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | बजेट प्रतिशत | खर्च प्रतिशत | बजेट प्रतिशत | खर्च प्रतिशत | २०७७/७८ | २०७८/७९ |
| ० | साङ्केतीकरण नगरिएको | ९९.५५ | ९९.८४ | ७४.६८ | ६६.२५ | १००.२९ | ८८.७१ |
| १ | गरिबीको अन्त्य | ० | ० | ०.३२ | ०.३६ | ० | ११३.४ |
| २ | शून्य भोकमरी | ० | ० | | | ० | ० |
| ३ | स्वस्थ जीवन | ० | ० | ५.४७ | ६.०७ | ० | १११ |
| ४ | गुणस्तरीय शिक्षा | ०.३१ | ०.०४ | ०.१६ | ०.०६ | ०.०५ | ४०.३७ |
| ५ | लैङ्गिक समानता | ० | ० | ० | ० | ० | ० |
| ६ | दिगो सफा पानी तथा सरसफाइ सेवा | ०.०६ | ०.०३ | ७.५७ | १३.७४ | ०.०३ | १८१.६ |
| ७ | आधुनिक ऊर्जामा पहुँच | ० | ० | ० | ० | ० | ० |
| ८ | समावेशी आर्थिक वृद्धितथा मर्यादित काम | ० | ० | ० | ० | ० | ० |
| ९ | उद्योग, नवीन खोज र पूर्वाधार | ० | ० | ० | ० | ० | ० |
| १० | असमानता न्यूनीकरण | ० | ० | ० | ० | ० | ० |
| ११ | दिगो शहर र बस्तीहरू | ० | | ० | ० | ० | ० |
| १२ | दिगो उपभोग तथा उत्पादन | ० | ० | ६.३८ | ७.५२ | ० | ११७.९ |
| १३ | जलवायु परिवर्तन अनुकूलन | ०.०८ | ०.०८ | २.७ | २.९१ | ०.०८ | १०७.९ |
| १५ | भूसतह स्रोतको उपयोग | ० | ० | ० | ० | ० | ० |
| १६ | शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाज | ० | ० | २.५१ | २.८५ | ० | ११३.४ |
| १७ | दिगो विकासका लागि साझेदारी | ० | ० | ०.२२ | ०.२३ | ० | १०४.३ |
| जम्मा | | १०० | १०० | १०० | १०० | | |

*स्रोतः म.ले.नि का., २०७९*

## ३.४ दिविलअनुसार पूर्ण साङ्केतीकरण गर्दाको बजेट र खर्चको स्थिति

दिविलअनुसार बजेट विनियोजन र खर्चको स्थितिलाई विश्लेषण गर्न प्रदेश लेखा नियन्त्रक कार्यालयबाट उपलब्ध आर्थिक वर्ष २०७६/७७ देखि २०७८/७९ सम्मको तथ्याङ्कलाई साङ्केतीकरण गरिएको छ। दण्ड जरिवाना, भैपरि आउने विकास र साधारण खर्चको क्षेत्र यकिन नभएकाले साङ्केतीकरण गरिएको छैन। साङ्केतीकरण नगरिएको परिमाण करिब ११ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७६/७७ को बजेटलाई दिविलअनुसार साङ्केतीकरण गरेर हेर्दा दिविल ५,७,१०,१२, र १३ मा बजेट विनियोजन भएको देखिँदैन। दिविलअनुसार विनियोजित बजेटको परिमाणलाई हेर्दा सबैभन्दा बढी रकम दिविल ९ (उद्योग, नवीन खोज र पूर्वाधार) मा (रू ९४५२० लाख) र सबैभन्दा कम दिविल ११ मा (रू ५४१४ लाख) विनियोजन भएको देखिन्छ। दिविल ९ पछि क्रमशः दिविल २, १७, १६ र ३ मा बढी परिमाणले रकम विनियोजन भएको छ। दिविल ९ मा मुख्य गरी पूर्वाधार विकास कार्यालयअन्तर्गत सञ्चालित ७९० वटा कार्यक्रममा भौतिक विकास कार्यालयअन्तर्गत सञ्चालित ८५ वटा कार्यक्रम र यातायात पूर्वाधार निर्देशनालयबाट सञ्चालित ११९ वटा कार्यक्रममा बजेट विनियोजन भएको देखिन्छ। दिविल २ अन्तर्गत जलस्रोत तथा सिञ्चाइ विकास डिभिजन कार्यालय बाट सञ्चालित ११९० वटा सिञ्चाइ कार्यक्रममा बजेट विनियोजन भएको छ भने दिविल १७ मा स्थानीय निकायसँगको साझेदारी कार्यक्रममा बजेट विनियोजन भएको देखिन्छ। दिविल १६ अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका ९६ वटा कार्यक्रममा बजेट विनियोजन भएको छ भने दिविल ३ सामाजिक विकास मन्त्रालयका कार्यक्रम, अस्पताल सुधार, जिल्ला आयुर्वेद स्वास्थ्य सुधार, स्वास्थ्य आपूर्ति व्यावस्थापन, ल्याब सुधार र तालिम केन्द्रमा बजेट विनियोजन भएको देखिन्छ।

आर्थिक वर्ष २०७७/७८को बजेट विनियोजन र खर्चको साङ्केतीकरण गर्दा पनि दण्ड, जरिवाना भैपरी आउने विकास र साधारण खर्चको क्षेत्र यकिन नभएकाले साङ्केतीकरण गरिएको छैन। साङ्केतीकरण नगरिएको परिमाण करिब १४ प्रतिशत रहेको छ। आ. व. २०७७ /७८ को बजेटलाई दिविलअनुसार साङ्केतीकरण गरेर हेर्दा दिविल ५,७,१०,१२, र १३ मा बजेट विनियोजन भएको देखिँदैन । दिविलअनुसार विनियोजित बजेटको परिमाणलाई हेर्दा सबैभन्दा बढी रकम दिविल ९ मा (रू १,०९,६६८ लाख) र सबैभन्दा कम दिविल ११ मा (रू २,५७७ लाख) विनियोजन भएको देखिन्छ। बजेट बढी विनियोजन भएका दिविलका क्षेत्रलाई हेर्दा दिविल ९ पछि क्रमशः दिविल २, १६, ३, १७ र ६ रहेका छन। बजेट बढी विनियोजन भएका क्षेत्रहरूको स्थितिलाई हेर्दा दिविल ९ दिविलमा मुख्य गरी पूर्वाधार विकास कार्यालयअन्तर्गत सञ्चालित १८५४ वटा कार्यक्रम, भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत सञ्चालित २५४७ वटा कार्यक्रम र यातायात व्यवस्था कार्यालयअन्तर्गत सञ्चालित ६७ वटा कार्यक्रममा बजेट विनियोजन भएको देखिन्छ। दिविल २ अन्तर्गत जलस्रोत तथा सिञ्चाइ विकास डिभिजन कार्यालयअन्तर्गत सञ्चालित १३०३ वटा कार्यक्रम, कृषि ज्ञान केन्द्र बाट सञ्चालित ७६८ वटा कार्यक्रम र भूमि व्यवस्था तथा सहकारी मन्त्रालयबाट

सञ्चालित २२१ वटा कार्यक्रममा बजेट विनियोजन भएको छ भने दिविल १६ अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र आन्तरिक मामिला तथा कानुन मन्त्रालय अन्तर्गतका २२७ वटा कार्यक्रममा बजेट विनियोजन भएको देखिन्छ। दिविल ३ मा सामाजिक विकास मन्त्रालयअन्तर्गतका करिब ४००० कार्यक्रम र अस्पताल सुधारका ५८० वटा कार्यक्रममा बजेट विनियोजन भएको छ भने दिविल १७ मा स्थानीय निकाय सँगको साझेदारी कार्यक्रममा बजेट विनियोजन भएको देखिन्छ। त्यसै गरी दिविल ६ अन्तर्गत खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयअन्तर्गतका ९७० वटा कार्यक्रम (जस्तै एक घर एक धारा) मा बढी बजेट विनियोजन भएको देखिन्छ। यसका अतिरिक्त दिविल ६ मा आर्थिक वर्ष २०७७/७८ मा विनियोजित रकमको तुलनामा अन्यत्रबाट रकमान्तरसमेत गरी बढी रकम खर्च भएको देखिन्छ ।

आर्थिक वर्ष २०७८/७९ को बजेट विनियोजन र खर्चको स्थितिलाई साङ्केतीकरण गरेर हेर्दा दिविल ५, १०, र १२ बाहेक सबै क्षेत्रमा बजेट विनियोजन भएको देखिन्छ। दिविलअनुसार बजेट विनियोजनको स्थितिलाई हेर्दा सबैभन्दा बढी दिविल ९ मा (रू ७५२५९लाख) र सबैभन्दा कम (रू १३६६ लाख) दिविल ७ (आधुनिक ऊर्जामा पहुच) मा बजेट विनियोजन भएको छ । बजेट विनियोजनका आधारमा दिविलका क्षेत्रहरूलाई हेर्दा दिविल ९ पछि क्रमशः दिविल १६, २, ६,११, ३ र ४ मा बढी बजेट विनियोजन भएको देखिन्छ।

बजेट बढी विनियोजन भएका क्षेत्रहरूको स्थितिलाई हेर्दा दिविल ९ मा मुख्य गरी पूर्वाधार विकास कार्यालय कास्की, गोर्खा, तनहु, पर्वत, सुस्तापूर्व नवलपरासी, बाग्लुङ जिल्लाका करिब ३००० वटा कार्यक्रममा बजेट विनियोजन भएको छ भने दिविल १६ अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, गण्डकी प्रदेश प्रहरी कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयको निर्माण र सुधारका क्षेत्रमा बजेट विनियोजन भएको छ । दिविल २ अन्तर्गत जलस्रोत तथा सिञ्चाइ विकास डिभिजन कार्यालयबाट सञ्चालित कार्यक्रम, भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र र कृषि निर्देशनालयका ८३ वटा कार्यक्रममा बजेट विनियोजन भएको देखिन्छ। दिविल ६ अन्तर्गत खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयबाट सञ्चालित १९९९ वटा कार्यक्रममा बजेट विनियोजन भएको छ भने दिविल ३ मा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रमा सञ्चालित ६७४ वटा कार्यक्रम, धौलागिरि अञ्चल अस्पताल, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन र स्वास्थ्य कार्यालयका लागि बजेट विनियोजन भएको देखिन्छ। त्यसैगरी दिविल ४ मा सामाजिक विकास कार्यक्रमअन्तर्गत सञ्चालित ९४७ वटा कार्यक्रम, २९० वटा युवा तथा खेलकुदसँग सम्बन्धित कार्यक्रम, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्र र गण्डकी विश्वविद्यालयका लागि बजेट विनियोजन गरेको देखिन्छ ।

दिविलअनुसार साङ्केतीकरण गरी आर्थिक वर्ष २०७७/७८ को विनियोजित बजेटको आधारमा खर्चको स्थितिलाई विश्लेषण गर्दा दिविल ६ (दिगो सफा पानी तथा सरसफाइ सेवा) मा विनियोजित बजेटभन्दा ३७ प्रतिशत रकम बढी खर्च भएको देखिन्छ। त्यस पछि विनियोजित बजेटका आधारमा बढी खर्च

भएका क्रमशः दिविल ९, १७ र ३ रहेका छन्। अन्य दिविलहरूमा भने विनियोजित बजेटका ४० प्रतिशतदेखि ७९ प्रतिशतसम्म खर्च भएको देखिन्छ । आ. व. २०७८/७९ मा भने विनियोजित बजेटको सीमाभित्र रहेर नै सबै दिविलहरूमा खर्च गरेको पाइन्छ । यस आर्थिक वर्षमा दिविल ६ मा विनियोजित बजेटको सबैभन्दा बढी करिब ९३ प्रतिशत रकम खर्च भएको छ भने दिविल १७ मा सबैभन्दा कम करिब २९ प्रतिशत बजेट खर्च भएको देखिन्छ । दिविल १७ मा विनियोजित रकम मुख्य गरी स्थानीय निकायमा जाने हुनाले साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्ने इकाईको क्षमता कमजोर भएको स्थितिलाई दर्शाउछ, त्यसैले ती इकाईहरूको क्षमता विकासमा समयमै ध्यान दिनुपर्ने देखिन्छ । अन्य दिविलहरू जस्तै २, ३, ७, ८, ९, ११, १३ र १५ मा भने विनियोजित बजेटको ७० प्रतिशत देखि ८४ प्रतिशतका बीचमा खर्च भएको छ, बाँकी दिविल १ र १६ मा भने विनियोजित बजेटको ६० प्रतिशत भन्दा कम रकम खर्च भएको देखिन्छ ।

समग्रमा बजेट विनियोजन र खर्चको प्रवृत्ति मुख्यगरी दिविल ९, २, ६, र १६ मा बढी केन्द्रित रहेको पाइन्छ। त्यसैले आगामी दिनमा दिविल लक्ष्यप्राप्तिका लागि सरकारका प्राथमिकताका साथै सबै लक्ष्यहरूलाई ध्यानमा राखी लैङ्गिक समानता, आधुनिक ऊर्जामा पहुँच, असमानता न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनलाई बजेट तर्जुमाको क्रममा समेट्नुपर्ने देखिन्छ ।

## तालिका १६: बजेटको पूर्ण साङ्केतीकरण गर्दाको अवस्था (रु लाखमा)

| दिविल कोड | दिविल | ७६/७७ | २०७७/७८ | | २०७८/७९ | | विनियोजित बजेट अनुसार खर्चको स्थिति | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | बजेट | खर्च | बजेट | खर्च | २०७७/७८ | २०७८/७९ |
| ० | साङ्केतीकरण नगरिएको | ३५१०० | ५०११५ | ० | ० | ० | ० | ० |
| १ | गरिबीको अन्त्य | १३२९३ | ० | ० | २८१५ | १५६४ | ० | ५५.५६ |
| २ | शून्य भोकमरी | ५८९५१ | ६३८४१ | ५०६०९ | ३७५०९ | ३०२५७ | ७९.२७ | ८०.६७ |
| ३ | स्वस्थ जीवन | २३३८६ | २५२६८ | २०६२३ | २७२०६ | १९०६७ | ८१.६२ | ७०.०८ |
| ४ | गुणस्तरीय शिक्षा | १०२९९ | ६०२६ | २५५२ | २६८२७ | १८०७६ | ४२.३६ | ६७.३८ |
| ५ | लैङ्गिक समानता | ० | ० | ० | ० | ० | ०.०० | ०.०० |
| ६ | दिगो सफा पानी तथा सरसफाइ सेवा | १६३९१ | १९७१८ | २७१२३ | ३६४४९ | ३३७४४ | १३७.५५ | ९२.५८ |
| ७ | आधुनिक ऊर्जामा पहुँच | ० | ० | ० | १३६६ | १०४८ | ०.०० | ७६.७३ |
| ८ | समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम | ९१९९ | ७२५८ | ५३२५ | ३९३८ | ३१४१ | ७३.३७ | ७९.७७ |
| ९ | उद्योग,नवीन खोज र पूर्वाधार | ९४५२० | १०९६६८ | १०५४३७ | ७५२५९ | ५५४४६ | ९६.१४ | ७३.६७ |
| १० | असमानता न्यूनीकरण | ० | ० | ० | ० | ० | ०.०० | ०.०० |
| ११ | दिगो शहर र वस्तीहरू | ५४१४ | २५७७ | १०३१ | ३०४७६ | २३३६२ | ४०.०२ | ७६.६६ |
| १२ | दिगो उपभोग तथा उत्पादन | ० | ० | ० | ० | ० | ०.०० | ०.०० |
| १३ | जलवायु परिवर्तन अनुकूलन | ० | ० | ० | १८९६ | १५९२ | ०.०० | ८३.९५ |
| १५ | भूसतह स्रोतको उपयोग | ६५६२ | ६९०२ | ४९०० | ७३९५ | ५४३९ | ७१.०० | ७३.५५ |
| १६ | शान्तिपूर्ण,न्यायपूर्ण र सशक्त समाज | २३६५४ | ३६०१० | १९६८९ | ६०८५७ | २७६४६ | ५४.६८ | ४५.४३ |
| १७ | दिगो विकासका लागि साझेदारी | २४५७८ | २१०३८ | १९२४९ | १५४५ | ४४४ | ९१.५० | २८.७५ |

*स्रोत: प्र.ले.नि.का., २०७८/७९*

कुल बजेट विनियोजन र कुल खर्चको स्थितिलाई हेर्दा आर्थिक वर्ष २०७६/७७ देखि आर्थिक वर्ष २०७८/७९ सम्मको तीन वर्षमै सीमित दिविलमा बढी प्रतिशतले रकम विनियोजन र खर्च भएको देखिन्छ। आर्थिक वर्ष २०७७/७८ को कुल खर्चमध्ये दिविल २, ३, ६, ९ र १७ मा कुल विनियोजित रकमको प्रतिशत भन्दा बढी प्रतिशतले खर्च भएको देखिन्छ। त्यसैगरी आव २०७८/७९ मा दिविल २, ६, ७, ८, ९, ११ र १५ मा कुल खर्चको प्रतिशत विनियोजित बजेटको प्रतिशतभन्दा बढी रहेको छ ।

### तालिका १७: कूल बजेट र कुल खर्चमा विनियोजित बजेट  र खर्चको प्रतिशत

| दिविलको ड | दिविल | ७६/७७ | २०७७/७८ | | २०७८/७९ | |
|---|---|---|---|---|---|---|
| | | बजेट | बजेट | खर्च | बजेट | खर्च |
| ० | साङ्केतीकरण नगरिएको | १०.९२ | १४.३८ | ०.०० | ०.०० | ०.०० |
| १ | गरिबीको अन्त्य | ४.१४ | ०.०० | ०.०० | ०.९० | ०.७१ |
| २ | शून्य भोकमरी | १८.३४ | १८.३२ | १९.७३ | ११.९६ | १३.७० |
| ३ | स्वस्थ जीवन | ७.२८ | ७.२५ | ८.०४ | ८.६८ | ८.६३ |
| ४ | गुणस्तरीय शिक्षा | ३.२० | १.७३ | ०.९९ | ८.५६ | ८.१९ |
| ५ | लैङ्गिक समानता | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ६ | दिगो सफा पानी तथा सरसफाइ सेवा | ५.१० | ५.६६ | १०.५७ | ११.६३ | १५.२८ |
| ७ | आधुनिक ऊर्जामा पहुँच | ०.०० | ०.०० | ०.०० | ०.४४ | ०.४७ |
| ८ | समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम | २.८६ | २.०८ | २.०८ | १.२६ | १.४२ |
| ९ | उद्योग, नवीन खोज र पूर्वाधार | २९.४१ | ३१.४८ | ४१.१० | २४.०० | २५.११ |
| १० | असमानता न्यूनीकरण | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ११ | दिगो शहर र बस्तीहरू | १.६८ | ०.७४ | ०.४० | ९.७२ | १०.५८ |
| १२ | दिगो उपभोग तथा उत्पादन | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १३ | जलवायु परिवर्तन अनुकूलन | ०.०० | ०.०० | ०.०० | ०.६० | ०.७२ |
| १५ | भूसतह स्रोतको उपयोग | २.०४ | १.९८ | १.९१ | २.३६ | २.४६ |
| १६ | शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाज | ७.३६ | १०.३४ | ७.६७ | १९.४१ | १२.५२ |
| १७ | दिगो विकासका लागि साझेदारी | ७.६५ | ६.०४ | ७.५० | ०.४९ | ०.२० |
| जम्मा | | १०० | १०० | १०० | १०० | १०० |

*स्रोत: प्र.ले.नि.का., २०७८/७९*

## ३.५ दिविलअनुसार खर्च गर्न सक्ने क्षमताको स्थिति

जुनसुकै मुलुकले पनि निर्धारण गरेका विकासका लक्ष्य प्राप्तिका लागि आफ्ना सीमित साधनलाई कुशलतापूर्वक विनियोजन र खर्च गर्नुपर्ने हुन्छ। यस क्रममा गण्डकी प्रदेशले पनि आफ्नो सीमित साधनलाई विगत चार वर्षदेखि विनियोजन र खर्च गर्दै आएको छ ।

गण्डकी प्रदेशको बिगत तीन वर्षको खर्च प्रवृत्तिलाई विश्लेषण गर्दा विनियोजित बजेटको औसत करिब ६६ प्रतिशत खर्च भएको देखिन्छ। खर्चको प्रतिशतमा भने क्रमशः सुधार हुँदै गएको छ । दिबिलअनुसार विनियोजित बजेटमा भएको खर्चको स्थितिलाई विश्लेषण गर्दा आर्थिक वर्ष २०७७/७८ मा बजेट विनियोजन गरिएको दिबिल ६ मा विनियोजनको तुलनामा बढी रकम खर्च भएको पाइन्छ। अन्य दिविलहरूको हकमा बजेट विनियोजनको सीमाभित्र नै रहेर खर्च गरेको पाइन्छ। त्यसभित्र दिविल २,३,८,९,१५र १७ मा विनियोजित बजेटको को ७० प्रतिशतभन्दा बढी खर्च भएको देखिन्छ भने बाँकी दिविलमा खर्च ५५ प्रतिशतभन्दा कम रहेको छ। आर्थिक वर्ष २०७८/७९ मा विनियोजित बजेटको दायराभित्र रही खर्च गरेको देखिन्छ। आर्थिक वर्ष २०७८/७९ मा विनियोजित बजेटको सबैभन्दा बढी ९२ प्रतिशत दिविल ६ मा खर्च हुन सकेको छ भने सबैभन्दा कम २८.७५ प्रतिशत दिविल १७ मा खर्च भएको पाइन्छ। औसत खर्चको अवस्थामा सुधार हुँदै गए पनि दुवै वर्षको बजेट विनियोजनमा खर्चको स्थितिलाई हेर्दा ठुलो परिमाणमा रकम खर्च हुन सकेको देखिँदैन। खर्च गर्ने क्षमतामा सुधार हुँदै गए पनि यस प्रदेशको बजेट विनियोजनले अझै पनि सबै दिविललाई समेट्न सकेको देखिँदैन। एकातिर समेटिएको दिविलभित्र पनि सीमित दिविलमा बढी बजेट केन्द्रित हुने गरेको छ भने अर्कोतर्फ विनियोजित बजेट पनि खर्च हुन सकेको पाइँदैन ।यो स्थितिलाई हेर्दा प्रदेश सरकारले आफ्नो संस्थागत क्षमतामा सुधार गरी दिविलअनुसार बजेट विनियोजन र खर्च गर्ने दक्षता अभिवृद्धितर्फ ध्यान पुर्याउनुपर्ने देखिन्छ। खासगरी दिविलले निर्धारण गरेको लक्ष्यप्राप्तिका लागि आगामी दिनमा बजेटको आकार बढाउनुपर्ने हुन्छ, त्यसैले क्षमता वृद्धि गर्न सकिएन भने बजेट व्यवस्था भए पनि त्यसलाई परिचालन गरेर दिविल लक्ष्यप्राप्तिमा कठिनाइ हुन सक्ने देखिन्छ।

### तालिका १८: विनियोजित बजेटको तुलनामा  खर्चको स्थिति

| दिविलकोड | दिविल | विनियोजित बजेट को तुलनामा  खर्चको स्थिति प्रतिशतमा | |
|---|---|---|---|
| | | २०७७/७८ | २०७८/७९ |
| ० | साङ्केतीकरण  नगरिएको | ० | ० |
| १ | गरिबीको अन्त्य | ० | ५५.५६ |
| २ | शून्य भोकमरी | ७९.२७ | ८०.६७ |
| ३ | स्वस्थ जीवन | ८१.६२ | ७०.०८ |
| ४ | गुणस्तरीय शिक्षा | ४२.३६ | ६७.३८ |
| ५ | लैङ्गिक समानता | ०.०० | ०.०० |
| ६ | दिगो सफा पानी तथा सरसफाइ सेवा | १३७.५५ | ९२.५८ |
| ७ | आधुनिक ऊर्जामा पहुँच | ०.०० | ७६.७३ |
| ८ | समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम | ७३.३७ | ७९.७७ |
| ९ | उद्योग,नवीन खोज र पूर्वाधार | ९६.१४ | ७३.६७ |
| १० | असमानता न्यूनीकरण | ०.०० | ०.०० |
| ११ | दिगो शहर र बस्तीहरू | ४०.०२ | ७६.६६ |
| १२ | दिगो उपभोग तथा उत्पादन | ०.०० | ०.०० |
| १३ | जलवायु परिवर्तन अनुकूलन | ०.०० | ८३.९५ |
| १५ | भूसतह स्रोतको उपयोग | ७१.०० | ७३.५५ |
| १६ | शान्तिपूर्ण,न्यायपूर्ण र सशक्त समाज | ५४.६८ | ४५.४३ |
| १७ | दिगो विकासका लागि साझेदारी | ९१.५० | २८.७५ |

*स्रोत: प्र.ले.नि.का., २०७८/७९*

अध्याय - ४

# दिगो विकासका लक्ष्यअनुसार खर्चको खोजीनीतिः मामिला अध्ययन(Case Study)

## ४ .१ पृष्ठभूमि

गण्डकी प्रदेशले आत्मनिर्भर अर्थतन्त्र र सुखी नागरिक बसोबास गर्ने समृद्ध प्रदेशको दीर्घकालीन सोंच हासिल गर्ने लक्ष्य लिएको पाइन्छ। यसका लागि प्रथम आवधिक योजनाले तय गरेका सन्तुलित विकास र समृद्धिका पहलहरूलाई प्रतिफलमुखी बनाउनका लागि सार्वजनिक वित्त व्यवस्थापनलाई मजबुत बनाउने प्रयास गरिएको छ। वित्तीय अवस्थालाई मजबुत गराउने गरी उपलब्ध स्रोत तथा साधनको कुशल विनियोजन, नीति तथा कार्यक्रमहरूको कार्यान्वयन दक्षता र वित्तीय अनुशासन जस्ता तीनै पक्षलाई विशेष ध्यान दिइएको पाइन्छ। त्यसैगरी हालसम्म यस प्रदेशमा सम्पूर्ण विषय क्षेत्रलाई समेटेर ४१ वटा ऐन र १२ वटा नियमावलीहरू निर्माण गरिएका छन्।

प्राथमिकतामा परेका आयोजना तथा कार्यक्रमहरूलाई रणनीतिक स्तम्भ, दिगो विकासका लक्ष्य र लैङ्गिक सङ्केतका आधारमा वर्गीकरण गरी सोअनुसारको बजेट विनियोजन तथा खर्चलाई वार्षिक विश्लेषण गर्ने गरिएको छ, तथापि प्रदेश सरकारले सञ्चालन गर्ने आयोजना तथा कार्यक्रमहरूले ल्याउने प्रतिफलहरूलाई तीन तहका सरकार एवम् निजी, सहकारी र सामुदायिक क्षेत्रका लगानी र गतिविधिहरूले ल्याउने अनुमानित प्रतिफलहरू समेत संश्लेषणगरी तयार गरिएका प्रगति नतिजा सूचकहरू भने सन्तोषजनक रहन कठिनाइ रहेको पाइन्छ। यस मामिला अध्ययनमा दिविलका लक्ष्य ८ र ९ मा केन्द्रित रहेर यस प्रदेशमा र प्रदेश स्तरबाट स्थानीय तहमा गएको र अन्तिम खर्च इकाईसम्म गएको खर्चको खोजीनीति विश्लेषण गरिएको छ। विगत तीन आर्थिक वर्षहरूमा दिविल ८ अन्तर्गत प्रदेशमा पर्यटन, श्रम तथा रोजगार र नवप्रवर्द्धन वृद्धि गरी सन्तुलित आर्थिक तथा सामाजिक विकास गर्ने उद्देश्यअनुरूप प्रदेशको प्रथम आवधिक योजना तथा मध्यमकालीन खर्च संरचनामा समेत समावेश भएका मध्ये अधिकांश कार्यक्रमहरू कार्यान्वयनमा गएको पाइन्छ, तर यस विषयक्षेत्र अन्तर्गतका स्थानीय तहलाई दिइएका कार्यक्रमहरू तथा स्थानीय तहले प्रदेशको बजेटबाट आफै बजेट विनियोजन गरी कार्यान्वयमा ल्याएका कार्यक्रमहरूले यस विषयलाई त्यति समेट्न सकेको देखिंदैन। त्यस्तै दिविल ९ अन्तर्गत दिगो पूर्वाधार विकासका प्रसस्त

कार्यक्रमहरू प्रदेशस्तरबाट नै सञ्चालन गरिएकोमा प्रदेशमार्फत स्थानीय तहमा हस्तान्तरित बजेटमध्ये दिविल ९ अन्तर्गतका पूर्वाधारसम्बन्धी सडक तथा पुल निर्माणका धेरै कार्यक्रमहरू स्थानीय तहमा कार्यान्वयन भएको पाइन्छ।

## ४.२ सप्रसङ्ग विश्लेषण

गण्डकी प्रदेशले योजनाबद्ध विकासको अभ्यासबाट उच्च आर्थिक वृद्धिसहित समृद्ध अर्थतन्त्र, रोजगारीसहित जीवन निर्वाहका लागि पर्याप्त आम्दानी, आधारभूत भौतिक सुविधाको उपलब्धता, सुरक्षा र स्वच्छ वातावरण कायम गर्ने सोँच राखेको छ। त्यस्तै समाजवाद उन्मुख, सामाजिक न्यायमा आधारित, समावेशी, सन्तुलित र दिगो विकासका माध्यमबाट आर्थिक वृद्धिदरलाई उच्च पार्दै जनताको जीवनमा गुणात्मक परिवर्तन ल्याउने लक्ष्य राखेको पाइन्छ।

खास गरी दिविलका लक्ष्य ८ र ९ लाई केन्द्रित गरी यस प्रदेशले पर्यटन र पूर्वाधारका लक्षित तथा रणनीतिक कार्यक्रमहरूमार्फत आर्थिक समृद्धिसहितको सामाजिक विकासका लहरहरू स्थापित गराउन पहिलो आवधिक योजनामा नै आन्तरिकीकरण गरिसकेको छ। प्रदेशको प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली मार्फत केही कार्यक्रमहरूलाई दिविलसँग जोडिएको भए तापनि विभिन्न कारणले विगत तीन आर्थिक वर्षमा केही बजेट-कार्यक्रमलाई दिविलको लक्ष्य तोकिएको छैन। यसका लागि यस सर्वेक्षणले प्रदेशका लागि तयार गरिएको स्रोत पुस्तिकाको आधारमा सबै छुटेका कार्यक्रमको समेत कोड राखी लक्ष्यगत स्रोत तथा खर्च विश्लेषण गरेको छ।

प्रदेश सरकारले आर्थिक, सामाजिक र वातावरणीय असमानता हटाउने गरी विभिन्न कानुन बनाई कार्यक्रमहरू सञ्चालन गरेको छ। तर प्रदेश सरकारको आर्थिक अधिकारहरू सीमित रहेको सन्दर्भमा प्रदेशको खर्च व्यवस्थापनका लागि सङ्घीय सरकारसँगको निर्भरता अत्यधिक रहेको छ। यसका साथै प्रदेशको आर्थिक अधिकारको प्रयोगका लागि आवश्यक कतिपय कानुनहरू निर्माणको क्रममा रहेको पाइन्छ। त्यसै गरी प्रदेशमा सञ्चालित सामाजिक समानताका कार्यक्रमहरू जस्तै महिला सशक्तीकरण कार्यक्रमहरूको कार्यान्वयनमा जनशक्ति तथा संस्थागत क्षमता मजबुत नहुँदा अपेक्षित उपलब्धिको केही प्रतिशतमात्रै प्राप्त भएको पाइन्छ। प्रतिव्यक्ति सरकारी खर्च वृद्धि गर्न प्रदेशको आय वृद्धिको हिसावले घरजग्गा रजिस्ट्रेसनतर्फ भइरहेको कारोवार सङ्को लिखतमा उल्लेख हुने र सो रकम वास्तविक उठ्नुपर्ने राजस्व रकम भन्दा ज्यादै न्यून रहेको छ।

सवारी साधन कर सवारी दर्ता भएको प्रदेशले पाउने वर्तमान व्यवस्था र यस प्रदेशका आधाभन्दा बढी सवारीहरू अन्य प्रदेश र खासगरी बागमती प्रदेशमा दर्ता हुने प्रवृत्तिले गर्दा प्रदेशले पाउनुपर्ने परिमाणमा कर पाउन सकेको छैन भने सवारी कर प्रणालीहरूमा यातायात व्यवस्था विभागको

नियन्त्रण रहेको र ती प्रणालीहरूमा कार्यदक्षता तथा सेवाग्राही मैत्री डिजिटल प्रविधिको अभावका कारण सेवाग्राहीले दिनभर लाइनमा बसेर पनि रकम तिर्न नपाइरहेको अवस्था छ। मनोरञ्जन स्थलको निर्माण तथा स्तरोन्नति गरी मनोरञ्जन करको दायरामा आउनुपर्ने गतिविधिहरू पनि आउन नसकेको र स्थानीय तहले सङ्कलन गर्ने यो कर सो तहको प्राथमिकतामा परेको छैन। विज्ञापनमार्फत प्राप्त हुनुपर्ने करको रकम पनि ज्यादै न्यून छ र स्थानीय तहबाट समेत सो करको दर तोक्ने तथा सङ्कलन गर्ने कार्य अझै ओझेलमा परेको देखिन्छ।

प्रदेशको एकल अधिकारका रूपमा रहेको कृषि आयकर समेत ज्यादै न्यून छ। प्रदेशको ठूलो भू-भागको झन्डै आधा हिस्सा ओगटेको वन क्षेत्रमा प्रदेश सरकारको ठुलो लगानी परेको यथार्थ छ तर वनको आयमा भने सामुदायिक उपभोक्ता समूहको वर्चस्व एवम् एकाधिकार रहेकोमा प्रदेशले सीमित आयको स्रोत बनाएको पाइन्छ। प्रदेशलाई राम्रो आय प्राप्त हुनुपर्ने नदीजन्य प्राकृतिक श्रोतको व्यवस्थापन राम्रो हुन नसक्दा यसबाट हुने आय पनि प्राप्त हुन सकेको देखिंदैन। प्रदेशले सहकारीमार्फत आफैंले विभिन्न उद्यमशीलता प्रवर्द्धन गर्ने गरी बजेट खर्च गर्ने गरेको पाइएको छ भने स्थानीय तहलाई बजेट हस्तान्तरण गरी उपभोक्ता वा ठेक्कामार्फत् लागत साझेदारीमा केही भौतिक पूर्वाधार, खेल मैदान, सभाहल तथा सामाजिक महत्त्वका कार्यहरू सम्पादन गरेको पाइएको छ। यी कार्यक्रमहरूको सम्पन्नताको क्रममा विशेषगरी ठेक्का-पट्टा तथा व्यवस्थापनमा समेत मिलेमतो तथा सीमित व्यक्तिको एकाधिकार रहेको स्थितिका कारण राज्यले साझेदारीबाट पाउनु पर्ने सिनर्जी प्रभाव प्राप्त हुन कठिन रहेको छ।

दिगो बस्ती विकास तथा दिगो पूर्वाधार विकासतर्फ सडक, सिञ्चाइ, खानेपानी तथा सहरी विकासका क्षेत्रमा प्रदेश सरकारको लगानी सुरूको वर्षमा क्षमताभन्दा धेरै आयोजना सुरु गरिएकोले र हाल यस क्षेत्रका योजनाहरू न्यून बजेटको समस्याबाट ग्रस्त देखिन्छन् भने सङ्घीय सरकारले हस्तान्तरण गरेका आयोजना र त्यसका लागि आवश्यक रकमको तुलनामा ज्यादै न्यून बजेट रकम अनुदानको रूपमा प्राप्त हुने गरेकाले अधुरा आयोजनाको सङ्ख्या वृद्धि भइरहेको छ। प्रदेशस्तरमा अद्यावधिक वस्तुस्थिति र तथ्याङ्कको अभावका कारण आयोजना छनोट र प्राथमिकीकरणमा स्पष्टर वस्तुनिष्ठ मापदण्ड अपनाउन कठिन रहेको देखिन्छ।

## ४.३ अध्ययनका उपलब्धि एवम् व्याख्या

### ४.३.१ दिविल ८—दिगो आर्थिक वृद्धि, रोजगारी र मर्यादित जीवन (पर्यटन प्रवर्द्धन)

#### प्रदेशस्तरमा खर्चको उपलब्धि

**(क) बजेट विनियोजन तथा खर्च**

दिविल ८ अन्तर्गत प्रदेशस्तरबाट आर्थिक वर्ष २०७८/७९ मा प्रदेश बजेटको १.५ प्रतिशत मात्रै पर्यटन, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमार्फत विभिन्न कार्यक्रमका लागि प्राप्त बजेटको ७३.८ प्रतिशत खर्च भएको देखिन्छ। मन्त्रालयको सो विनियोजित बजेटमध्ये १५-२० प्रतिशत खर्च भएको पर्यटन विकासका कार्यक्रम मार्फत प्रदेशका सबै जिल्लाका सबै स्थानीय तहमा उत्पादन तथा रोजगारी समेत वृद्धि भएको छ।

**(ख) कार्यक्रम कार्यान्वयन**

यस प्रदेशले पर्यटन प्रवर्द्धनसँग सम्बन्धित प्रशस्त कार्यक्रमहरू सञ्चालन गरे तापनि विशेष गरी पर्यटकीय गन्तव्य, फेवाताल संरक्षण तथा पचभैया प्राणी उद्यान तथा वन्यजन्तु उद्धार केन्द्रमार्फत प्रदेशको बजेट खर्च गरेको देखिन्छ। पर्यटन क्षेत्रमा विनियोजित बजेटको यी कार्यक्रमहरूको लागि ५०-६० प्रतिशत बजेट रहेकोमा औसत खर्च प्रतिशत ८७ रहेको पाइएको छ। यी कार्यक्रम प्रदेशले प्रदेश रूपान्तरणका संवाहकका रूपमा लिएको र प्रदेश आफैंले उक्त कार्यक्रमहरू सञ्चालन गरेको पाइन्छ। मुख्य गरी प्रदेशमा प्रचूर पर्यटन प्रवर्द्धनको सम्भावना रहेको कारण सुरु वर्षदेखि नै अधिकांश गरिबी तथा आय असमानता ग्रामीण भेगलाई समेट्ने गरी तथा ग्रामीण विकास तथा रोजगार सिर्जना गर्ने गरी प्राथमिकताका साथ यस क्षेत्रका कार्यक्रमहरू सञ्चालन गरेको थियो।

**(ग) प्रभाव**

पर्यटकीय गन्तव्य सबै जिल्लामा सन्तुलित रूपमा विस्तार गर्ने ध्येयअनुरूप ११ वटा पर्यटकीय गन्तव्यहरूको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी सकिएको छ। ठोस प्रगति नआइसकेको भए पनि यसबाट प्रदेशका सबै जिल्लाका पर्यटकीय वस्तुहरूको संरक्षण हुने देखिन्छ भने पर्यटन क्षेत्रमा आय आर्जनको वृद्धि र रोजगारी बढ्ने देखिन्छ। फेवातालको संरक्षण र सौन्दर्यीकरण कार्यमा आर्थिक वर्ष २०७८/७९ मा रू. ५० लाखको बजेट विनियोजन गरिएकोमा सो वर्ष गरिनु पर्ने भौतिक प्रगति शतप्रतिशत रहेकोमा वित्तीय प्रगति ९२.५६ प्रतिशत रहेको छ। यस कार्यक्रममार्फत हाल यस क्षेत्रमा पर्यटकको सङ्ख्या बढेको देखिन्छ भने जलचर प्राणीहरूको संरक्षण भई पारिस्थितिक प्रणाली समेतको बचावट भएको छ। यसका अतिरिक्त पर्यटकको आगमनले स्थानीय रोजगारी र आर्थिक गतिविधि पनि बढेको पाइन्छ। त्यस्तै, पचभैया प्राणी उद्यान तथा

वन्यजन्तु उद्धार केन्द्र मार्फत सञ्चालित ताल तथा सिमसार क्षेत्र संरक्षण कार्यक्रम सञ्चालनका लागि रू. १ करोड ७० लाख विनियोजन भएकोमा भौतिक प्रगतितर्फ ८० प्रतिशत र वित्तीयतर्फ ४६.९७ प्रतिशत रहेको छ। यस कार्यक्रमबाट प्रदेशका १० वटा तालतलैयाको मर्मत सम्भार र सौन्दर्यीकरण कार्य सम्पन्न भई सो क्षेत्रमा रोजगारी बढेको छ भने स्थानीय स्तरको उत्पादन र पर्यटकमैत्री वस्तु उत्पादन बढेको छ।

## स्थानीय तहको उपलब्धि

### (क) बजेट विनियोजन तथा खर्च

प्रदेशबाट स्थानीय तहहरूमा हस्तान्तरण भएको बजेटमध्ये आर्थिक वर्ष २०७८/७९ मा हस्तान्तरित बजेटको खर्च हेर्दा ३५ देखि ९२ प्रतिशतसम्म खर्च भएको देखिन्छ। यसमा विशेष अनुदानमा सबैभन्दा कम प्रतिशत खर्च गरेकोमा अन्य अनुदानमा खर्च ८० प्रतिशतभन्दा बढी रहेको छ। स्थानीय प्रतिनिधिहरूका अनुसार यस्तो हुनुमा मुख्य कारण विशेष बजेटको निकासा ढिलो गरी हुनु हो।

### (ख) कार्यक्रम कार्यान्वयन र प्रभाव

यस प्रदेशका स्थानीय तहले प्रदेशको बजेटमार्फत मानिसहरूलाई सशक्त बनाउन मैनबत्ती, अगरबत्ती, चप्पल, सिलाइ आदि तालिम कार्यक्रमहरू प्रदान गर्दै आएको छ, जसले उनीहरूलाई अरूको लागि रोजगारीको काम गर्न वा आफ्नै व्यवसाय सुरू गर्न मद्दत गरेको पाइयो। स्थानीय तहमा श्रम तथा रोजगारीको अवस्था उत्साहजनक रहेको पाइयो। गाउँपालिकाका धेरैजसो सेवाहरू सूचना प्रविधि प्रयोग गरेर प्रदान गर्ने गरेको पाइयो। स्थानीय तहभित्रका सबै माध्यमिक तहका विद्यालयहरूमा इन्टरनेटको पहुँच रहेको पाइयो र सुरक्षा उद्देश्यका लागि सीसीटीभी क्यामेराहरू जडान गरिएको पाइयो। राजमार्गमा सीसीटीभी क्यामेरा जडान गरिएको छ। युवा उद्यमशीलता कार्यक्रम सञ्चालन गरिएको छ, जसमा पाँच व्यक्तिको समूहलाई पाँच लाखसम्म ऋण लिन कुनै धितो आवश्यक नपर्ने व्यवस्था गरेको पाइन्छ।

प्रदेशबाट स्थानीय तहलाई मुख्य रूपमा सडक निर्माण, सभाहल तथा अन्य सामाजिक महत्त्वका भवन निर्माण र खेल मैदान निर्माणसम्बन्धी कार्यक्रमहरूको लागि बजेट विनियोजन गरेको देखिन्छ।

## ४.३.२ दिविल ९—दिगो पूर्वाधार र उद्योग

### प्रदेशस्तरमा खर्चको उपलब्धि

#### (क) बजेट विनियोजन तथा खर्च

दिविल ९ अन्तर्गत प्रदेशस्तरबाट आर्थिक वर्ष २०७८/७९ मा प्रदेश बजेटको सर्वाधिक २४ प्रतिशत भौतिक पूर्वाधार विकास मन्त्रालयमार्फत बिभिन्न कार्यक्रमका लागि प्राप्त बजेटको ७३.६७ प्रतिशत खर्च भएको देखिन्छ। मन्त्रालयको सो विनियोजित बजेटमध्ये ६०-८० प्रतिशत खर्च भएको पूर्वाधार विकासका कार्यक्रममार्फत प्रदेशका सबै जिल्लाका सबै स्थानीय तहमा सामाजिक तथा आर्थिक वृद्धि-विकास हुन सहयोग पुगेको देखिन्छ।

#### (ख) कार्यक्रम कार्यान्वयन र प्रभाव

यस प्रदेशले सडक पूर्वाधारतर्फ धेरै कार्यक्रमहरू सञ्चालन गरेकोमा विशेष गरी एक निर्वाचन क्षेत्र एक सडक मार्फत प्रदेशको भौतिक पूर्वाधार विकास तर्फ छुट्टयाइएको बहुवर्षीय कार्यक्रमअन्तर्गतको बजेटको हालसम्म ६९.७८% खर्च गरेको देखिन्छ। यस आयोजनाभित्र ३५ वटा सडकहरू रहेका छन्। ठेक्कामार्फत सम्पन्न हुँदै गरेका यी योजनाहरूको सम्पन्नसँगै यस क्षेत्रमा रहेका जनताको सामाजिक आर्थिक परिवर्तन हुने देखिन्छ, यद्यपि वर्तमानमा पनि यस क्षेत्रका परियोजना प्रभावितको लागि आर्थिक अवस्था परिवर्तन गर्न सहज भएको देखिई सकेको छ। यसरी प्रदेशमा दिविल ९ अन्तर्गतका सडक पुल विकास तथा विस्तार कार्यक्रमले अधिकांश गरिबी तथा आयस्तरलाई समेत ध्यान दिंदै ग्रामीण भेगलाई समेट्ने गरी तथा ग्रामीण विकास तथा रोजगार सिर्जना गर्ने गरी प्राथमिकताका साथ यस योजनाका कार्यक्रमहरू सञ्चालन गरेको पाइन्छ।परिणाम स्वरूप प्रदेशको सडक सञ्जालको घनत्व राष्ट्रिय औसतभन्दा बढी रहेको छ।

### स्थानीय तहको उपलब्धि

#### (क) बजेट विनियोजन तथा खर्च

प्रदेशबाट स्थानीय तहहरूमा हस्तान्तरण भएको बजेट मध्ये आ. व. २०७८/७९ मा हस्तान्तरित बजेटको खर्च हेर्दा स्थानीय तहअनुसार ५० देखि ९१ प्रतिशतसम्म खर्च भएको देखिन्छ। यसमा विशेष अनुदानमा सबैभन्दा कम प्रतिशत खर्च गरेकोमा अन्य अनुदानमा खर्च ८४ प्रतिशत भन्दा बढी रहेको छ। स्थानीय प्रतिनिधिहरूका अनुसार यस्तो हुनाको मुख्य कारण विशेष बजेटको निकासा ढिलो गरी हुनु हो।

**"विशेष र समपूरकको बजेट निकै ढिलो गरी आउँछ, जुन खर्च गर्न समय नै पुगेको छैन, हामी खर्च गर्न सक्षम छौं तर प्रदेशले ढिलो निकासा दिँदा यो समस्या देखिएको छ। त्यसमाथि समपूरकको बजेट ठूलो हुन्छ, हामीले ठेक्का लगाउन पनि भ्याउने अवस्था हुँदैन, यो समस्या बर्सेनी बेहोरिरहेका छौं।** - स्थानीय तह कर्मचारी

**"प्रदेश सरकारबाट महानगरपालिकामा आउने बजेटको हिस्सा १ प्रतिशतभन्दा कम छ, जब कि गत आव २०७८/७९ मा महानगरपालिकाको आन्तरिक स्रोतबाट करिव ३६ करोडको सडक निर्माण गरिएको थियो। मुख्य जानिफकार व्यक्तिका अनुसार प्रदेश सरकारले यति सानो रकम महानगरपालिकामा पठाउन पर्दैन"।** -महानगरपालिका कर्मचारी

### (ख) कार्यक्रम कार्यान्वयन र प्रभाव

बजेट निकासा र खर्च गर्ने प्रक्रिया पूर्ण रूपमा परिपालन नभइरहेको अवस्थामा दिविललाई आधार मानेर बजेट निर्माण तथा कार्यान्वय हुने कुरा चुनौतीपूर्ण छ। नयाँ संरचनामा सिक्दै र काम गर्दै जाँदा प्रदेश तथा स्थानीय तहमा क्रमशः सुधार हुँदै जाने अपेक्षा गर्न सकिन्छ। अध्ययनबाट एउटा तथ्य के जानकारीमा आएको छ भने एकातर्फ एउटै बाटो निर्माणका लागि तीन तहका सरकारले गर्दा काममा दोहोरोपन आउने अवस्था रहेको छ भने अर्कोतर्फ यसरी काम गर्दा संविधानमा उल्लेख भएअनुसार तिनै तहका सरकारको अधिकार क्षेत्रको उल्लङ्घन हुने अवस्था सिर्जना भएको छ । स्थानीय तहमा सञ्चालन हुने विकास निर्माणका कामको कार्यक्रम तथा योजना तर्जुमा गर्दा प्रदेश सरकारले स्थानीय सरकारसँग समन्वय गरी गर्नुपर्ने देखिन्छ।

अध्ययनको क्रममा भमण गरिएका तीनवटा गाउँपालिकाबाट प्राप्त जानकारीअनुसार दिविल ९ अन्तर्गत राजमार्गमा अस्पताल निर्माण, सडक स्तरोन्नति, सडक निर्माण, झोलुङ्गे पुल निर्माण, बाँध निर्माणजस्ता गतिविधिहरू छन्। प्रदेशबाट विनियोजन भएको रकममा गाउँपालिकाको पूर्वाधारबाहेक अन्यमा विनियोजन एकदम कम छ।

साथै प्रदेश सरकारले महानगरपालिकामा बजेट पठाउदा दिविललाई आधार मानी पठाउने चलन रहेको पाइयो। प्रमुख सूचनादाताको भनाइअनुसार भौतिक पूर्वाधारको लागि भनेर आएको बजेट मेयरले छनोट गरेका स-साना आयोजनामा खर्च हुने गरेको देखिन्छ। यस्ता आयोजना छनोट गर्दा पनि दिविललाई ध्यान दिनुपर्ने देखिन्छ। त्यस्तै, आर्थिक वर्षको वीचमा वा अन्त्यतिर पनि प्रदेश सरकारबाट पूर्वाधार निर्माणको लागि बजेट आउने गरेको देखियो।

"प्रदेश सरकारले आफूले बजेट खर्च गर्न नसकेपछि महानगरपालिकामा रकम पठाउने गर्छ। प्रदेश सरकारबाट आर्थिक वर्षका विचमा महानगरपालिकामा रकम पठाउने प्रवृत्ति वन्द हुनु जरूरी छ। मापदण्ड वनाएर आयोजना छनोट गरी काम गर्ने परिपाटी बसाल्न जरूरी भैसकेको छ"।
- महानगरपालिका

गण्डकी प्रदेशबाट गाउँपालिकालाई एक करोडदेखि एक करोड पचास लाखसम्म हस्तान्तरण गरिएको देखियो। सडक बनाउन र स्तरोन्नति गर्न दिएको रकममा गाउँपालिकाहरूले ६०-८५ प्रतिशतसम्म खर्च गरेको देखिन्छ। सानो रकम पाएका तथा नजिकका गाउँपालिकामा भने समुदायको नियमित अवलोकनले गर्दा खर्च हुन सकेको बुझिएको छ।

प्रदेशबाट स्थानीय तहलाई मुख्य रूपमा सडक निर्माण, सभा हल तथा अन्य सामाजिक महत्त्वका भवन निर्माण र खेलमैदान निर्माणसम्बन्धी कार्यक्रमहरूको लागि बजेट विनियोजन गरेको देखिन्छ। स्थानीय तहलाई वर्षेनी विनियोजित बजेटको औसत खर्च प्रतिशत ८०-९३ रहेको छ।

## ४.४ दिविल ८ र ९ माथि बजेट विनियोजन तथा खर्चमा समस्या

माथिका खण्डहरूमा दिविलमा भएको सार्वजनिक खर्चको तथ्याङ्कको आधारमा मात्रात्मक विश्लेषण गरिएको थियो। यस खण्डमा अध्यनरत टोलीले दिविल ८ र ९ मा केन्द्रित भएर सञ्चालन गरेको अन्तरवार्ता र समूह छलफलहरूमा आधारित रहेर दिविलमा भएको सार्वजनिक खर्चलाई मात्रात्मक र गुणात्मक विश्लेषण गरेको छ। यस विश्लेषणलाई चार खण्डमा विभाजन गरिएको छ।

### दिविल सम्बन्धित नीति/रणनीति/दिग्दर्शन

सरकारले दिविल उत्तरदायी मध्यमकालीन खर्चको ढाँचा तर्जुमा गरेको तर पनि त्यसको खासै पालना हुन सकेको देखिँदैन। अध्ययनको क्रममा जानकारी भएअनुसार यस प्रदेशमा मध्यमकालीन खर्च संरचना र बजेट संगसंगै आउनुपर्नेमा सोअनुरूप हुन कठिनाइ रहेको छ। मध्यमकालीन खर्च संरचनामा रहेअनुरूप दिविल ८ र ९ मा बजेट विनियोजन गरिने चलन नभएको देखिन्छ । यसबाहेक नीति योजना तथा कार्यक्रम तर्जुमा गर्न आवश्यक पर्ने सही, विश्वसनीय र समसामयिक सूचना तथा तथ्याङ्कको अभाव छ। प्रदेशमा सूचना उत्पादन गर्ने संयन्त्रको अभाव खड्किएको छ। प्रदेशस्तरमा एकीकृत तथ्याङ्कीय संस्था स्थापना हुन ढिलो भैसकेको अवस्था छ ।

सर्वेक्षणमा सहभागीहरूका अनुसार यस प्रदेशमा विगत तीनवर्षमा बजेट तर्जुमाको क्रममा दिविलको लक्ष्यलाई केन्द्रित गरी कार्यक्रम तथा योजना बनाउने प्रयास हुन थालेको छ। प्रदेशको आवधिक योजनाका प्राथमिकता रहेतापनि बढी मात्रामा राजनीतिक पहुँच र व्यक्तिगत तबरले आएका

कार्यक्रमहरूले स्थान पाएको देखियो। विशेष गरी सामाजिक क्षेत्रमा बर्सेनी बजेटको अभाव खट्किएको देखिन्छ।

पूर्वाधार क्षेत्रमा टुक्रे आयोजनाको सङ्ख्या अत्यधिक मात्रामा रहेको कारण पनि पुराना ठेक्का लागेका आयोजना तथा कार्यक्रमहरूका लागि बजेट पुऱ्याउन कठिन हुँदाहुँदै नयाँ कार्यक्रमको सुरुवातीले बजेट विनियोजन थप कठिन भएको देखिन्छ। जस्तैः लक्ष्य ९ मा १० लाख भन्दा कम बजेट भएका कार्यक्रमको सङ्ख्या विगत तीन वर्षमा उल्लेख्य रूपमा बढेको छ ।

## स्थानीय तहमा दिविल खर्चमा देखिएको प्राविधिक समस्या

प्रदेश सरकारबाट महानगरपालिकामा पर्यटन क्षेत्र विकास र पूर्वाधार विकासका लागि नगण्य मात्रामा रकम गएको देखियो। प्रदेशबाट नवप्रवर्तन, लघु उद्यम विकास र श्रम तथा रोजगार सम्बन्धी काममा केन्द्रित गरेर बजेट तथा कार्यक्रम न्युन रुपमा गएको देखियो। प्रदेश सरकारबाट पोखरा महानगरपालिकामा दिविल ९ का लागि आएको रकममध्ये रु. ८० लाख मात्रै खर्च भएको छ। गाउँपालिका स्तरमा भएका अन्तर्वार्ताको आधारमा दिविल ८ र ९ मा रहेका विद्यमान अवस्था तल प्रस्तुत गरिएको छ :

१. गाउँपालिकामा दिविल हासिल गर्ने उद्देश्य राखेर प्रत्यक्ष रूपमा कुनै कार्यक्रम/परियोजनाहरू सञ्चालन गरिएको पाइएन। साथै दिविलसम्वन्धी कुनै तालिम/प्रशिक्षणहरू सञ्चालन भएका छैनन्। दिविलको अवधारणाबारे जनप्रतिनिधि र कर्मचारीहरूमा आवश्यक जानकारी भएको पाइएन।
२. घाटा बजेट र बजेट निरन्तरताको अनिश्चितताले बहुवर्षीय योजना सञ्चालनमा अन्योल सिर्जना देखिएको छ।
३. प्रादेशिक तहबाट स्थानीय तहसम्म कोष वितरणमा तहगत अख्तियारी ढिलाइले गर्दा कार्यक्रम/परियोजना समयमै सुरू तथा समाप्त हुने अवस्था छैन।
४. स्थानीय तहस्तरमा अनुगमन तथा कार्यसम्पादन मूल्याङ्कन संयन्त्र कमजोर छ।
५. स्थानीय तहको अधिकांश क्षेत्र अन्नपूर्ण संरक्षण क्षेत्र परियोजनाको क्षेत्रमा पर्ने हुँदा कुनै पनि पूर्वाधार सम्बन्धी परियोजनाहरू सञ्चालन गर्न कानुनी जटिलता छ।

## समूह छलफलबाट निस्केको निचोड

१. जनस्तरमा दिविलबारे आवश्यक जानकारी छैन। साथै सङ्घीय तथा प्रदेश सरकारबाट दिविल हासिल गर्न सञ्चालन गरिएका कार्यक्रमहरूको बारेमा पूर्ण जानकारी छैन।
२. गाउँपालिकाको समग्र विकास र आवश्यकतालाई समेट्ने गरी कार्यक्रम सञ्चालन गर्न गाउँपालिकामा पर्याप्त बजेट तथा स्रोत साधनको अभाव छ।

३. कार्यक्रम वा आयोजना सञ्चालनपूर्व, कार्यक्रम चलिरहेको अवस्थामा र परियोजना कार्यान्वयन भएपछि आवश्यकताअनुरूप अनुगमन हुँदैन ।
४. गाउँपालिकाले सञ्चालन गरेका कतिपय सिप अभिवृद्धिसम्वन्धी तालिमहरू पाएपछि व्यवसाय सञ्चालनका लागि पुँजीको अभावका कारण स्वरोजगार हुन कठिनाइ छ ।

## ४.५ निष्कर्ष

यस मामिला अध्ययनमा दिविल ८ अन्तर्गत प्रदेशमा दिगो पर्यटन प्रवर्द्धनमार्फत दिगो आर्थिक वृद्धि र रोजगारी र दिविल ९ मा अन्तर्गतका पूर्वाधार र उद्योग सम्बन्धी प्रदेशमा र प्रदेश स्तरबाट स्थानीय तहमा गएको र अन्तिम खर्च इकाईसम्म गएको खर्चको खोजीनीति विश्लेषण गरिएको छ । दिविल ८ अन्तर्गतका कार्यक्रममार्फत हाल गण्डकी प्रदेशमा पर्यटकको सङ्ख्या बढेको देखिन्छ भने जलचर प्राणीहरूको संरक्षणभई पारिस्थितिक प्रणाली समेतको बचावट भएको छ। यसका अतिरिक्त पर्यटकको आगमनले स्थानीय रोजगारी र आर्थिक गतिविधि पनि बढेको पाइन्छ। त्यस्तै, पचभैया प्राणी उद्यान तथा वन्यजन्तु उद्धार केन्द्रमार्फत सञ्चालित ताल तथा सिमसार क्षेत्र संरक्षण कार्यक्रम सञ्चालनमार्फत प्रदेशका १० वटा तालतलैयाको मर्मत सम्भार र सौन्दर्यीकरण कार्य सम्पन्न भई सो क्षेत्रमा रोजगारी बढेको छ भने स्थानीय स्तरको उत्पादन र पर्यटकमैत्री बस्तु उत्पादन बढेको छ। गण्डकी प्रदेशमा दिविल ९ अन्तर्गतका सडक पुल विकास तथा विस्तार कार्यक्रमले अधिकांश गरिबी तथा आयस्तरलाई समेत ध्यान दिंदै ग्रामीण भेगलाई समेट्ने गरी ग्रामीण विकास तथा रोजगार सिर्जना गर्ने गरी प्राथमिकताका साथ यस योजनाका कार्यक्रमहरू सञ्चालन गरेको पाइन्छ ।

अध्याय- ५

# बजेट विनियोजन, हस्तान्तरण र खर्चसम्बन्धी समस्या र समाधान

गण्डकी प्रदेश सरकारका विभिन्न तह र निकायबीच समन्वयको अभाव, सामयिक, भर पर्दा तथा वस्तुपरक तथ्याङ्कको अभाव, आयोजना छनौट गर्ने स्पष्ट मापदण्डको कम प्रयोग, कमजोर अनुगमन तथा मूल्याङ्कन प्रणाली र सरकारी निकायहरूबीच उचित तालमेल नहुँदा सरकारी काममा र बजेट खर्चमा दोहोरोपन भइरहेको अवस्था छ। जस्तै एकातर्फ एउटै बाटो तीन तहका सरकारले गर्दा काममा दोहोरोपन आउने गरेको छ भने अर्कोतर्फ यसरी काम गर्दा संविधानमा उल्लेख भएअनुसार तिनै तहका सरकारको अधिकार क्षेत्र समेत मिचिने अवस्था सिर्जना भएको छ। संविधानले तोकेवमोजिम आ-आफ्नो कार्यक्षेत्रअनुसार बजेटको आकार समेतलाई ख्याल गर्दै बजेटको व्यवस्था गरी दिविलअनुसार आयोजनाको छनोट, कार्यान्वयन र अनुगमन हुनु जरूरी छ।

मुख्य उत्तरदाता छलफलबाट प्राप्त जानकारीअनुसार "प्रदेशमा तालिम दिएपछि कम मात्रामा अनुगमन गर्ने चलन छ। उद्यम विकाससम्बन्धी तालिम दिएपछि तालिम प्राप्त व्यक्तिले उक्त तालिमको आधारमा रोजगार वा स्वरोजगार अथवा उद्यमी बने/नबनेको यकिन गर्न सकिएको छैन"। विस्तृत रूपमा तथ्याङ्क सङ्कलन गरी क्षेत्रगत गुरुयोजना निर्माण गरी योजनाबद्ध रूपमा कार्यक्रम तय गर्ने तथा कार्यान्वयन गर्दै जानुपर्नेमा सो हुन सकेको छैन। जनतालाई प्रत्यक्ष सम्बोधन हुने गरी नयाँ कार्यक्रम तथा योजना ल्याउने, पुराना सरकारका राम्रा कामलाई निरन्तरता दिने, बाँकी कानुन निर्माण गर्ने, सुशासन कायम गर्दै प्रदेश सरकारको औचित्य पुष्टि गर्नुपर्ने चुनौती पनि उत्तिकै छ। त्यसैले अनुगमन र मूल्याङ्कन प्रभावकारी ढंगले गर्न जरूरी देखिन्छ।

गण्डकी प्रदेशमा कृषि उत्पादनदेखि उपभोक्तासम्मको आपूर्ति शृङ्खला सिलसिलाबद्ध तरिकाको नहुँदा कृषि क्षेत्रमा प्रदेश सरकारले गरेको लगानीबाट सञ्चालित अधिकांश कार्यक्रमहरूले उल्लेख्य प्रतिफल दिएका छैनन्। साथै बजेट तथा कार्यक्रमले समेटेका कृषकको सङ्ख्या ज्यादै न्यून छ। सामाजिक क्षेत्रका कार्यक्रमहरूमा समेत परिवर्तनकारी भूमिकामा रहने गरी उच्च प्रतिफल दिने खालका कार्यक्रमहरूले प्रतिस्थापन गर्नुपर्ने देखिन्छ। प्रदेशस्तरको स्वास्थ्य संरचना तथा स्वास्थ्य क्षेत्रको क्षमतामा हालको अवस्थाले सहजै स्वास्थ्य सेवामा सर्वसाधारणको पहुँच पुर्याउन सकेको छैन। स्वास्थ्यमा सर्वसाधारणको खर्च अत्यधिक रहेकोले गुणस्तरीय सुलभ स्वास्थ्य सेवाप्रति प्रदेशको

ध्यान केन्द्रित हुनु आवश्यक छ। असीमित अर्थोपार्जनको सम्भावना बोकेको पर्यटन विकासका क्षेत्रमा स-साना कार्यक्रममा खर्च केन्द्रित गरिएको देखिन्छ। समग्रमा यस प्रदेश सरकारको जिम्मेवारीभित्र रही स्पष्ट प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यक्रम निर्धारण गर्ने र बजेट विनियोजन गर्ने गरेको भएता पनि ती कार्यक्रममा समसामयीक सुधार हुन आबश्यक छ। बजेट प्रणालिमा निम्नअनुसार समस्या छन:

## (क) बजेट व्यवस्थापन र विनियोजनमा समस्या

१. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS)मा दिविल अनुसार साङ्केतीकरण नगरिनु,
२. प्रदेश सरकारको आयको दायरा साँघुरो हुँदा बजेटको अभाव रहनु,
३. क्षेत्रगत सन्तुलित विकासको अवधारणाअनुरूप बजेट बिनियोजन नहुनु,
४. दिविलका लक्ष्यको आधारमा बजेट छलफल र विनियोजन नहुनु,
५. बजेट तर्जुमाको क्रममा राजनीतिक पहुँचले प्रश्रय पाउँदा दिविलको महत्त्व ओझेलमा पर्नु,
६. एकल अधिकारको सूचीमा पर्ने कर (कृषि आयमा लाग्ने कर) कार्यान्वयनमा आउन नसक्नु,,
७. स्थानीय तहसँग बाँडफाँड हुने करहरूसमेत प्रभावकारी हुन नसक्नु,
८. नदीजन्य पदार्थबाट प्राप्त हुने आयमा समस्या रहनु,
९. विज्ञापन करको दायरा बढ्न नसक्नु,
१०. मनोरञ्जन करको दायरा वढ्न नसक्नु,
११. सवारी साधन करमा समस्या रहनु (अन्य प्रदेशमा दर्ता हुने, कर अन्यत्र वुझाउने प्रयोग यस प्रदेशमा गर्ने)
१२. घर जग्गा रजिष्ट्रेसन शुल्कको वास्तविक कारोवारसँग तादात्म्य मिलाउन नसक्नु,
१३. अन्य सम्भावित आयमा स्रोत पहिल्याउने र आय वृद्धि गर्ने कार्य हुन नसक्नु,
१४. प्रदेशको बजेट तथा कार्यक्रममा मापदण्डको पालनमा अभाव देखिएको। भएका मापदण्ड तथा नीतिगत व्यवस्था कार्यान्वयनमा समस्या देखिनु,
१५. प्रदेश स्तरीय योजना/कार्यक्रममा स्वदेशी तथा विदेशी लगानी कर्ताहरू आकर्षित हुन नसक्नु,
१६. अधुरा आयोजनाको सङ्ख्या बढ्दै जानु,
१७. केन्द्रबाट प्राप्त हुने समपूरक र विशेष अनुदान बजेटमा प्रस्ताव गरिए बमोजिम प्राप्त नहुनु,
१८. प्रदेशको आयवृद्धिका लागि चाल्नुपर्ने कदमहरू (कानुन निर्माण, अध्ययन अनुसन्धान) अपेक्षित मात्रामा गर्न नसक्नु,
१९. अधुरा आयोजनाको सङ्ख्या बढ्दै गइरहेको अवस्थामा रकमान्तरको प्रयोगको कारण विनियोजन र आवधिक पुनरावलोकन कुशल हुन नपाउनु,
२०. प्रदेशको आन्तरिक आय सीमित हुनु,

### (ख) हस्तान्तणमा समस्या

१. प्रदेश विनियोजन ऐन तथा समपूरक अनुदानसम्बन्धी कार्यविधिअनुसार समपूरक रकम निकासा गर्दा अघिल्लो आर्थिक वर्ष वा चौमासिकको खर्चको विवरण पेश गर्नुपर्ने व्यवस्था रहेको छ। तर कतिपय स्थानीय निकायले समयमा प्रतिवेदन पेश नगर्नेहुँदा रकम हस्तान्तरणमा समस्या देखापर्ने गरेको।

२. बजेटबारे खर्च गर्ने इकाईलाई ढिलो जानकारी हुनु।

### (ग) खर्च तथा कार्यान्वयनमा समस्या

१. खरिद ऐन लागु गराउन समस्या रहने,

२. मन्त्रालयले अधिकांश समय विषयगत मन्त्रालयहरूको कानुनहरूको राय/सहमति तथा कार्यक्रम संशोधनमा केन्द्रित गर्नुपर्ने हुँदा खर्चतर्फ ध्यान केन्द्रित हुन नसक्नु,

३. स्थानीय तहले सङ्कलन गरेको साझा करको अद्यावधिक विवरण प्राप्त गर्ने संयन्त्रको विकास भईनसकेको साथै साझा करबाट सङ्कलित रकम कतिपय स्थानीय तहहरूमा समयमै दाखिला नहुँदा कार्यक्रम खर्चमा समस्या रहनु,

४. प्रदेश र स्थानीय तहबीच कोष प्रवाह संयन्त्र तयार हुन नसक्दा खर्चको निगरानी कठिन रहनु,

५. अन्य निकायको बजेट कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने कार्यमा मन्त्रालयको अधिकांश समय खर्च हुँदा मन्त्रालयको संस्थागत सुदृढीकरणमा पुग्नुपर्ने जति ध्यान दिन पुग्न नसक्नु

६. केन्द्रबाट प्राप्त हुने समपूरक र विशेष अनुदान बजेटमा प्रस्ताव गरिए बमोजिम प्राप्त नहुने गरेको

७. स्थानीय तहमा वितरण गरिने अनुदान रकमको खर्चको विवरण हेर्ने प्रणालीको विकास हुन नसकेको,

८. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समस्या आउँदा समय समयमा कार्यसम्पादनमा कठिनाइ आउने गरेको,

९. प्रदेशको खर्चको आवश्यकता र क्षमताको अनुपातमा प्रदेशलाई प्राप्त हुने राजस्व बाँडफाँड र समानीकरण अनुदान कम प्राप्त हुने गरेको,

१०. राजस्व असुल गर्ने निकायबीच सूचना आदानप्रदान र समन्वयको अवस्था कमजोर रहेको

११. राजस्व परिचालनका कतिपय विषयमा सङ्घ, प्रदेश र स्थानीय तहमा कानुनी अस्पष्टता (नदीजन्य पदार्थ, दहत्तर बहत्तर तथा वन पैदावार आदि)

१२. सहकारी दर्ता नियमन र वार्षिक कार्यक्रम कार्यान्वयन गर्दा कार्यबोझ अधिक रहेको,

१३. अनुदानसम्बन्धी वार्षिक कार्यक्रम कार्यान्वयनका लागि एकीकृत कार्यविधि कारेयन्वयनमा कठिनाइ भएको।

अध्याय - ६

# दिगो विकास लक्ष्यका सूचकहरूको प्रगति

## ६.१ सरकारी खर्चले दिविलमा ल्याएको परिवर्तन

प्रदेशमा विनियोजित बजेटको खर्चको अवस्था सामान्यतया सन्तोषजनक नै देखिएको भए तापनि यसको प्रतिफल भने क्षेत्रअनुसार मिश्रित रहेको पाइएको छ। दिविलको लक्ष्यअनुसार क्षेत्रगत रूपमा भएको खर्च र त्यस खर्चको उपलब्धिअनुसार विगत तीन आर्थिक वर्षमा भएको मुख्य प्रगतिलाई साङ्केतिक रूपमा निम्नानुसार तालिकामा समेटिएको छ।

### तालिका १९: गण्डकी प्रदेशमा सरकारी खर्चले दिविलमा ल्याएको परिवर्तनको सारांश

| लक्ष्य | क्षेत्र | मुख्य सूचकको आधाररेखा | चार आ.व.का मुख्य कार्यक्रमहरू | मुख्य प्रगति | सङ्केत |
|---|---|---|---|---|---|
| १: गरिबीको अन्त्य | गरिबी निवारण, सहकारी | १) गरिबीको रेखामुनि रहेको जनसङ्ख्या<br>२) बहु आयामिक गरिबी सूचकाङ्क<br>३) प्राकृतिक प्रकोपबाट जन धनको क्षति | - मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम,<br>- सहकारी विकास तथा गरिबी निवारण कार्यक्रम | - प्रदेशको बहुआयामिक गरिबी घटेको,<br>- सहकारी मार्फत् ५०० भन्दा बढी किसान तथा उद्यमीहरूलाई ब्याजमा अनुदान<br>- प्रतिव्यक्ति आय १४३७ डलर पुगेको<br>-लघु वित्तको सङ्ख्या बढेको<br>- कुल उपभोगमा तल्लो ४० प्रतिशत हिस्सा बढेको | |

| लक्ष्य | क्षेत्र | मुख्य सूचकको आधाररेखा | चार आ.व.का मुख्य कार्यक्रमहरू | मुख्य प्रगति | सङ्केत |
|---|---|---|---|---|---|
| २. भोकमरीको अन्त्य | कृषि तथा पशुपन्छी विकास, पोषण, सिञ्चाइ | १) भूमि तथा कृषि उत्पादकत्व<br>२) वर्षभरी सिँचाइ उपलब्ध हुने खेतीयोग्य क्षेत्र | - कृषि तथा पशुपन्छी प्रवर्द्धन कार्यक्रमहरू,<br>- पोषण कार्यक्रम | - प्रमुख खाद्यान्न बालीको उत्पादकत्व बढेको<br>- बढ्दो कृषि उत्पादन,<br>- हाइ-टेक कृषि प्रणाली<br>- व्यवसायिक र प्रविधियुक्त खेती | |
| ३. स्वस्थ जीवन | स्वास्थ्य, जनसङ्ख्या तथा परिवार कल्याण | १) मातृमृत्यु दर (प्रति लाखमा)<br>२) पुड्कोपनाको व्याप्तता<br>३) दक्ष स्वास्थ्यकर्मिबाट सुत्केरी गराउने<br>४) पूर्ण खोप प्रतिशत<br>५) ३० मिनेटको दुरीमा स्वास्थ्य सेवाको पहुँच प्राप्त परिवारको प्रतिशत | -स्वास्थ्य शिविर<br>- एकीकृत स्वास्थ्य तथा सरसफाइ<br>-अस्पताल सुदृढीकरण | -अपेक्षित् आयु वृद्धि भएको<br>-दक्ष स्वस्थ्यकर्मीबाट सुत्केरी गराउने प्रतिशत बढेको<br>-स्वास्थ्यकर्मी तथा FCHVको तालिमबाट ५०० भन्दा बढीको क्षमता अभिवृद्धि | |
| ४. शिक्षा र सामाजिक विकास | शिक्षा, समावेशीकरण, युवा, भाषा संस्कृति | १) प्राविधिक तथा व्यावसायिक शिक्षामा महिलाको भर्ना अनुपात<br>२) साक्षरता दर | -नमुना बिद्यालय<br>-उच्च शिक्षा<br>-युवा तथा खेलकुद<br>-शैक्षिक विकास | -गण्डकी प्रदेश पूर्ण साक्षरता दर बढेको<br>-उच्च शिक्षामा कुल भर्नादर वृद्धि<br>-शिक्षक/बिद्यार्थी अनुपातमा सुधार आएको<br>-९०० स्कुलमा STEM गतिविधि<br>-रंगशाला निर्माण<br>-४० सामुदायिक क्याम्पसमा पूर्वाधार निर्माण<br>-१० वटा विषयहरूमा अनुसन्धान | |

| लक्ष्य | क्षेत्र | मुख्य सूचकको आधाररेखा | चार आ.व.का मुख्य कार्यक्रमहरू | मुख्य प्रगति | सङ्केत |
|---|---|---|---|---|---|
| ५.लैङ्गिक समानता | महिला सशक्तीकरण, जेष्ठ नागरिक संरक्षण, बालबालिका | १) १५ वर्ष मुनिका विवाहित किशोरीको अनुपात<br>२) श्रममा महिला सहभागिताको दर<br>३) प्रदेश प्रतिनिधि सभामा महिलाको प्रतिशत<br>४) जनसङ्ख्यामा लैङ्गिक अनुपात | - बाल संरक्षण<br>-जेष्ठ नागरिक सेवा केन्द्र<br>-सचेतना तथा सशक्तीकरण<br>-बाल हेल्प लाइन सञ्चालन<br>-बालबिबाह न्यूनीकरण | -जनसङ्ख्यामा लैङ्गिक अनुपात बढेको<br>-प्रदेश प्रतिनिधि सभामा महिलाको प्रतिशत नियमानुसार रहेको<br>-२० वटा बालगृह स्थापना र १०० सडक बालबालिका संरक्षित<br>-२३० वटा जेष्ठ नागरिक सेवा केन्द्र निर्माण<br>- ५०० महिलालाई उद्यम सम्बन्धी सिपयुक्त प्राविधिक तालिम प्रदान | |
| ६.स्वच्छ पानी र सरसफाइ | खानेपानी र सरसफाइ | १) सुरक्षित खानेपानी प्रयोग गर्ने जनसङ्ख्या (प्रतिशत)<br>२) शौचालयको प्रयोग गर्ने जनसङ्ख्याको प्रतिशत | -सघन खानेपानी कार्यक्रम<br>-सरसफाइ तथा ढल व्यवस्थापन<br>-खानेपानी आयोजना गुणस्तर र स्रोत, मर्मत सुधार | -९३.१% घरधुरीलाई स्वच्छ खानेपानी सुविधा पुगेको | |
| ७. दिगो ऊर्जा व्यवस्थापन | जलविद्युत, सौर्य ऊर्जा, बायोग्यास | १) विद्युतको पहुँच पुगेको जनसङ्ख्या<br>२) विद्युत् उपभोग (kw-hr) | -ऊर्जा विकास कार्यक्रम | -जलविद्युत् जडित क्षमता ६६५ मे.वा. पुगेको<br>-प्रतिव्यक्ति विद्युत् उपभोग (kw-hr) २७० पुगेको<br>-बिद्युतमा पंहुँच पुगेको जनसंख्या ९९.५% | |

| लक्ष्य | क्षेत्र | मुख्य सूचकको आधाररेखा | चार आ.व.का मुख्य कार्यक्रमहरू | मुख्य प्रगति | सङ्केत |
|---|---|---|---|---|---|
| ८. दिगो आर्थिक वृद्धि र मर्यादित कार्य | पर्यटन, सङ्ग्रहालय, होमस्टे, रोजगारी | १) प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन<br>२) वित्तीय सेवामा पहुँच<br>३) बेरोजगारी दर<br>४) जीवन बिमा गरेकाको प्रतिशत | -पर्यटन विकास र प्रवर्द्धन | - श्रम उत्पादकत्व बढेको र बरोजगारी घटेको<br>- केही होमस्टेको स्तरोन्नति<br>- सांस्कृतिक ग्रामको अध्ययन | |
| ९.उद्योग, पूर्वाधार | सडक, पुल, औद्योगिक क्षेत्र, खानी र खनिज पदार्थ | १) सडक घनत्व<br>२) कालोपत्रे गरेको सडक लम्बाइ<br>३)मोबाइल नेटवर्कको पहुँच पुगको जनसङ्ख्या | -सडक तथा पुल निर्माण र मर्मत<br>-१०००० साना तथा घरेलु उद्योग दर्ता, वार्षिक ४० हजारभन्दा बढी उद्यमी तथा रोजगार सिर्जना | - २००० कि.मि.सडक निर्माण, ७७ पुल निर्माण, ५१० किमि. कालोपत्रे सडक निर्माण | |
| १०. असमानता घटाउने | | १) जिनी गुणाङ्क<br>२) कृषक परिवारमा लघुवित्तीय संस्थाको पहुँच | | गिनी गुणाङ्क घटेको देखिने | |
| ११. दिगो र उत्थानशील बस्ती विकास | भवन निर्माण, सहरी पूर्वाधार विकास, आवास, पार्क | १) सुरक्षित घरमा बसोबास गर्ने घरपरिवार<br>२) सुरक्षित र भरपर्दो यातायातको उपलब्धता<br>३) योजनाबद्ध नयाँ शहरको विकास<br>४) प्राकृतिक विपत्तिबाट हुने दुर्घटना र मृत्यु | -आवास व्यवस्था तथा बस्ती विकास<br>-भवन तथा सभाहल निर्माण<br>-सहरी पूर्वाधार विकास | -आफ्नै स्वामित्वमा बसोवास गर्ने परिवार प्रतिशत बढेको<br>-३० मिनेटको पैदल दुरीमा बजार पुग्ने जनसख्या बढेको<br>-५० वटा नयाँ एकीकृत बस्ती निर्माण,<br>-१५ वटा सरकारी भवन तथा सभाहल<br>-५० भन्दा बढी नया पार्क निर्माण | |
| १२.दिगो उत्पादन र उपभोग | | १) खाद्यान्न उत्पादनका लागि भूमिको प्रयोग<br>२) वार्षिक प्रतिव्यक्ति खाद्य उपभोग | | | |

| लक्ष्य | क्षेत्र | मुख्य सूचकको आधाररेखा | चार आ.व.का मुख्य कार्यक्रमहरू | मुख्य प्रगति | सङ्केत |
|---|---|---|---|---|---|
| १३.जलबायु परिवर्तन र प्रभाव नियन्त्रण | विपद न्यूनीकरण तथा व्यवस्थापन, बाढी भविष्यवाणी, नदी नियन्त्रण, जल उत्पन्न प्रकोप | १) प्राकृतिक विपत्तिबाट आर्थिक नोक्सानी<br>२) जलवायु अनुकूलन नमुना गाउँ<br>३) जलबायु अनुकूलन खेती<br>४) जलबायु अनुकूलनमा तालिमप्राप्त व्यक्तिहरू | -हरियाली प्रवर्द्धन, सडक सौन्दर्यीकरण<br>-वाताबरण तथा जलवायु अनुकूलन कार्यक्रम | -वायु प्रदुषण घटेको<br>-अनुकूलन कार्यक्रमको प्रगति उल्लेख्य रहेको<br>-२० वटा कार्यालयमा हरियाली सम्पन्न,<br>-६३ वटा वाताबरणीय अध्ययन सम्पन्न<br>-६ वटा जलवायु अनुकूलन कार्यबाट २०० जना भन्दा बढी सुसूचित | |
| १५. वन तथा जैविक विविधताको दिगो उपभोग तथा संरक्षण | वन, वन पैदावार, जैविक विविधता, | १) कुल क्षेत्रफलमा वन जङ्गलको क्षेत्रफल<br>२) थप वृक्षारोपण | -वन, वन्यजन्तु तथा जैविक विविधता संरक्षण<br>-बु संरक्षण र जलाधारको व्यवस्थापन<br>-वन उद्यम र पर्यापर्यटन<br>-एक गाउँ एक पोखरी<br>- वन क्षेत्रका खोल्सा खोल्सी व्यवस्थापन | -वार्षिक ४ लाख क्यु.फि. काठ र १२०० चट्टा दाउरा उत्पादन<br>-जडीबुटी तथा गैर काष्ठ जन्य केही लाख विरूवा उत्पादन<br>-बर्सेनी ५० पहिरो जोखिम व्यवस्थापन, वार्षिक १२ कि.मि.नदी तटबन्ध, ३८ जलाधार क्षेत्र संरक्षण, २७८०० घ.मि. पानी क्षमताका पोखरी निर्माण, | |

| लक्ष्य | क्षेत्र | मुख्य सूचकको आधाररेखा | चार आ.व.का मुख्य कार्यक्रमहरू | मुख्य प्रगति | सङ्केत |
|---|---|---|---|---|---|
| १६. सुशासन, शान्ति र समावेशी समाज | कानुन, शान्ति, न्याय, सेवा प्रवाह, क्षमता विकास, सस्थागत विकास, सार्वजनिक खर्च तथा वित्त व्यवस्थापन, राजस्व, आर्थिक मामिला, सूचना तथा सन्चार | १) पारदर्शिता र जवाफदेहिता<br>२) सार्वजनिक सेवामा सेवाग्राहीको सन्तुष्टिको प्रतिशत<br>३) सार्वजनिक संस्थाको निर्णय प्रक्रियामा महिलाको नेतृत्वको अनुपात | - सुशासन प्रवर्द्धन कार्यक्रम<br>-प्रदेश सभा, मुख्य न्यायाधिवक्ता कार्यालय<br>-अर्थ मन्त्रालय र योजना आयोग<br>-लगानी सम्मेलन<br>-समुदायमा कानुनी शिक्षा<br>-परियोजना बैङ्क<br>-राजस्व अनुसन्धान र अध्ययन | -अनलाइन प्रतिवेदन प्रणाली प्रयोग गर्ने स्थानीय तह बढ्दै गएको<br>-बेरूजु अनुपात घटेको<br>-प्रदेश सभामा १० वटा सी.सी. क्यामेरा जडानले सुरक्षा प्रवर्द्धन<br>-मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रमबाट वार्षिक १९००० व्यक्तिले १०० दिन बराबरको रोजगार पाएको, | |
| १७. दिगो विकासको लागि साझेदारी | प्रदेश र स्थानीय तहको साझेदारी | १) प्रदेश बजेटमा कर राजस्वको योगदान प्रतिशत<br>२) इन्टरनेटको घनत्व (प्रति सय व्यक्तिमा)<br>३) साझेदारी सहभागिता | -प्रदेशबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण | -गाउँपालिका र नगरपालिकाले सञ्चालन गरेका विशेष गरी सडक, भवन निर्माण, खेल मैदान निर्माण, तथा वस्ती निर्माणका कार्यक्रमहरूको भौतिक प्रगति, ७५-८५ % रहेको र वित्तीय प्रगति ८०-९०% रहेको, | |

हरियो : लक्ष्य प्राप्त गरेको, पहेंलो : लक्ष्य उन्मुख, रातो : लक्ष्य प्राप्त गर्न कठिन,

अध्याय - ७

# निष्कर्ष तथा सुझाव

## ७.१ निष्कर्ष

नेपालको संविधानले तीनतहका सरकारको व्यवस्था गरेको छ। संविधानले प्रदेशलाई आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक-सामाजिक, प्राकृतिक, मानवीय स्रोत र साधानहरू परिचालन गरी समुन्नत बनाउन दिशानिर्देश गरेको छ। यसै मुताविक प्रदेशहरुले आर्थिक वर्ष २०७६/७७ देखि चालु आर्थिक वर्ष २०७८/७९ सम्ममा आफूलाई परिष्कृत गर्दै प्रदेश संरचनालाई संविधानले परिकल्पना गरेबमोजिम संस्थागत गर्दै लगेका छन्। त्यसैले प्रदेशमा बजेट विनियोजन, साधन र स्रोतको प्रवाह, खर्च व्यवस्थापन कार्यक्रमहरूको तर्जुमा एवम् कार्यान्वयन र संस्थागत क्षमता आदिमा क्रमशः सुधार तथा दक्षता हासिल हुँदै आएको देखिन्छ।

सन् २०३० सम्म दिगो विकासका लक्ष्यहरू हासिल गर्न प्रदेश सरकारको भूमिका महत्त्वपूर्ण रहन्छ। दिविल बारेको बुझाइ, कार्यान्वयन र आम जनतासम्म यसको प्रतिफल पुर्याउने कार्यमा प्रदेशको कार्य क्षमता महत्त्वपूर्ण रहन्छ। यसै प्रसङ्गमा गण्डकी प्रदेश सरकारले प्रदेशका आवश्यकता, उपलब्ध साधन, स्रोत, आर्थिक, सामाजिक रूपान्तरणको प्रयासमा दिविलको अवधारणा समावेश गर्दै आएको छ। प्रदेशका योजना तथा विकासका प्राथमिकतालाई दिविलसँग आबद्ध गरिएको छ। त्यसैले प्रदेशले आफ्नो अधिकार क्षेत्र भित्र रहेर बनाएका योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमले तय गरेका प्राथमिकताहरूलाई दिविलअनुसार बजेट बजेट विनियोजन र खर्चको तादात्म्य मिल्यो कि मिलेन भन्ने कुरा हेर्नु जरूरी छ। दिविलसम्बन्धी प्रदेशगत सार्वजनिक खर्चको खोजीनीति (Tracking) गर्दा यसै दृष्टिकोणलाई आधार मानिएको छ।

दिविलसँग सम्बन्धित सार्वजनिक खर्चको खोजीनीति गर्दा एक अर्कामा अन्तर्सम्बन्धित ३ वटा उद्देश्यहरूलाई लिइएको छ। एक, प्रदेश सरकारले विनियोजन गरेको बजेट एवं खर्चलाई दिविलअनुसार कोड गरिएको अवस्थाको विश्लेषण गर्ने दुई, दिविलप्राप्तिका लागि स्रोत विनियोजन, हस्तान्तरण तथा कार्यान्वयनमा देखिएका समस्याहरूको पहिचान गर्ने तीन, दिविलको उपलब्धिहरूको विश्लेषण गर्ने र विद्यमान समस्याहरूको दक्षतापूर्ण रूपमा समाधान गर्न योग्य सुझावहरू प्रदान गर्ने। उपरोक्त उद्देश्यहरू पूरा गर्नका लागि प्रदेशले तर्जुमा गरेका र कार्यान्वयनमा ल्याएका कानुनी एवम् संरचनात्मक अवस्था, आवधिक योजना, मध्यमकालीन खर्च संरचना, बजेट, स्रोतको परिचालन र प्रवाह आदिबारे प्राप्त प्रतिवेदनहरूको विश्लेषण, स्थलगत अवलोकन, पदाधिकारी एवम् कार्यान्वयन गर्ने

निकायहरूसँगको छलफल, मुख्य जानिफकार व्यक्तिहरूसँगको अन्तरवार्ता, लाभग्राहीहरूसँग भएका समूहकेन्द्रित छलफल जस्ता विधिहरू प्रयोग गरिएको थियो।

सङ्घीयताको कार्यान्वयनसँगै गण्डकी प्रदेशको समग्र आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रहरूको विकास सकारात्मक दिशातर्फ उन्मुख भए तापनि प्रदेश संरचना नेपालको सन्दर्भमा नयाँ भएकाले यसको अभ्यास, संस्थागत क्षमता विकास र वित्तीय सङ्घीयताको कार्यान्वयन प्रभावकारी हुन थप प्रयास गर्नुपर्ने देखिन्छ। राष्ट्रिय जनगणना २०२१ को तथ्याङ्क अनुसार यस प्रदेशमा २४,७९,७४५ जनसङ्ख्या रहेको छ। यस प्रदेशले कुल राष्ट्रिय गार्हस्थ्य उत्पादनमा ८.९ प्रतिशतको योगदान पुऱ्याएको छ भने कुल जनसङ्ख्याको ८.४९ प्रतिशत समेटेको छ।। यस प्रदेशको आर्थिक सामाजिक विकासको स्थितिलाई राष्ट्रिय औसतभन्दा केहि माथि रहेको देखिन्छ।

गण्डकी प्रदेशमा मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा दिविलअनुसार बजेट साङ्केतीकरण गरी प्रविष्ठ गर्ने व्यवस्था भए तापनि पर्याप्त तालिमको अभाव, दक्ष कर्मचारीको अभाव, एवम् PLMBIS आफैमा जटिल र कार्यक्रमहरू प्रविष्ठ गर्न समय लाग्ने भएका कारण दिविलअनुसार बजेट साङ्केतीकरणमा ध्यान दिन सकेको देखिँदैन। दिविल ८ अन्तर्गतका दिगो, समावेशी र दिगो आर्थिक वृद्धि, पूर्ण र उत्पादक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने कार्यक्रमहरूतथा दिविल ९ अन्तर्गतका उद्योग, नवप्रवर्तन र पूर्वाधार (समानुकूलित र उत्थानशील पूर्वाधारहरू निर्माण, समावेशी र दिगो औद्योगिकीकरण प्रवर्द्धन र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने) सम्बन्धी क्षेत्रका कार्यक्रममा केन्द्रित, स्पष्ट र गुणस्तरीय हुन नसक्दा यसमा गरिएको खर्च न्यून रहेको छ। त्यसैले यस सार्वजनिक खर्च खोजीनीति सर्वेक्षणमा कार्यक्रम एवम् बजेट शीर्षकअनुसार पुनः दिविल अनुसार साङ्केतीकरण गरी यसको गुणस्तरलाई बढाउने र प्रदेश सरकारलाई प्रेरणा दिने प्रयत्न गरिएको छ ।

गण्डकी प्रदेशमा दिविल ८ अन्तर्गत प्रदेशमा दिगो पर्यटन प्रवर्द्धनमार्फत दिगो आर्थिक वृद्धि, रोजगारी र दिविल ९ अन्तर्गत पूर्वाधार र उद्योगसम्बन्धी प्रदेशमा र प्रदेश स्तरबाट स्थानीय तहमा गएको र अन्तिम खर्च इकाईसम्म गएको खर्चको खोजीनीति विश्लेषण गरिएको छ । दिविल ८ अन्तर्गतका कार्यक्रममार्फत हाल प्रदेशका विभिन्न क्षेत्रमा पर्यटकको सङ्ख्या बढेको देखिन्छ भने जलचर प्राणीहरूको संरक्षण भई पारिस्थितिक प्रणाली समेतको बचावट भएको छ। यसका अतिरिक्त पर्यटकको आगमनले स्थानीय रोजगारी र आर्थिक गतिविधि पनि बढेको पाइन्छ। त्यस्तै पचभैया प्राणी उद्यान तथा वन्यजन्तु उद्धार केन्द्रमार्फत सञ्चालित ताल तथा सिमसार क्षेत्र संरक्षण कार्यक्रम सञ्चालनमार्फत प्रदेशका १० वटा तालतलैयाको मर्मत सम्भार र सौन्दर्यीकरण कार्य सम्पन्न भई सो क्षेत्रमा रोजगारी बढेको छ भने स्थानीय स्तरको उत्पादन र पर्यटकमैत्री वस्तु उत्पादन बढेको छ। गण्डकी प्रदेशमा दिविल ९ अन्तर्गतका सडक पुल विकास तथा विस्तार कार्यक्रमले अधिकांश गरिबी तथा आयस्तरलाई समेत ध्यान दिंदै ग्रामीण भेगलाई समेट्ने गरी तथा ग्रामीण विकास तथा रोजगार

सिर्जना गर्ने गरी प्राथमिकताका साथ यस योजनाका कार्यक्रमहरू सञ्चालन गरेको पाइन्छ। दिविल ८ अन्तर्गत गरिएको लगानी कुशलता तथा प्राथमिकताको आधारित रहेको र यसको प्रतिफल पनि उच्च देखिने तर हालसम्म देखिई नसकेको अवस्थामा दिविल ९ अन्तर्गतका सडक पुल तथा अन्य भौतिक पूर्वाधारको प्रगति सन्तोषजनक रहेको देखिन्छ।

यसै अनुसार प्रदेशको आन्तरिक स्रोतको आयतन आवश्यक कार्यको तुलनामा निकै सानो भएको र सरकारका सबै अङ्गहरू सञ्चालन गर्न र आर्थिक सामाजिक रूपान्तरणका कार्यहरू गर्न प्रर्याप्त साधन-स्रोत नभएको तथ्य छलफल र अन्तरवार्ताको क्रममा पटकपटक प्रस्तुत भएका थिए। तीनै तहका सरकारको कार्यहरू जनताले बुझ्ने गरी स्पष्ट नभएका कारण पनि पर्यटन र पूर्वाधारका कार्यक्रममा उपभोक्ता मार्फत सम्पन्न गर्न समस्या भएका कुराहरू समुदायसँगको छलफलमा पहिचान भएका थिए। समूहगत छलफल, मुख्य जानिफकार व्यक्तिहरूसँगको अन्तवार्ता र अवलोकनबाट प्राप्त तथ्यको आधारमा निम्नअनुसारका निचोडहरू प्रस्तुत गरिएको छ ।

१. गण्डकी प्रदेश सरकारले विनियोजन गरेको बजेट र खर्च तथ्याङ्कलाई विश्लेषण गर्दा यस प्रदेशको सरदर वार्षिक खर्च करिव ६६ प्रतिशत भएको देखिन्छ ।
२. आर्थिक वर्ष २०७७/७८ मा गण्डकी प्रदेशको कुल बजेटमध्ये ९९.५५ प्रतिशत बजेट साङ्केतीकरण गरेको देखिँदैन भने आर्थिक वर्ष २०७९/८० मा कुल विनियोजित बजेटको करिब २६.५७ प्रतिशत मात्र बजेट साङ्केतीकरण गरेको पाइन्छ ।तीन वर्षको प्रवृत्तिलाई हेर्दा केही मात्रात्मक सुधार भए पनि विनियोजित बजेट र खर्चमा साङ्केतीकरण गर्ने कार्यले गुणात्मक उपलब्धि हासिल गर्न सकेको छैन ।समग्रतामा बजेट विनियोजन र खर्चमा साङ्केतीकरण नगर्ने कार्य समस्याका रूपमा रहेको छ ।
३. प्रदेशमा वार्षिक बजेट तथा कार्यक्रमत तर्जुमा प्रदेश अर्थ मन्त्रालयले दिएको बजेटसीमा र केन्द्रबाट आउने अनुमानित बजेटलाई आधार बनाएर गर्ने अभ्यास देखियो । प्रदेश सरकारले सञ्चालन गर्ने आयोजनाहरूको छनोट, विकास कार्यक्रमहरूको तर्जुमा तथा कार्यान्वयन दिविल र प्रथम पञ्चबर्षिय योजनाको आधारमा गरेको पाइयो । प्रदेश सरकारले पहिचान गरेबमोजिम प्रादेशिक गौरवका आयोजना वा प्राथमिकताका आधारमा समेत स्रोत साधन विनियोजन गरेको देखियो ।
४. सङ्घीयताको कार्यान्वयनसँगै गण्डकी प्रदेशको समग्र आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रहरूको विकास सकारात्मक दिशातर्फ उन्मुख भए तापनि प्रदेश संरचना नेपालको सन्दर्भमा नितान्त नयाँ भएकाले यसको अभ्यास, संस्थागत क्षमता विकास र वित्तीय सङ्घीयताको कार्यान्वयन थप प्रभावकारी बनाउनु पर्ने देखियो।
५. प्रादेशिक नीति, आवधिक योजना तथा मध्यमकालीन खर्च संरचनामा दिविललाई आत्मसात गरेको देखियो तर वार्षिक बजेट तथा कार्यक्रममा केहि विषय थप गरेको देखियो।

६. बजेट तर्जुमा मध्यमकालीन खर्च संरचना तर्जुमा जस्ता कार्यहरू प्रक्रिया पूरा गर्नका लागि उपयोगी रहने बजेटरी प्रक्रियालाई सुधार गर्न ध्यान दिनुपर्ने देखियो। । बजेट तर्जुमा गर्दा स्थानीय सरकारसँग थप समन्वय गर्नुपर्ने पाइयो । मध्यमकालीन खर्च संरचना र बजेट संगसंगै आउनु पर्ने देखियो।

७. PLMBIS को अवधारणा ठिक भएको तर पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको अवगत भयो । दिविललाई पूर्णरूपमा बजेट प्रक्रियामा आबद्ध गर्न मन्त्रालयलाई थप सहयोग जरूरी देखियो।बजेट शीर्षकअनुसार विषयगत रूपमा दिविल साङ्केतीकरण गर्ने मौजुदा व्यवस्था व्यावहारिक भएको पाइयो । दिविलको बारेमा पछिल्लो समयमा सामान्य चेतना तथा सरोकार वढेको पाइयो तर कार्यक्रम तर्जुमा तथा कार्यान्वयन तहमै लैजान आवश्यक पर्ने स्तरको बुझाइ ज्ञान, सिप, दिविल साङ्केतीकरण तथा प्राथमिकीकरण जस्ता विषयमा प्र्याप्त बुझाइ तथा ज्ञान भएको पाइएन । दिविल ८ र ९ सम्बन्धि कार्यसम्पादन गर्ने निकायहरूमा दिविल सम्बन्धी तालिम तथा छलफल कम भएको पाइयो।

८. प्रदेश सरकारले हरेक वर्ष ठूलो आकारको बजेट घोषणा गरेको देखिए पनि बजेट अनुसार स्रोत जुटेको पाइएन । अर्थ मन्त्रालयले उठ्नै नसक्ने आन्तरिक स्रोतको प्रक्षेपण गरी एक किसिमको घाटा बजेट जस्तै देखिने बजेट कार्यान्यनमा ल्याएको देखियो।यस्तो प्रवृत्तिलाई निरूत्साहित गरी बजेटलाई यर्थातापरक बनाउनु पर्ने देखियो।

९. विज्ञ टोली राखेर आयोजना छनोट गर्ने, आयोजना बैङ्कमा भएका आयोजना छनोट गर्ने र त्यसअनुसार बजेट विनियोजन गर्नुको सट्टा पछिल्लो समय राजनीतिक प्रभावको आधारमा टुक्रे आयोजना प्राथमिकता परेको देखियो।

१०. प्रदेश सरकारबाट महानगरपालिकामा जाने बजेटको हिस्सा सानो देखियो । प्रदेश सरकारले कुनै समयमा आफूले बजेट खर्च गर्न नसके पछि महानगरपालिकामा रकम पठाएको पनि देखियो । प्रदेश सरकारले महानगरपालिकामा बजेट पठाउँदा पनि दिविललाई आधार मानी पठाएको देखियो। कुनै कुनै वर्ष आर्थिक वर्षको बीचमा वा अन्त्यतिर प्रदेश सरकारबाट पूर्वाधार निर्माणको लागि बजेट गएको पाइयो । एकातर्फ एउटै बाटो निर्माण तीन तहका सरकारले गर्दा काममा दोहोरोपन आउने गरेको देखियो भने अर्कोतर्फ यसरी काम गर्दा संविधानमा उल्लेख भएअनुसार तिनै तहका सरकारको अधिकार क्षेत्रको संक्रमण हुने देखियो।

११. सम्बन्धित निकायसँगको छलफल र मुख्य जानिफकार व्यक्तिहरूसँगको छलफलमा अख्तियारी प्राप्त गर्न कार्यक्रम र मन्त्रालयअनुसार एक महिनादेखि ३ महिना समय लाग्ने जानकारी प्राप्त भयो। अख्तियारी प्राप्त भए पनि कार्यान्वयनमा लैजानको लागि थप समय लाग्ने कुरा बताइएको थियो । सालबसाली कार्यक्रमहरू कार्यान्वयन गर्न तुलनात्मक रूपमा सजिलो र छिटो हुने भए पनि नयाँ कार्यक्रमहरू कार्यान्वयन गर्न केही समय लाग्ने

बताइयो। नयाँ कार्यक्रमको लागि कार्यविधि बनाउनुपर्ने, कार्यान्वयनको मोडालिटी तयार गर्नुपर्ने आदि कारणले ढिलो हुन जाने देखियो।

१२. बजेट अनुमोदनपछि कार्यान्वयन गर्नुपर्ने ससर्त, समपूरक अनुदानको विनियोजित बजेट ढिलो प्राप्त हुने गरेको कुरा स्थानीय सरकारहरूबाट सुनियो र प्रदेशले कार्यान्वयन गर्ने र अनुगमन कसले गर्ने भन्ने कुरा स्पष्ट नहुँदा कार्यान्वयनको गुणस्तर कमजोर रहेको कुरा छलफलबाट प्राप्त भयो। ससर्त अनुदानका सर्तहरूले कार्यक्रम कार्यान्वयन गर्न जटिल भएको र कार्यान्वयन गर्न कुनै सन्दरेभमा नसकिएकोले रकम फिर्ता जाने समस्या समेत रहेको पाइयो।

१३. कर्मचारी सरूवा भइरहने, आवश्यक तालिमको अपर्याप्तता, पर्याप्त जनशक्ति अभाव, प्रशासनिक लामो प्रक्रिया आदि साझा समस्याका रूपमा रहेको पाइयो। त्यसैले बजेट तर्जुमा साङ्केतीकरण, कार्यान्वयन, खर्च र उपलब्धिमा अपेक्षित सफलता कम रहेको पाइयो।

१४. बजेट, खर्च, उपलब्धि बारेमा अभिलेख राख्ने, सार्वजनिक गर्ने, परिपाटीमा समस्या देखिए। तथ्याङ्कहरू व्यवस्थित छैनन भने भएका तथ्याङ्कहरूको तुलना गर्दा कतिपय नमिल्ने देखिएकोले तथ्याङ्कको गुणस्तरीयतामा दुविधा हुने देखियो। सरकारका विभिन्न तह र निकायबीच समन्वयको अभाव, कमजोर अनुगमन तथा मूल्याङ्कन प्रणाली, आदिमा भर पर्दा तथा वस्तुपरक तथ्याङ्कको अभाव, आयोजना छनोट गर्ने स्पष्ट मापदण्डको कम पालना र सरकारी निकायहरूबीच उचित तालमेल नहुँदा सरकारी काममा दोहोरोपन हुने अवस्था देखियो । कतिपय कार्यक्षेत्र र अधिकारका सन्दर्भमा दोहेरो अवस्था अथवा थप व्याख्याको अवस्था देखा पर्दा स्थानीय स्रोत साधन परिचालन गर्न कठिनाइ भएको र थप स्रोतहरूको पहिचान गर्न नसकिएको जस्ता समस्याहरू देखिए।

१५. प्रदेशका संरचनाले आफ्नो स्पष्ट स्वरूप ग्रहण गर्दैछ। मन्त्रालयहरू परिवर्तन भइरहेका छन् । कार्यक्षेत्र परिवर्तन भइरहेका छन्। समेटिएका कार्यक्षेत्रहरूमा पनि क्षेत्र अनुसार ज्ञान अनुभव भएका कर्मचारीहरूको वितरण ठिक ढङ्गले नहुँदा र अपर्याप्त हुँदा कार्यान्वयनमा निकै समस्या देखिएको छ।

१६. कानुनी आधार, कार्यक्षेत्र, बजेट योजना तर्जुमालाई यथार्थपरक, कार्यान्वयन योग्य, नतिजामूलक र आवश्यकतामा आधारित बनाइ समग्र प्रणालीसँग जोड्न आवश्यक रहेको तथ्यहरू पनि छलफलबाट प्राप्त भएका थिए।

## ७.२ सुझाव

प्रदेशका विभिन्न तह तथा निकायहरूमा सम्पन्न गरिएका समूह छलफल, उत्तरदाता अन्तर्वार्ता तथा प्रकाशित दस्तावेजहरूको अध्ययनबाट प्राप्त तथ्यको विश्लेषणका आधारमा प्रदेशका विद्यमान समस्याहरूको सुधार/निराकरणका लागि निम्न सुझावहरू प्रस्तुत गरिएको छः

१. दिविलअनुसार बजेट विनियोजन र खर्चलाई अनिवार्य रूपमा साङ्केतीकरण गर्नुपर्ने,
२. सीप दक्षतायुक्त कर्मचारीको व्यवस्था गर्नुपर्ने र त्यसका लागि आवश्यक तालिम, व्यावहारिक ज्ञान, सीप, प्रविधिसम्बन्धी सीप दिनुपर्ने तथा प्रोत्साहनलाई कार्य सम्पादनसँग जोडी प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने। स्थानीय जनशक्तिको विकास र उपयोगमा विशेष ध्यान दिनुपर्ने।
३. दिविललाई व्यावहारिक रूपमै अवलम्बन गरी तदअनुरूपका नीति, योजना तथा कार्यक्रम सञ्चालन गरेमा प्रदेश सरकारले लिएका विकासका लक्ष्य हासिल गर्न सकिन्छ । दिविलअनुसार कार्यक्रमको समूह निर्धारण गरी सो अनुरूप बजेट विनियोजनको सन्तुलन मिलाउन उपयुक्त हुने।
४. दिविल दीर्घकालीन लक्ष्य भएकाले त्यसैअनुसारका कार्यक्रमहरू तयार गर्नुपर्ने। टुक्रे र छरिएका कार्यक्रमले खासै प्रतिफल दिन नसक्ने भएकाले कतिपय कार्यक्रमहरूलाई एकत्रित गरी कार्यान्वयनमा ल्याउनुपर्ने। विकास निर्माणमा दिविललाई पूर्ण आत्मसात गरी काम गर्न गराउन प्रदेश नीति तथा योजना आयोगले आवश्यक मार्गदर्शन र सक्रियता बढाउनुपर्ने ।
५. आम जनताले बुझ्ने गरी तीन तहका सरकारको काम कर्तव्य र अधिकार स्पष्ट हुनुपर्ने। दोहोरोपन हटाउनुपर्ने। कतिपय कार्यक्रमहरू स्थानीय तहसँग दोहोरो पर्न गएकाले सामान्यतः त्यस्ता टुक्रे कार्यक्रमहरू स्थानीय तहलाई नै जिम्मा दिन उपयुक्त हुने।
६. बजेट तर्जुमा मध्यमकालीन खर्च संरचनालाई बजेटरी सुधार प्रक्रियाको रूपमा कार्यान्वयन गरी नतिजामूलक बजेटरी प्रक्रियामा जानुपर्ने। कार्यान्वयन योग्य योजना र निर्माणलाई ध्यान दिने।
७. परियोजना बैङ्कमा परियोजनाका विस्तृत कार्ययोजना तयार गरी प्रभावकारी कार्यान्वयन हुनुपर्ने।
८. एकीकृत रूपमा तथ्याङ्कहरूको सङ्कलन, संरक्षण, उपयोग र सुलभरूपमा उपलब्ध हुने व्यवस्थाको सुनिश्चित गर्नुपर्ने । अनुसन्धान र वस्तुगत रूपमा कार्यक्रमहरूको तर्जुमा गर्नका लागि उपलब्ध भएका तथ्याङ्कहरूको उपयोग गर्ने।
९. सेवा प्रवाहलाई छिटोछरितो वनाउन स्पष्ट कार्यदिशा भएको सेवामुखी संरचना बनाउन उपयुक्त हुने।
१०. प्रदेशको आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक कार्यक्रमको प्रमुख प्रगति सूचकमा तादाम्य कायम गर्नुपर्ने।
११. राजनीतिक तथा अन्य तबरबाट बजेट विनियोजनमा पर्ने प्रभावलाई कम गर्नुपर्ने।
१२. ठुला र रूपान्तरणकारी कार्यक्रमहरूको तयारी गर्दा दिविलका एकभन्दा धेरै लक्ष्य छुने हुँदा प्रत्येक लक्ष्य माथिको विनियोजन र खर्चप्रतिशत तथा समग्र प्रभावलाई उल्लेख गरिनुपर्ने।

## सन्दर्भ सामाग्री


१. अर्थ मन्त्रालय (२०७६). आर्थिक सर्वेक्षण २०७६/७७. काठमाडौँ: नेपाल सरकार, अर्थ मन्त्रालय।

२. अर्थ मन्त्रालय (२०७७). आर्थिक सर्वेक्षण २०७७/७८. काठमाडौँ: नेपाल सरकार, अर्थ मन्त्रालय।

३. अर्थ मन्त्रालय (२०७८). आर्थिक सर्वेक्षण २०७८/७९. काठमाडौँ: नेपाल सरकार, अर्थ मन्त्रालय।

४. आर्थिक मामिला मन्त्रालय (२०७८). आर्थिक सर्वेक्षण २०७८/७९. पोखरा: गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालय।

५. गण्डकी प्रदेश सरकार (२०७६–२०७९). मध्यमकालीन खर्च संरचना २०७६/७७–२०७७/७८, २०७८–७९. पोखरा: प्रदेश सरकार, प्रदेश नीति तथा योजना आयोग।

६. राष्ट्रिय योजना आयोग (२०७५–२०७९). मध्यमकालीन खर्च संरचना २०७५–७६,२०७६–७७,२०७७–७८, २०७८–७९. काठमाडौँ: नेपाल सरकार, राष्ट्रिय योजना आयोग।

७. आर्थिक मामिला मन्त्रालय (२०७५–२०७९). बजेट वक्तव्य २०७५/७६, २०७६/७७, २०७७/७८. पोखरा: गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालय।

८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (२०७९). दिगो विकास लक्ष्यको साङ्केतीकण स्रोत पुस्तिका, २०७९. काठमाडौं: नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।

९. राष्ट्रिय योजना आयोग (२०२१). बहुआयामिक गरिबी सूचक- २०२१ , काठमाडौँ: नेपाल सरकार, राष्ट्रिय योजना आयोग ।

१०. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (२०२२). नेपाल जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण -२०२२. काठमाडौँ: नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।

११. राष्ट्रिय योजना आयोग (२०२०). नेपाल मानव विकास प्रतिवेदन -२०२०. काठमाडौँ: नेपाल सरकार, राष्ट्रिय योजना आयोग ।

१२. प्रदेश सरकार (२०७८/७९). प्रदेश सरकार वार्षिक प्रगति प्रतिवेदन -२०७८/७९. पोखरा: गण्डकी प्रदेश सरकार ।

१३. केन्द्रीय तथ्याङ्क (२०२१). उत्पादनमूलक उद्योगको विश्लेषणात्मक प्रतिबेदन-२०२१. काठमाण्डौः केन्द्रीय तथ्याङ्क विभाग ।

१४. NPC (2020) Nepal Sustainable Development Goals progress assessment report 2016-19, National Planning Commission: Singha Durbar, Kathmandu.

# अनुसूची १ः तथ्याङ्कसङ्कलन गर्ने प्रश्नावली

**नेपालमा दिगो विकास लक्ष्यसम्बन्धी प्रदेशगत सार्वजनिक खर्च खोजीनीति सर्वेक्षणःगण्डकी प्रदेश**

[SDG Based Public Expenditure Tracking Survey (PETS) of Gandaki Province in Nepal]

**दिगो विकास लक्ष्य ८ सम्बन्धी प्रस्तावित प्रश्नावली**

**मुख्य /समूह सूचनादाताको जानकारी**

| | | | |
|---|---|---|---|
| **नामः** | १.<br>२.<br>३.<br>४. | **तहः** | १.<br>२.<br>३.<br>४. |
| प्रदेश /स्थानीय तह्स् | | | |
| जिल्ला | | | |
| अन्तरवार्ता मिति | | | |

**मन्जुरीनामा**

मैले यस अध्ययनको उद्देश्य र यसको उपादेयताबारे स्पष्ट बुझेको छु। यसमा मैले स्वैच्छिक रूपमा यस अध्ययनको उत्तरदाताको रूपमा जाने बुझेको सबै जानकारी दिने निर्णय गरेको हुँ। यसमा मलाई कुनै जोखिम नरहेको बुझेको छु। मलाई कुनै द्विविधा रहेमा यस अध्ययनका टोली संयोजकसँग बुझ्न सक्छु।

सूचनादाताको हस्तक्षरः

नामः

सम्पर्क नम्वरः

मितिः

अन्तरवार्ता लिनेको हस्ताक्षरः

अन्तरवार्ता लिनेको नामः

दिविल ८ सम्बन्धी प्रश्नावाली

**सेवा प्रदायकको लागि मात्र** (Key Informant Interview: KII)

१. विगत चार वर्ष देखि दिविलको लक्ष्य ८ अथवा दिगो, समावेशी र दिगो आर्थिक बृद्धि, पूर्ण र उत्पादक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने सम्बन्धी क्षेत्रका कार्यक्रमहरू कसरी पहिचान गरी सञ्चालन गरिएको छरू ती कार्यक्रमहरूले दिविलको उद्देश्य पूरा गर्न के कस्तो सहयोग पुगेको छः(KII सबै सेवा प्रदायक)

| |
|---|
| २.वर्तमान सङ्घीय संरचना अनुरूप प्रदेशमा दिगो, समावेशी र दिगो आर्थिक बृद्धि, पूर्ण र उत्पादक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने सम्बन्धी क्षेत्रमा हुने वित्तीय स्रोतको प्रवाह बारे जानकारी गराउन सक्नुहुन्छरू अनुमोदित बजेट प्रक्रिया पूरा गरी खर्च गर्ने इकाई सम्म आइपुग्न कति समय लाग्छरू(खर्च गर्ने इकाई मात्र)? (खर्च गर्ने इकाई मात्र |
| ३.दिगो, समावेशी र दिगो आर्थिक बृद्धि, पूर्ण र उत्पादक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने अन्तर्गतका लक्ष्यहरू हासिल गर्नको निम्ति छुट्याएको स्रोत र साधनको प्रवृत्ति कस्तो छ ? (सबै) |
| ४.दिगो, समावेशी र दिगो आर्थिक बृद्धि, पूर्ण र उत्पादक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने क्षेत्रका ती कार्यक्रमहरू तथा यिनको सञ्चालनका लागि छुट्याइएको बजेटको पर्याप्तता बारे बताउन सक्नुहुन्छरू यदि अपर्याप्त रहेको भए कारणहरू बताउन सक्नुहुन्छ? (सबै) |
| ५. दिगो, समावेशी र दिगो आर्थिक बृद्धि, पूर्ण र उत्पादक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने सम्बन्धी क्षेत्रका लागि विनियोजित बजेट समयमै प्राप्त भएको थियोरू यदि नभएको भए के कारणले सो प्राप्त हुन नसकेको हो?(सम्बन्धित मन्त्रालय र स्थानीय तह) |
| ६.दिगो, समावेशी र दिगो आर्थिक बृद्धि, पूर्ण र उत्पादक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने सम्बन्धी क्षेत्रमा कार्यक्रम तर्जुमा तथा विनियोजित बजेटको खर्च गर्दा आइपरेका समस्याहरू के—के हुन्? (प्रदेशका सबै र स्थानीय तह, सबैनीति(नियम, खरिद प्रक्रिया, टेन्डर, संयुक्त स्वीकार्यताबारे विस्तृत जानकारी लिने) |
| ७.तोकिएको समयमा कार्यक्रमहरू सम्पन्न हुने गरेका छन् ? यदि छैनन् भने नहुनुका कारणहरू के—के हुन् ?मन्त्रालय र खर्च गर्ने इकाई) |
| ८.कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी वनाउन गरिएका नविनतम प्रयासहरू के—कस्ता छन् ?यसले कार्यक्रम प्रभावकारी रूपमा सम्पन्न गर्न कति सहयोग गरेको पाइयो ?साथै खर्च गर्ने क्षमतामा कस्तो प्रभाव पारेको छ ?-मन्त्रालय) |
| ९.बिद्यमान नियम र कानुनले कार्यक्रम कार्यान्वयनमा कति सहयोग गरेको छ ?यदि नियम वा कानुनले कार्यक्रम कार्यान्वयन को प्रभावकारीतामा असर पारेको छ भने के—के हुन् ?-मन्त्रालय) |
| १०.सिमग्रमा दिगो, समावेशी र दिगो आर्थिक बृद्धि, पूर्ण र उत्पादक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने सँग सम्बन्धित कार्यक्रमले प्राप्त गरको उपलब्धिलाई कसरी मुल्याङ्कन गर्नु हुन्छ ?लक्षित उदेश्य हासिल गर्न कार्यक्रमहरू कति सफल रहे ?कार्यक्रमले प्राप्त गरेका मुख्य उपलब्धिहरू के—के हुन (मन्त्रालय र कार्यान्वयन गर्ने इकाई) |
| ११.विगत ४ वर्षमा दिगो, समावेशी र दिगो आर्थिक बृद्धि, पूर्ण र उत्पादक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने अन्र्तगत सञ्चालित कार्यक्रमहरू २०३० सम्म लक्षित गरिएका उदेश्य हासिलगर्ने दिशामा उन्नमुख छन् ?यदि छैनन् भने के ‘के गर्नु पर्दछ (मन्त्रालय) |
| **लाभग्राहीको लागि मात्र (Focus Group Discussion FGD)** |
| १.दिगो, समावेशी र दिगो आर्थिक बृद्धि, पूर्ण र उत्पादक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने सम्बन्धी कार्यक्रम सञ्चालन गर्नु भन्दा अघि यहाँको अवस्था कस्तो थियो ? |
| २.दिगो, समावेशी र दिगो आर्थिक बृद्धि, पूर्ण र उत्पादक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने सम्बन्धी कार्यक्रम ले के कस्ता उपलब्धि (लाभरहानी )हरू सृजना गरेको छ? |

| |
|---|
| ३.दिगो, समावेशी र दिगो आर्थिक बृद्धि, पूर्ण र उत्पादक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्नेसम्बन्धी कार्यक्रमले यहाँको आर्थिक सामाजिक जिवनमा के कस्ता प्रभाव पारेको छ |
| ४.दिगो, समावेशी र दिगो आर्थिक बृद्धि, पूर्ण र उत्पादक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्नेसम्बन्धी हाल सञ्चालित कार्यक्रमले दिगो रूपमा समस्या सावधान गर्न सहयोग पुग्छ ?यदि पुग्दैन भने के गर्नु पर्ला ? |

| **दिविल ९ सँग सम्बन्धित प्रश्नावली**<br>**सेवा प्रदायकको लागि मात्र (Key Informant Interview)** |
|---|
| १.विगत चार वर्ष देखि दिविलको लक्ष्य ९ अथवा उद्योग, नवप्रवर्तन र पूर्वाधार (समानुकुलित र उत्थानशिल पूर्वाधारहरू निर्माण, समावेशी र दिगो औद्योगिकिकरण प्रवर्द्धन र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने)सम्बन्धी क्षेत्रका कार्यक्रमहरू कसरी पहिचान गरी सञ्चालन गरिएको छ ? ती कार्यक्रमहरूले दिविलको उद्देश्य पूरा गर्न के कस्तो सहयोग पुगेको छ ? (KII सबै सेवा प्रदायक) |
| २.वर्तमान सङ्घीय संरचना अनुरूप प्रदेशमा उद्योग, नवप्रवर्तन र पूर्वाधार (समानुकुलित र उत्थ्थानशिल पूर्वाधारहरू निर्माण, समावेशी र दिगो औद्योगिकिकरणको प्रवर्द्धन र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने) सम्बन्धी क्षेत्रमा हुने वित्तीय स्रोतको प्रवाह बारे जानकारी गराउन सक्नुहुन्छ? अनुमोदित बजेट प्रक्रिया पूरा गरी खर्च गर्ने इकाई सम्म आइपुग्न कति समय लाग्छहरू(खर्च गर्ने इकाई मात्र)? |
| ३.उद्योग, नवप्रवर्तन र पूर्वाधार (समानुकुलित र उत्थ्थानशिल पूर्वाधारहरू निर्माण, समावेशी र दिगो औद्योगिकिकरण प्रवर्द्धन र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने) अन्तर्गतका लक्ष्यहरू हासिल गर्नको निम्ति छुट्याएको स्रोत र साधनको प्रवृत्ति कस्तो छ ?(सबै) |
| ४.उद्योग,नवप्रवर्तन र पूर्वाधार (समानुकुलित र उत्थ्थानशिल पूर्वाधारहरू निर्माण, समावेशी र दिगो औद्योगिकिकरणको प्रवर्द्धन र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने) सम्बन्धी क्षेत्रका ती कार्यक्रमहरू तथा यिनको सञ्चालनका लागि छुट्याइएको बजेटको पर्याप्तता बारे बताउन सक्नुहुन्छ? यदि अपर्याप्त रहेको भए कारणहरू बताउन सक्नुहुन्छ?(सबै) |
| ५.उद्योग, नवप्रवर्तन र पूर्वाधार (समानुकुलित र उत्थ्थानशिल पूर्वाधारहरू निर्माण, समावेशी र दिगो औद्योगिकिकरणको प्रवर्द्धन र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने)व्यवस्थापन सम्बन्धी क्षेत्रका लागि विनियोजित बजेट समयमै प्राप्त भएको थियो? यदि नभएको भए के कारणले सो प्राप्त हुन नसकेको होरू(मन्त्रालय र स्थानीय तह) |
| ६.उद्योग, नवप्रवर्तन र पूर्वाधार (समानुकुलित र उत्थ्थानशिल पूर्वाधारहरू निर्माण, समावेशी र दिगो औद्योगिकिकरणको प्रवर्द्धन र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने) व्यवस्थापन सम्बन्धी क्षेत्रमा कार्यक्रम तर्जुमा तथा विनियोजित बजेटको खर्च गर्दा आइपरेका समस्याहरू के–के हुन् ?(प्रदेशका सबै र स्थानीय तहसबैनीति(नियम, खरिद प्रक्रिया, टेन्डर, संयुक्त स्वीकार्यताबारे विस्तृत जानकारी लिने)। |
| ७.तोकिएको समयमा कार्यक्रमहरू सम्पन्न हुने गरेका छन् ?यदि छैनन् भने नहुनुका कारणहरू के–के हुन् ?(मन्त्रालय र खर्च गर्ने इकाई) |

| |
|---|
| ८.कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी वनाउन गरिएका नविनतम प्रयासहरू के—कस्ता छन् ?यसले कार्यक्रम प्रभावकारी रूपमा सम्पन्न गर्न कति सहयोग गरेको पाइयो ?साथै खर्च गर्ने क्षमतामा कस्तो प्रभाव पारेको छ ?(मन्त्रालय) |
| ९.बिद्यमान नियम र कानुनले कार्यक्रम कार्यान्वयनमा कति सहयोग गरेको छ ?यदि नियम वा कानुनले कार्यक्रम कार्यान्वयन को प्रभावकारीतामा असर पारेको छ भने के—के हुन् ?(मन्त्रालय) |
| १०.समग्रमा उद्योग, नवप्रवर्तन र पूर्वाधार (समानुकुलित र उत्थ्थानशिल पूर्वाधारहरू निर्माण, समावेशी र दिगो औद्योगिकिकरणको प्रवर्द्धन र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने) सँग सम्बन्धित कार्यक्रमले प्राप्त गरको उपलब्धिलाई कसरी मुल्याङ्कन गर्नु हुन्छ ?लक्षित उदेश्य हासिल गर्न कार्यक्रमहरू कति सफल रहे ? कार्यक्रमले प्राप्त गरेका मुख्य उपलब्धिहरू के—के हुन ?(मन्त्रालय र कार्यान्वयन गर्ने इकाई) |
| ११.विगत ४ वर्षमा उद्योग, नवप्रवर्तन र पूर्वाधार (समानुकुलित र उत्थ्थानशिल पूर्वाधारहरू निर्माण, समावेशी र दिगो औद्योगिकिकरणको प्रवर्द्धन र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने) अन्तगत सञ्चालित कार्यक्रमहरू २०३० सम्म लक्षित गरिएका उदेश्य हासिलगर्ने दिशामा उन्नमुख छन् ?यदि छैनन् भने के के गर्नु पर्दछ ?(मन्त्रालय) |
| **लाभग्राहीको लागि मात्र (Focus Group Discussion FGD)** |
| १.उद्योग, नवप्रवर्तन र पूर्वाधार (समानुकुलित र उत्थ्थानशिल पूर्वाधारहरू निर्माण, समावेशी र दिगो औद्योगिकिकरणको प्रवर्द्धन र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने) कार्यक्रम सञ्चालन गर्नु अघि यहाँको अवस्था कस्तो थियो ? |
| २.उद्योग, नवप्रवर्तन र पूर्वाधार (समानुकुलित र उत्थ्थानशिल पूर्वाधारहरू निर्माण, समावेशी र दिगो औद्योगिकिकरणको प्रवर्द्धन र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने) सँग सम्बन्धित कार्यक्रमले के कस्ता उपलब्धि (लाभरहानी)हरू सृजना गरेको छ ? |
| ३.उद्योग, नवप्रवर्तन र पूर्वाधार (समानुकुलित र उत्थ्थानशिल पूर्वाधारहरू निर्माण, समावेशी र दिगो औद्योगिकिकरणको प्रवर्द्धन र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने) सम्बन्धित कार्यक्रमले यहाँको आर्थिक सामाजिक जिवनमा के कस्ता प्रभाव पारेको छ ? |
| ४.उद्योग,नवप्रवर्तन र पूर्वाधार (समानुकुलित र उत्थ्थानशिल पूर्वाधारहरू निर्माण, समावेशी र दिगो औद्योगिकिकरणको प्रवर्द्धन र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने) सँग सम्बन्धित हाल सञ्चालित कार्यक्रमले दिगो रूपमा समस्या सावधान गर्न सक्छ ? यदि सक्दैन भने के गर्नु पर्ला ? |

**समयको लागि धन्यवाद।**

# अनुसूची २: गण्डकी प्रदेशमा सरोकारवाला निकायबीचको छलफलको उपस्थित विवरण

## बैठकका सहभागीको विवरण

| क्रम | पद | कार्यालय |
|---|---|---|
| १ | माननीय उपाध्यक्ष | प्रदेश नीति तथा योजना आयोग |
| २ | माननीय सदश्य | पर्यटन, उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय |
| ३ | माननीय सदश्य | पर्यटन, उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय |
| ४ | आधिकृत | पर्यटन तथा उद्योग मन्त्रालय |
| ५ | अधिकृत | शिक्षा, संस्कृत, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ६ | उपसचिव | शिक्षा, संस्कृत, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ७ | सिडीइ | भौतिक पूर्वाधार कार्यालय |
| ८ | लेखा अधिकृत | भौतिक पूर्वाधार कार्यालय |
| ९ | उप सचिब लेखा | पोखरा महानगरपालिका |
| १० | उपसचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ११ | प्र. रो. नि. | कोष तथा लेखा नियन्त्रण कार्यालय |

# अनुसूची ३: २०७८/७९ दिविल अनुसार पूर्ण सङ्केतिकरण गर्दाको स्थिति

| विवरण | दिगो विकास लक्ष्यहरू | गतिविधिहरूको सङ्ख्या |
|---|---|---|
| अन्नपूर्ण गाउँपालिका | १७ | ३ |
| अन्नपूर्ण पोलिटेक्निक इन्स्टिच्युट कास्की | ४ | ९४ |
| अर्जुन चौपारी गाउँपालिका | १७ | १ |
| अर्थ मन्त्रालय | १६ | १३२ |
| आँधिखोला बहु-प्राविधिक शिक्षालय | ४ | १०४ |
| आन्तरिक मामिला मन्त्रालय | १६ | ६० |
| उद्योग वाणिज्य तथा उपभोक्ता हकहित संरक्षण निर्देशनालय | ९ | ४४ |
| ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय | ७ | ७३ |
| कानुन, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय | १६ | ९५ |
| कालिगण्डकी बहुप्राविधिक शिक्षालय, तनहुँ | ४ | १०६ |
| किसान प्राविधिक तथा व्यवसायिक शिक्षालय | ४ | ११६ |
| कृषिज्ञान केन्द्र तनहुं | २ | ११७ |
| कृषिज्ञान केन्द्र स्याङजा | २ | ९८ |
| कृषिज्ञान केन्द्र, कास्की | २ | १०७ |
| कृषिज्ञान केन्द्र, गोरखा | २ | १२८ |
| कृषिज्ञान केन्द्र, नवलपूर | २ | ९५ |
| कृषिज्ञान केन्द्र, पर्वत | २ | ८६ |
| कृषिज्ञान केन्द्र, बाग्लुङ | २ | १११ |
| कृषिज्ञान केन्द्र, मनाङ | २ | १०३ |
| कृषिज्ञान केन्द्र, मुस्ताङ | २ | ८७ |
| कृषिज्ञान केन्द्र, म्याग्दी | २ | ९४ |
| कृषिज्ञान केन्द्र, लमजुङ | २ | ९२ |
| कृषि विकास निर्देशनालय, पोखरा | २ | ८३ |
| कृषि विकास स्रोत केन्द्र | २ | ५६ |
| कृषिव्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, पोखरा | २ | ५५ |
| क्षेत्रीयक्षयरोग उपचार केन्द्र | ३ | ७३ |
| खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय | ६ | १,९९९ |
| खानेपानी, जलस्रोत तथा सिंचाई विकास डिभिजन | ६ | १३७ |
| खानेपानी, जलस्रोत तथा सिंचाई विकास सव-डिभिजन | ६ | २१५ |
| गण्डकीअञ्चल आयुर्वेद औषधालय | ३ | ७७ |
| गण्डकी गाउँपालिका | १७ | १ |
| गण्डकी प्रज्ञा प्रतिष्ठान | १६ | ५२ |
| गण्डकी प्रदेश खेलकुद परिषद | ४ | ६२ |
| गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान | १६ | १७६ |

| विवरण | दिगो विकास लक्ष्यहरू | गतिविधिहरूको सङ्ख्या |
|---|---|---|
| गण्डकी प्रदेश प्रहरी कार्यालय | १६ | ४ |
| गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान | ४ | ५२ |
| गण्डकी प्राविधिक प्रतिष्ठान | ४ | ४५ |
| गण्डकी विश्वविद्यालय | ४ | २ |
| गोरखा जिल्ला अस्पताल | ३ | ७० |
| गोरखा पोलिटेक्निक इन्सिच्युट | ४ | ११६ |
| ग्रामिण तालिम केन्द्र | ४ | १०२ |
| घरपझोङ गाउँपालिका | १७ | १ |
| घरेलु तथा साना उद्योग कार्यालय, गोरखा | ८ | ५५ |
| घरेलु तथा साना उद्योग कार्यालय, तनहुँ | ८ | ६३ |
| घरेलु तथा साना उद्योग कार्यालय, पर्वत | ८ | ६० |
| घरेलु तथा साना उद्योग कार्यालय, बर्दघाट सुस्ता पुर्व | ८ | ५७ |
| घरेलु तथा साना उद्योग कार्यालय, बाग्लुङ | ८ | ८२ |
| घरेलु तथा साना उद्योग कार्यालय, मनाङ | ८ | ४५ |
| घरेलु तथा साना उद्योग कार्यालय, मुस्ताङ | ८ | ४३ |
| घरेलु तथा साना उद्योग कार्यालय, म्याग्दी | ८ | ५० |
| घरेलु तथा साना उद्योग कार्यालय, लमजुङ | ८ | ५६ |
| घरेलु तथा साना उद्योग कार्यालय, स्याङ्गजा | ८ | ५९ |
| घरेलु तथा साना उद्योग कार्यालय,कास्की | ८ | ७३ |
| घिरिङ गाउँपालिका | १७ | १ |
| चामे गाउँपालिका | १७ | १ |
| जलजला गाउँपालिका | १७ | १ |
| जल स्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय | २ | १,९९९ |
| जिल्ला अस्पताल स्याङ्जा | ३ | ८७ |
| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | ३ | ६७४ |
| जिल्ला समन्वय समिति कास्की | १७ | १ |
| जिल्ला समन्वय समिति गोरखा | १७ | १ |
| जिल्ला समन्वय समिति तनहुँ | १७ | १ |
| जिल्लासमन्वय समिति नवलपुर | १७ | १ |
| जिल्ला समन्वय समिति पर्वत | १७ | १ |
| जिल्ला समन्वय समिति बाग्लुङ | १७ | १ |
| जिल्ला समन्वय समिति मनाङ | १७ | १ |
| जिल्ला समन्वय समिति मुस्ताङ | १७ | १ |
| जिल्ला समन्वय समिति म्याग्दी | १७ | १ |
| जिल्ला समन्वय समिति लमजुङ | १७ | १ |
| जिल्ला समन्वय समिति स्याङ्जा | १७ | १ |

| विवरण | दिगो विकास लक्ष्यहरू | गतिविधिहरूको सङ्ख्या |
|---|---|---|
| डिभिजन वन कार्यालय | १५ | ४८४ |
| डिभिजन वन कार्यालय, बर्दघाट सुस्ता पुर्व | १५ | २०३ |
| डिभिजन वन कार्यालय, बाग्लुङ्ग | १५ | १५५ |
| डिभिजन वन कार्यालय, मनाङ्ग | १५ | १३७ |
| डिभिजन वन कार्यालय, मुस्ताङ्ग | १५ | १२० |
| डिभिजन वन कार्यालय, म्याग्दी | १५ | १६१ |
| डिभिजन वन कार्यालय, स्याङ्गजा | १५ | १४९ |
| डिभिजन वन कार्यालय, पर्वत | १५ | १५७ |
| ढोरपाटन नगरपालिका | १७ | १ |
| तनहुँ प्राविधिक शिक्षालय, तनहुँ | ४ | १०८ |
| ताराखोला गाउँपालिका | १७ | १ |
| ताल संरक्षण तथा विकास प्राधिकरण | १३ | ४१ |
| थासाङ गाउँपालिका | १७ | १ |
| दमौली अस्पताल | ३ | ६९ |
| धवलागिरी गाउँपालिका | १७ | १ |
| धवलागिरी प्राविधिक शिक्षालय | ४ | १२२ |
| धार्चे गाउँपालिका | १७ | १ |
| धौला गिरीअञ्चल अस्पताल | ३ | ८६ |
| धौला गिरीअञ्चल आयुर्वेद औषधालय | ३ | ७१ |
| धौलागिरी पोलिटेक्निक इन्स्टिच्युट | ४ | १२४ |
| नासोङ गाउँपालिका | १७ | १ |
| पर्यटन कार्यालय पोखरा | ८ | ५७ |
| पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ९ | ७६ |
| पर्वत जिल्ला अस्पताल | ३ | ७१ |
| पशुसेवा तालिम केन्द्र, पोखरा | २ | ७० |
| पशुपंक्षीतथा मत्स्य विकास निर्देशनालय, पोखरा | २ | ७० |
| पालुङटार नगरपालिका | १७ | २ |
| पुतलीबजार नगरपालिका | १७ | १ |
| पूर्वाधार विकास कार्यालय, कास्की | ९ | ९०९ |
| पूर्वाधार विकास कार्यालय, गोरखा | ९ | ४४१ |
| पूर्वाधार विकास कार्यालय, तनहुँ | ९ | ४५७ |
| पूर्वाधार विकास कार्यालय, पर्वत | ९ | ३७६ |
| पूर्वाधार विकास कार्यालय, बर्दघाट सुस्ता पुर्व | ९ | ४८७ |
| पूर्वाधार विकास कार्यालय, बाग्लुङ्ग | ९ | ५०९ |
| पूर्वाधार विकास कार्यालय, मनाङ्ग | ९ | १३५ |
| पूर्वाधार विकास कार्यालय, मुस्ताङ्ग | ९ | ११६ |

| विवरण | दिगो विकास लक्ष्यहरू | गतिविधिहरूको सङ्ख्या |
|---|---|---|
| पूर्वाधार विकास कार्यालय, म्याग्दी | ११ | १६९ |
| पूर्वाधार विकास कार्यालय, लम्जुङ | ११ | २३८ |
| पूर्वाधार विकास कार्यालय, स्याङ्जा | ११ | ४४२ |
| पूर्वाधार विकास निर्देशनालय | ९ | ६५ |
| पोखरा प्राविधिक शिक्षालय | ४ | ११४ |
| पोखरा महानगरपालिका | १७ | १ |
| प्रदेश जनस्वास्थ्य प्रयोगशाला | ३ | ४६ |
| प्रदेश नीति तथा योजना आयोग, कास्की | १६ | ६७ |
| प्रदेश लेखा ईकाइ कार्यालय, कास्की | १६ | ४ |
| प्रदेश लेखा ईकाइ कार्यालय, गोरखा | १६ | ३७ |
| प्रदेश लेखा ईकाइ कार्यालय, तनहुँ | १६ | ४३ |
| प्रदेश लेखा ईकाइ कार्यालय, पर्वत | १६ | ३३ |
| प्रदेश लेखा ईकाइ कार्यालय, बर्दघाट सुस्ता पुर्व | १६ | ३४ |
| प्रदेश लेखा ईकाइ कार्यालय, बाग्लुङ | १६ | ४४ |
| प्रदेश लेखा ईकाइ कार्यालय, मनाङ | १६ | १७ |
| प्रदेश लेखा ईकाइ कार्यालय, मुस्ताङ | १६ | २२ |
| प्रदेश लेखा ईकाइ कार्यालय, म्याग्दी | १६ | २१ |
| प्रदेश लेखा ईकाइ कार्यालय, लमजुङ | १६ | ३२ |
| प्रदेश लेखा ईकाइ कार्यालय, स्याङ्जा | १६ | ४० |
| प्रदेश लेखा नियन्त्रक कार्यालय | १६ | ६९ |
| प्रदेशलोक सेवा आयोग, गण्डकी प्रदेश | १६ | ६४ |
| प्रदेश संग्रालय गण्डकी प्रदेश, पोखरा | ८ | ४७ |
| प्रदेशसभा सचिवालय | १६ | ११३ |
| प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | ३ | १२० |
| प्राविधिक प्रतिष्ठान | ४ | १ |
| प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, गण्डकी प्रदेश, प्रदेश कार्यालय | ४ | १०८ |
| फेदीखोला गाउँपालिका | १७ | १ |
| बन्दिपुर गाउँपालिका | १७ | १ |
| बागवानी विकास स्रोत केन्द्र | २ | ६२ |
| बारपाक पोलिटेक्निक इष्टिच्यूट गोरखा | ४ | १०६ |
| बाली संरक्षण प्रयोगशाला, बिरौटा, पोखरा १७, कास्की | २ | ७१ |
| बीउविजन प्रयोगशाला, पोखरा | २ | ४८ |
| बेनी अस्पताल | ३ | ८४ |
| बौदीकाली गाउँपालिका | १७ | १ |
| भानु नगरपालिका | १७ | १ |
| भिमसेन गाउँपालिका | १७ | १ |

| विवरण | दिगो विकास लक्ष्यहरू | गतिविधिहरूको सङ्ख्या |
|---|---|---|
| भीरकोट नगरपालिका | १७ | २ |
| भूमिगतजलस्रोत तथा सिंचाई कार्यालय | २ | १२५ |
| भू तथाजलाधार व्यवस्थापन कार्यालय | १३ | २४९ |
| भूमिव्यवस्था, कृषि, सहकारी तथा गरीबी निवारण मन्त्रालय | १ | १७४ |
| भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पोखरा | २ | ८३ |
| भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, लमजुङ | २ | ८४ |
| भेटेरीनरी अस्पताल तथा पशु विज्ञ केन्द, मनाङ | २ | ७३ |
| भेटेरीनरी अस्पताल तथा पशु विज्ञ केन्द, मुस्ताङ | २ | ७८ |
| भेटेरीनरी अस्पताल तथा पशु विज्ञ केन्द्र, नवलपूर | २ | ७९ |
| भेटेरीनरी अस्पताल तथा पशु विज्ञ केन्द्र, पर्वत | २ | ७८ |
| भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बाग्लुङ | २ | ७६ |
| भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, गोरखा | २ | ९४ |
| भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, तनहुं | २ | ८७ |
| भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, म्याग्दी | २ | ७१ |
| भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, स्याङजा | १ | ७८ |
| भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय | ११ | ५७ |
| मत्स्य विकास केन्द्र, मिर्मी | २ | ६० |
| मध्यविन्दु जिल्ला अस्पताल | ३ | ७० |
| मनाङ जिल्ला अस्पताल | ३ | ५७ |
| माटोतथा मल परीक्षण प्रयोगशाला, बिरौटा, कास्की | २ | ६६ |
| मातृशिशु मितेरी अस्पताल | ३ | ७६ |
| मालपोत कार्यालय गोरखा | १६ | २ |
| मालपोत कार्यालय तनहुँ | १६ | ३ |
| मालपोत कार्यालय नवलपूर | १६ | ५ |
| मालपोत कार्यालय पर्वत | १६ | ४ |
| मालपोत कार्यालय पोखरा, कास्की | १६ | ४ |
| मालपोत कार्यालय बुर्तिवाङ | १६ | १ |
| मालपोत कार्यालय मनाङ | १६ | १ |
| मालपोत कार्यालय मुस्ताङ | १६ | १ |
| मालपोत कार्यालय म्याग्दी | १६ | ३ |
| मालपोत कार्यालय लमजुङ | १६ | ४ |
| मालपोत कार्यालय लेखनाथ, कास्की | १६ | ४ |
| मालपोत कार्यालय वालिङ, स्याङ्जा | १६ | ४ |
| मालपोत कार्यालय सिर्दिवास, गोरखा | १६ | १ |
| मालपोत कार्यालय स्याङजा | १६ | ४ |
| मुख्यन्यायाधिवक्ताको कार्यालय | १६ | ६२ |

| विवरण | दिगो विकास लक्ष्यहरू | गतिविधिहरूको सङ्ख्या |
|---|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १६ | २५२ |
| मुस्ताङ जिल्ला अस्पताल | ३ | ६१ |
| यातायात व्यवस्था कार्यालय नवलपरासी (वर्दघाट सुस्ता पूर्व) | ९ | ४९ |
| यातायात व्यवस्था कार्यालय, वाग्लुङ | ९ | ५८ |
| यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमति पत्र, पोखरा | ९ | ४८ |
| यातायात व्यवस्था कार्यालय, सवारी, कास्की | ९ | ४२ |
| यातायात व्यवस्था सेवा कार्यालय, डुम्रे | ९ | १८ |
| युवातथा खेलकुद मन्त्रालय | ४ | २९० |
| राइनास पोलिटेक्निक इष्टिच्यूट लमजुङ | ४ | १०६ |
| रोजगार सूचना केन्द्र, पोखरा | ८ | ३६ |
| वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | १५ | ५८ |
| वन निर्देशनालय | १५ | ५३ |
| वन, वातावरण तथा भूसंरक्षण मन्त्रालय | १५ | १०६ |
| वालिङ नगरपालिका | १७ | २ |
| वारगुङ मुक्तिक्षेत्र गाउँपालिका | १७ | १ |
| व्यवसायिक किट विकास केन्द्र | २ | ६३ |
| व्यवसायिक तथा सीप विकास कार्यालय, पोखरा | ४ | ५४ |
| व्यवसायिक तथा सीप विकास कार्यालय, पोखरा | ४ | ५७ |
| व्यास नगरपालिका | १७ | १ |
| सहरी विकास तथा भवन कार्यालय, कास्की | ११ | ६५ |
| शिक्षा तालिम केन्द्र, दमौली | ४ | ४९ |
| शिक्षा विकास निर्देशनालय, गण्डकी प्रदेश, पोखरा | ४ | ३५ |
| शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय | ४ | १४७ |
| संक्रामक तथा सरूवा रोग अस्पताल | ३ | ८५ |
| सवारी परीक्षण कार्यालय, कास्की | १३ | ३३ |
| सहकारी रजिष्ट्रारको कार्यालय | १६ | ४९ |
| सामाजिक विकास कार्यालय | ४ | ९४७ |
| स्वास्थ्य कार्यालय | ३ | १,३९४ |
| स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | ३ | १६४ |
| स्वास्थ्यतालिम केन्द्र | ३ | १४३ |
| स्वास्थ्य निर्देशनालय | ३ | १६७ |
| हुप्सेकोट गाउँपालिका | १७ | १ |

**प्रकाशकः**
प्रदेश नीति तथा योजना आयोग
गण्डकी प्रदेश, पोखरा, नेपाल
फोनः (+९७७) ०६१-४५२६७२
इमेलः ppcgandaki@gmail.com
वेबः ppc.gandaki.gov.np